दायित्व

(साहित्यिक मासिक)

वर्ष १८ /पूर्णाङ्क ४९ /असार २०६१

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४८३४२६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोगी
कमल ज्ञवाली/विष्णु ज्ञवाली 'शास्त्री'
अरुण खत्री 'नदी'

आवरण सज्जा
राजेश मानन्धर

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

कार्यालयः
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

सहयोग
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २०/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

कम्प्युटर सेटिङ : राजु तिवारी
मुद्रण : चावहिल अफसेट प्रेस, प्रधान कार्यालय बसुन्धरा, फोन नं- ४-३५५९४४, ४-४८६७८६

सम्पादकीय

हाम्रो राष्ट्रिय भाषा र संस्कृतिका केही कुरा :

☞ पूर्वीय सभ्यता र संस्कृतिप्रति गर्व गर्ने प्रत्येक नेपालीले अब सोच्नुपर्ने बेला के आएको छ भने हामीले यो प्राचीन सभ्यता र संस्कृति बचाउनको लागि केही गरेका छौं कि छैनौं ! यसलाई चिरकालपर्यन्त सुस्थीर बनाई नयाँ पिँढीलाई पनि चैतन्यबोध गराउन आफ्नो परिश्रम लगाएका छौं कि छैनौं ! के आफ्नै अहम् र आडम्बरमा पूर्वीय दर्शन र विचारको भारी बोकेर कतै अरू कसैलाई काँध थाप्न दिनबाट कञ्जुस्याइँ त गरिरहेका छैनौं ! यदि यो गल्ती गरेका छौं भने पाश्चात्य पपगीत र बारडान्सको अतिक्रमणमा हाम्रो पूर्वीय दर्शन र लोक संस्कृति थिचिएर थिलोथिलो पर्नेछ र उठाउन खोजेर उठ्न सक्ने छैन ।

☞ आजका कति विद्वान् लेखकहरूले अङ्ग्रेजी भाषामा लेख्न सकेकोमा गर्व गर्छन् र अङ्ग्रेजीमै भाषण छाँट्न पाएकोमा पुरुषार्थ ठान्छन् । तर तिनीहरू यो कुरा बुझ्दैनन् या बुझ्ने प्रयास गर्दैनन् कि मैले आफ्नो विद्या वा विद्वता कति जनालाई बाँड्न सकें ? तिनीहरूले त्यसबेला यो पनि भुलेका हुन्छन् कि मेरो जन्म कुन ठाँउमा कुन गाउँमा भएको हो ! मेरा मातापिता को हुन् र म हुर्के बढेको र मैले पढेको विद्या कुन हो ! म बाँचेको समाजको भाषा, धर्म र संस्कृति कुन हो ! त्यो अहिले कुन अवस्थामा छ र के चाहना राख्दैछ त्यस समाजले !

☞ हामीले यो बुझेका छैनौं कि हामीभित्र मणि छ । त्यसैले कस्तुरी मृगजस्तै कस्तुरीको खोजमा अन्दाधुन्ध कुँदिरहेका छौं हामी । अर्काको देशमा गएर फोहोर सोर्न तयार हुन्छौं तर आफ्नै मातृभूमिमा बसेर कर्म गर्न लाज मान्छौं हामी । हामीले बुझेका छैनौं कि हाम्रो देश नकुँदिएको हिरा हो । अहिले काँचै छ यो हिरा । कुँदन बाँकी छ यस हिरालाई । दक्ष कालीगढको खाँचो छ हामीलाई र यो दक्षता र सीप हामी आफ्नै परिश्रमबाट आर्जन गर्न सक्छौं ।

☞ हामीले आफ्नो देशलाई माया गर्छौं भने सबभन्दा पहिले आफू जन्मेको गाउँ-ठाउँ, आफ्ना मातापिता, आफ्नो संस्कृति र आफ्नो भाषिकालाई बिर्सनु हुन्न । हामी सचेत छौं र केही गर्ने ऑट जीवित राख्छौं भने आफ्नो गाउँको माया गर्दैमा, आफ्नो संस्कृतिप्रति आस्था राख्दैमा र आफ्नो राष्ट्रिय भाषामा बोलिचालि गर्दैमा वा लेख्दैमा पछाडि परिंदैन । आफ्नो भाषा समृद्ध भएपछि मात्र राष्ट्रभाषा वा विश्वभाषातर्फ लाग्नु उपयुक्त हुन्छ ।

☞ विश्व मानचित्र पल्टायौं भने हामी बुझ्न सक्छौं- कति कवि लेखकहरू सहरमा जन्मेका थिए र कति गाउँमा । यसबारे अनुसन्धान गर्ने हो भने धेरै कवि लेखकहरू गाउँमै जन्मेका भेटिनेछन् र तिनीहरूले गाउँकै प्राकृत परिवेशबाट प्रभावित भएर लेख्न थालेका पाइनेछन् ।

कवित्व हृदय पगालिदिने लेखकीय बीज प्रस्फुटित गरिदिने गाउँ पहाडकै नदीनाला र झरना हुन्, गाउँबेशी चौतारी र भञ्ज्याङ् हुन्, चराका कलरब र कृषकका पसिना हुन् ।

☞ ती विश्वविख्यात कवि लेखकहरूले आफ्नो मातृभूमिलाई भुलेका छैनन्, आफ्नो राष्ट्रिय भाषालाई बिर्सेका छैनन् र लेखेका छन् आफ्नै राष्ट्रिय भाषामा, आफ्नै मातृभूमिको गुणगान । ती ख्यातनामा कविहरूले लेखेका राष्ट्रिय भाषाका लेखहरू राष्ट्रभाषामा उल्था गरिए र राष्ट्रभाषामा रूपान्तरित ती लेखहरू पुनः विश्व मान्यताप्राप्त अन्य भाषाहरूमा अनुवाद गरिँदै गए । फलस्वरुप उनीहरू विश्व मानचित्रमा चिनिन थाले । उदाहरणका लागि केही चर्चित साहित्यकारहरूको नाम लिनुपर्दा रवीन्द्रनाथ टैगोर, दस्तोवेस्की, चेखव, तुर्गेनेभ र गतबर्षका नोबल पुरस्कार बिजेता जोन म्याक्सवेल कोएट्जी पर्याप्त छन् ।

☞ हामीले मनन गर्नुपर्ने विषय पनि यही हो कि हामी अनुवाद पद्धतिमा धेरै पछिपरेका छौँ । हामीलाई विश्व साहित्यको समकक्षमा अनुष्ठित हुन नसकेको महशुस भइरहेको छ । तर हामी आफ्नो संस्कृति र साहित्यमा गरिब छैनौँ । हाम्रो संस्कृति उन्नत छ, हाम्रो साहित्य महान् छ, यसको संरक्षण र सबर्द्धन गर्ने पद्धति र विकासको बाटो मात्र फरक परेको हो । त्यसैले हामीले बुझ्नुपर्दछ कि अङ्ग्रेजी भाषा बोलिँदैमा वा लेखिँदैमा आधुनिक बनिदैन । बरू आफ्नो राष्ट्रिय भाषा र मौलिक संस्कृतिलाई भुलेर आधुनिक बन्ने नाटक गऱ्यौँ भने हामी हुनुको अस्तित्व हामीसँग रहने छैन । हामी उभिने ठाउँ हामीसँग रहने छैन । हामी बाँच्ने आधार हामीसँग रहने छैन । हाम्रो मौलिक पहिचान हामीसँग रहने छैन । समग्ररूपमा हामी अपाङ्ग हुनेछौँ ।

दायित्व प्रकाशनका केही कुरा :

☞ अब हामी 'दायित्व'को स्वर्णअङ्क प्रकाशित गर्ने निकटम बिन्दुमा पुगिसकेका छौँ । आगामी अङ्क स्वर्ण अङ्कको रुपमा प्रस्तुत हुनेछ । यसका लागि हामीले थोरै तर विविध विधाका गहन एवं खोजपूर्ण लेखहरू प्रकाशित गर्नेछौँ, जुन रचनाहरूले कुनै पनि विधामा अध्ययन अनुसन्धान गर्नेहरूलाई मार्गदर्शन गर्न सकोस् र साहित्यका पाठकहरूले पनि गहकिलो खुराक प्राप्त गर्न सकून् ।

☞ अन्तमा : दायित्व वाङ्मय प्रतिष्ठानले विगतमा गर्दै आएका उल्लेखनीय कार्यहरूको कदर गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा रु ५० हजार सहयोग प्राप्त भएकोमा उक्त मन्त्रालय प्रति धन्यवाद प्रकट गर्दछौँ । साथै उक्त सहयोग प्राप्त हुनुमा 'दायित्व' लाई माया गर्ने सम्पूर्ण साहित्यप्रेमीहरूको पनि भावनात्मक सहयोग छ भन्ने कुरालाई पनि हामीले बिर्सेका छैनौँ । तसर्थ प्रत्यक्षाप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण दायित्वप्रेमी महानुभावहरूमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ ।

दायित्व

विविध विधागत रचना-क्रमः

कथा / लघुकथा

बाचा	१९	विश्वराज पाण्डे
औपचारिकता	२६	जोतारे धाईंबा
नेपाल चिनाउने उद्घोष	२७	रामप्रसाद पन्त
आत्मग्लानी	३२	विदुर चालिसे
आतङ्ककारीहरूको मृत्यु	३५	डा. घनश्याम 'परिश्रमी'
बुढेसकालको प्रेमी	३७	सागर 'मणि' थापा
धनी-गरिब	४२	इन्द्रकुमार श्रेष्ठ
आस्था	५६	जयन्ती 'स्पन्दन'
अर्को एउटा प्रेमको कथा	५७	नवलकुमार ठकुरी

समीक्षा / समालोचना

'जराको स्वर' छत्तीस गोचरमा	५	अर्जुन विरक्ति
कविवरमा हिन्दीमोह र राजनीति	११	गुणराज काफ्ले 'शाण्डिल्य'
सीतायन महाकाव्यको	२२	ठाकुर शर्मा
केही कृति परिचयात्मक अभिव्यक्ति	४३	यादव भट्टराई
रुचि लाग्नैपर्ने नेपाली सहस्रश्लोकी	५०	डा. विष्णु दहाल
एकाङ्गी: सैद्धान्तिक परिचय	५१	ऋषिराम शर्मा

धर्म-संस्कृति / यात्रा-निबन्ध

वास्तुकलाप्रेमी राजा प्रताप मल्ल	१	भैरवनाथ रिमाल 'कदम'
जापानी श्रम-संस्कृति	१५	केवि महर्जन
मामागाउँ बिर्सुं म कसरी ?	३०	काशीराम विरस

कविता / गीत / गजल / मुक्तक

श्रीकृष्ण गौतम-२/दिनेश अधिकारी-३/पुष्पलता श्रेष्ठ-(पुष्पा)-३/खड्ग व. चापागाईं-३/स्व.पं. रामप्रसाद भट्टराई-४/धुस्वाँ सायमि-८/पीताम्बरा उपाध्याय 'पीयूष'-८/प्रकाशमणि दाहाल-८/सूब सेन -९/अम्बिका गिरी 'बिहानी'-९/रुद्र 'दुःखी'-१०/कपिल लामिछाने-१०/ईश्वरी कार्की 'वर्षा'-१०/विष्णु न्यौपाने-१०/मधुसूदनप्रसाद घिमिरे-१४/के.आर. पन्त-१७/रुपसिंह 'रसिक' भण्डारी -१८/बाछिटा-१८/ईशवाक हुसेन-१८/रासा-२१/कमल क्षेत्री-२१/भागवत आचार्य-२५/ललिता पुडासैनी-२८/राजकुमार कार्की -२९ /देवीप्रसाद न्यौपाने 'धीर'-३१/नरेन्द्र घिमिरे-३१/भाग्यशाली अधिकारी-३६/श्याम संकल्प-३६/ उर्मिला पन्त पाण्डेय-३६/नारायण गोदारे-३९/ममता शर्मा नेपाल-४०/चंकी श्रेष्ठ-४०/विष्णुबहादुर सिंह-४०/सकु थापा-४१/दिनमान गुर्छमान 'दिगु'-४२/सरोज शाही 'मनीष'-४६/राधेश्याम खड्का-४६/ललिता 'दोषी'-४७/इन्द्रकुमार श्रेष्ठ 'सरित्'-४७/असीम उपाध्याय-४७/गोपीकृष्ण दुङ्गाना 'पथिक'-४८/ राधा कार्की(अभागी)-४८/आर. एम. डंगोल -४९/कल्पना नेपाल-४९/राधिका गुरागाईं ५९/अमृत बीसी 'सेन्टी'-५९/दुखी महल-६०/ कृष्णबहादुर थापा-६०/ शिवप्रसाद पौड्याल-६०/

साथमा :- कृति परिचय, सदस्यता परिचय, दायित्व प्रकाशनद्वारा प्रकाशित किताबहरू र सम्पादकीय ।

वास्तुकलाप्रेमी राजा प्रताप मल्ल

❑ भैरवनाथ रिमाल 'कदम'

हाम्रो नेपालको इतिहासमा मल्लकाल एक महत्त्वपूर्ण युग हो । मल्लकालमा पनि कान्तिपुरका राजा प्रताप मल्ल उल्लेखनीय मानिन्छन्। यो कुरा हामीले आजसम्म फेला पारेका, देखेका उनका कृतिहरू तथा क्रियाकलापले हामीलाई प्रष्ट पार्दछन्। उनको साहित्यिक एवं साँस्कृतिक कार्यहरू प्रति राम्ररी नियाल्दा उनलाई मध्यकालका एक ध्रुवतारा नै पाउँछौं हामी ।

उनी कान्तिपुरका प्रख्यात राजामात्र नभई उनले आफ्नो राजधानीलाई सुन्दर तुल्याएर कलाको इतिहासमा नेपालको शिर विश्वको सामु नै उच्च पारिदिए । उनले कान्तिपुर (जसलाई आज हामी काठमाडौं भन्छौं) लाई सकेसम्म सिँगारेका छन् । उनले हनुमानढोकामा मन्दिर बनाउन लगाए, जसलाई पञ्चमुखी हनुमानको मन्दिर नामले आजपर्यन्त हामी चिन्दछौं। यस मन्दिरको माथिल्लो छाना धातुको र अन्य छाना झिँगटीका छन् । त्यस तीनतले मन्दिरलाई प्रशस्त टुँडालहरूले अड्याएका छन् । उनले बनाएको अर्को मन्दिर हो कवीन्द्रपुर/यस मन्दिरमा उनले नरसिंह नासल देवता (नाट्येश्वर शिव अथवा नटराज) आदि स्थापना गराए । यस मन्दिरको शैली प्यागोडा प्रकारको छ। यसमा तीन तलामा नासल देवताको मूर्ति स्थापित गरिएको छ जसलाई नासल देवताको मन्दिर पनि भनिन्छ। मन्दिरको भुइँतलामा दुई-तीन हात जति अग्लो पेटी छ, जसका लहरै थाम खडा गरिएका छन् । यिनै थामले पहिलो छानाको दलिन थामेका छन् । विभिन्न प्रकारका बुट्टाहरू राम्रो किसिमले कुँदिएका भयाल-ढोकाहरू बडो कलापूर्ण र सुन्दर छन् । यसको तेस्रो तला खुल्या सभाकक्ष हो भन्ने पनि बुझिन्छ ।

राजा प्रतापमल्ल वास्तुकलाका कत्तिका ज्ञाता रहेछन् भन्ने कुरा हनुमान ढोकास्थित कृष्ण मन्दिरलाई लिन सकिन्छ। आज यो मन्दिर आठकुने छ र छाना अनुसार मन्दिरका भित्ताहरू पनि आठ कुने आकारमा नै निर्मित छन् । यस मन्दिरमा स्थापित अभिलेखबाट के पनि थाहा हुन्छ भने रुक्मिणी सत्यभामा सहित कृष्णको मूर्ति राखिएको यो मन्दिर राजा प्रतापमल्लले आफ्ना दुईजना स्वर्गीय रानीहरूको साथ जन्म जन्मान्तरसम्म र हिरहोस् भन्ना खातिर बनाएका हुन् । झट्ट हेर्दा आठकुने भएको हुँदा गोलाकार लाग्ने यस मन्दिरको उठानमा पाँच तहको पेटी बनाएर त्यसमाथि मन्दिर खडा गरिएको छ। पूर्व दिशातिर मुख गरिएको यस मन्दिरको तह-तह परेको पेटीलाई काटेर मास्तिर उक्लने सिँढी बनाएको छ। मन्दिरको पेटी वरिपरिका काठका खम्बाहरूले माथिल्लो तलाका कलात्मक दलिन थामेका छन् । यस मन्दिरले हामीलाई ललितपुरका राजा सिद्धिनरसिंह मल्लले स्थापना गरेको पाटनको कृष्ण मन्दिरको स्मरण सदा गराउँछ।

इतिहासविद्हरूका अनुसार नेपाल सम्वत् ७७० मा राजा प्रतापमल्लले मोहनचोकको निर्माण गराएका थिए । मोहनचोक मल्लकालका राजपरिवारको मुख्य वासस्थान यही चोक रहयो । यसको महत्त्व अझ कुन कुरामा पनि छ भने कान्तिपुरका मल्ल राजाहरू अन्य राजाहरूसँग भेटघाट गर्दा वा मैत्री सम्बन्ध स्थापित गर्दा यसै चोकमा गरिन्थे, त्यसैले यसको महत्त्व बढेको हो ।

राजा प्रतापमल्लको अर्को वास्तुकलाप्रियताको नमूना हो कलात्मक स्तम्भ । हनुमान ढोका क्षेत्रमा यिनले सर्वप्रथम तलेजु भवानीको मन्दिर अगाडि राम्रो प्रस्तरको स्तम्भ गाडेर त्यसमा सिंहको सुनोलो सुन्दर मूर्ति स्थापित पनि गरे । गुह्येश्वरी मन्दिरमा स्तम्भमाथि सिंह स्थापना गराएर सिंहध्वज राखे । यति मात्र होइन, यिनले कान्तिपुर राजधानी माझमा रानीपोखरी स्थापित गरेर राजधानीको सौन्दर्यमा निकै बृद्धि गरेका पनि छन् । अझ भनिन्छ उनले आफ्ना स्वर्गीय छोरा चक्रवतीन्द्रमल्लको स्मरणार्थ यसको निर्माण गरेका थिए । त्यहाँ स्थित अभिलेख अनुसार रानीपोखरीको जलमा विभिन्न तीर्थस्थलहरूबाट ल्याएको पवित्र जल मिसाएका छन् ।

राजा प्रतापमल्लको वास्तुकला प्रियता यसरी आजसम्म हामीहरूसमक्ष उदाहरणका रूपमा रहेर उनको नाम अमर गराएको छ । - चावहिल, बुलबुले

बुढाबुढीको सवाइ

❑ श्रीकृष्ण गौतम

सधैं बाझाबाझ पथ्यों
आज गाँजागाँज पऱ्यो
सधैं तानातान पथ्यों
आज हानाहान भयो ।

ताकाताक मानामान मात्र हैन
लुछाचुँडी र घम्मासान भयो

जोइले पोइको यावत् कुल पखाली
पोइले जोइका माइतीको बखान दोहोऱ्यायो अनि,
बेल्ना चले, चौका चले, गिलास फुटे, गाग्री ढले
पिर्का चले, बिर्का उडे, डाडु लडे, पनियो गडे ।

स्वास्नी उन्नीस लोग्ने बीस
नखाएको लाग्ने विष
पहिलेदेखिको गडेको इंख
जोइको वचन पोइको रिस ।

कोहीभन्दा कोही छैन कम
यता गोली उता बम ।

(केही गरी लोग्ने नदब्ने देखी बुढी जोइले युगौंदेखि
जोइहरूले चलाइआएको अमोघ बह्मास्त्र छोडी ।)

चाहिँदैन नक्षत्र, चाहिँदैन साइत
भोलि नै म जान्छु माइत
हेर्नेछु म तब तिम्रो हाला
भाँडा धस्दा दिन जब जाला
गड्लान् आँखा सुक्लान् गाला ।

(लोग्ने के कम छ ? तत्काल जवाफ दिन्छ ।)

भोलि किन तँ आजै जा
धेरै तैंले धाक नला
ब्रेकफास्ट सयर लन्च डिनर
होटल रेष्ट्राँ भान्साघर
थुक्पा मोमो बिरियानी
चाइनिज इण्डियन जापानी फेरि फेरि खानेछु
डिस्को ब्याले जानेछु
ढुक्कै बस तँ माइती गै
भन्ने छैन बुढी कता गई ।

(ब्रह्मास्त्र पनि व्यर्थ भएको देख्दा अलि बेर नै
बुढी अकमक्क पर्छे । उसलाई सरस्वती नै फुर्छिन्
अनि जकिँदै भन्छे-

सोह्र वर्षे नवयौवना
झिल्के तरुनी ल्याएथ्यौ
खन्यौ खोस्यौ चिथऱ्यौ निचऱ्यौ
टोक्यौ गोद्यौ ओढ्यौ बिछ्यायौ
खनीखनी हिउँचुली नै ढाल्यौ
अनि यस्ती खल्लर बुढी पाऱ्यौ
जस्ती मलाई ल्याएथ्यौ उस्तै बनाइ पठाऊ

(बुढीको असंभव तर्क सुनेर बुढो जिल्लाराम पर्छ)

ब्रह्मा हैन विष्णु हैन
शिव म हैन हैन गणेश
खल्लर बुढिया तरुनी पार्ने
दुनियाँ भरमा छ कुन देश ?

(अप्रत्याशित विजय हात पारेकी बुढी गंभीर
स्वरमा गर्जिन्छे)

भत्किसकेको भंग भएको
न्यायालय-डक्टरले प्राण उड्यो भनेको
धनञ्जय वायु पनि निस्किसरी
अरट्ट परिसकेको
भूत पल्टिसकेको
संसद्को रेहलाई
जब एक्लै गिरिजा बाबुले
नवजीवन दिन सक्छन्
ब्यूँताउन सक्छन्
तिमी हुतीहारा तिमी लाछी
तिमी कस्मेटिक सर्जनले
खल्लर बुढिया तरुनी पार्न
सक्तैनौ भने धिक् छ तिमीलाई

- मिति : २०६०।५।२९।२

उस्तै उस्तै

❑ दिनेश अधिकारी

छुचुन्द्रो मुसो जस्तो भयो
मुसो, बिरालो जस्तो भयो
बिरालो, कुकुर जस्तो भयो
कुकुर, श्याल जस्तो भयो
श्याल, सिंह जस्तो भयो
सिंह, मान्छे जस्तो भयो
उस्तै उस्तै कुरा त हो
मान्छे पनि त अब कहाँ मान्छे रह्यो र ?
तपाईंलाई थाहा छ, ऊ के भयो ?

– महान्यायाधिवक्ताको कार्यालय

नयाँ वर्ष

❑ पुष्पलता श्रेष्ठ (पुष्पा)

सुनौलो प्रभात छर्दै उदाउने नयाँ वर्ष
तिम्रो आगमनले सबैमा मुस्कान थपिएको छ
उजाड गाउँ बस्तीमा पनि प्रगतिको गीत रच्दै
सुख शान्तिको कामना छर्नेछौं ।

शिक्षा र सीपको बिगुल फुक्दै
सबैमा चेतना भर्न सन्देश दिनेछौं
नेपाली नेपाली बीचमा भएका
वैमनष्यतालाई निमिट्यान्न पार्न
उदाउनेछौ नयाँ वर्ष ।

नैराश्य भावलाई उखेली
सबैमा आशाको अङ्कुर पलाउन
साथ दिनेछौ नयाँ वर्ष ।

त्यसैले नपालीको एक मात्र चाहना
शान्तिको कामना पुऱ्याउने छौ नयाँ वर्ष
त्यसैले सुनौलो प्रभात छर्दै
उदाउने छौ नयाँ वर्ष ।

- शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत

[illegible]

❑ खड्ग बं. चापागाईं

(१) **आमा,**
नजिक हुँदा मीठो बोली त्यसै बिलाउँदो रहेछ
'बाबु भोक लाग्यो' ?
मीठो स्नेह सतहमा बिलाउँदो रहेछ
स्नेहको उदर भित्र बनेको जिन्दगी
स्नेहको उन्मादमा रमेको जिन्दगी
विवशताको छालमा हुत्तिएर टाढा पुगेर
जाउँला जाउँला भन्दाभन्दै
त्यो टाढा क्षितिज पारी हेरेर
एक्लै टोलाउँदा टोलाउदै
स्नेहको छालले भिजाउँदो रहेछ
एक्लै गुनगुनाउँदा गुनगुनाउँदै
सद्दे पागल बनिदोरहेछ

(२) **माइँली,**
घर पनि एउटा सिङ्गो कथा रहेछ
सँगै बाँच्ने बाचा गरेर लगाएको हाम्रो साइनो
मकै भुट्दा हाँडी र काप्टेरा जुझे जसरी
सँगै बस्दा बाँझो हुँदोरहेछ
'खाना खान आइसिन्न' ? "
तिम्रो भित्री स्नेहलाई त्यसै झर्को मानिदोरहेछ
त्यही द्वन्द्वको अतितको भुतले
डाँडा काटी गएपछि त्यसै
मुटु भरी माया पलाउँदो रहेछ
कता कता सताउँदो रहेछ ।

(३) **माया**
माया कहाँ हुन्छ आँखामा ? छातिमा ? वा मुटुमा ?
होइन माया त टाढा क्षितिज पारि हुँदोरहेछ
गुमेको चीजमा माया र आएको चिजमा छायाँ हुँदोरहेछ
सही माया त बिछोडमा पो हुँदोरहेछ
एक्लै बसेर विगतलाई कोट्याउँदा -कोट्याउँदै
हाव-भाव सबै चलायामान हुँदोरहेछ,
माया त्यसै पागल बनिदिँदोरहेछ ।

– भूमिसुधार तथा व्यवस्थापन विभाग अन्तर्गत

सन्तोष गर्ने गर

❑ स्व.पं. रामप्रसाद भट्टराई

कष्टै-कष्ट परोस् सुखै-सुख परोस् मान्दैन उस्ले डर
यस्तो जानि-बिचारि आज तिमिले सन्तोष गर्ने गर ।
गाई भैंसी र बाखरा भरिभरि भन्छु म मेरो घर
नित्यै छैन भनेर जान तिमिले सन्तोष गर्ने गर ॥१॥

धेरै सम्पति होस् नहोस् जति हवस् आनन्दमा निर्भर-
पर्नु चाहिँ असल् बुझेर मनले सन्तोष गर्ने गर ।
अर्काको धनमा-कलत्रहरूमा विषको बराबर गर
आफ्नो जे जति हुन्छ त्यै सकलमा सन्तोष गर्ने गर ॥२॥

जत्ति जोड गरौं सरौं अघि अघि गइन्न कत्ति पर
यस्तो मर्म बुझेर आज मनले सन्तोष गर्ने गर ।
जत्ति खेद गरौं अवश्य नसुकी छाड्दैन यो सागर
पस्टा-पस्टी भयो भनेर बुझिल्यौ सन्तोष गर्ने गर ॥३॥

स्त्री-पुत्रादिहरू अशिक्षित भए बस्दिन भन्छौ घर
मर्नुपर्दछ हो अवश्य बुझिल्यौ सन्तोष गर्ने गर ।
इष्टै-इष्ट हउन् नहुन् जति हउन् सम्बन्धमा के छ र !
साथी कोही हुँदैन आखिर यहाँ सन्तोष गर्ने गर ॥४॥

ससार सागरमा डुबिन्छ कि भनी कत्ति नमान्नु डर
चाहे सागरमा डुबेर मरियोस् सन्तोष गर्ने गर ।
पञ्चै तत्व मिलेर मन्दिर बन्यो यस्को कति भर छर
जानेछन् यिनी तत्व आखिरमहाँ सन्तोष गर्ने गर ॥५॥

द्रष्टव्य - (स्व. पं. रामप्रसाद भट्टराईको रचना उहाँका सुपुत्र 'दायित्व'का सदस्य बालकृष्ण भट्टराईको सौजन्यवाट हामीले पाएका हौं । उहाँकारचना दिवङ्गत नहुँदै र दिवङ्गत भइसकेपछि पनि दायित्व'ले प्रकाशन गर्दै आएको छ । प्रस्तुत २० पङ्क्तिको यो कविता अघिल्लो पुस्ताको भएकाले हामीले व्याकरणसम्मत नभए पनि जस्ताको तस्तै छापेका छौं । - सम्पादक

साहित्य जागृतिको माध्यम हो, जगृति नल्याउने खालको साहित्य निस्सार हुन्छ ।
- कविशिरोमणि लेखनाथ

जीवनमा सँधै प्रशंसा मात्रै पाएर मर्ने र निन्दा मात्रै पाउने मानिस न अघि थिए, न अहिले छन्, न पछि हुनेछन् । - धम्मपद

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । - महाकवि देवकोटा

'जराको स्वर' छत्तीस गोचरमा राम विनय

❑ अर्जुन विरक्ति

जराको स्वर विनयको अट्टहासको पाटो हो !
दर्दैदर्द भोगाइ आदि कविताको बाटो हो !!
नेपालीको के भविष्य, खास्टो आफ्नै कफन भो !
चीत्कार आदि सन्नाटाले देश आज घाट भो !!

माथिका चार पंक्तिले कवि राम विनयको कलम नियाल्दा, बुझ्ने कुरा नै मैले ती पंक्तिहरुलाई मेरो ब्रह्मबाट अघि सारेको हुँ । आजको घात र अन्तर्घात सांसारिक गतिविधिमा शाश्वत् गद्यकविताको लहरहरुमा कवि राम विनय पल्लवित भएका छन् ।

मर्मान्तक सुसेलीका छालहरूमा आफुलाई छचल्क्याँउदै, मानसपटलबाट नैसर्गिक निम्ति आस्थाका पुञ्जलाई कवित्वप्रवाहमा पैरवी गर्न कवि राम विनय उत्कृष्ट मानिन्छन् । उनका कवितामा मलाई यस्तो लाग्छ । साहित्यमा कान्त दृष्टाले उद्बोध गर्ने कान्ति सन्देशात्मक अनुपम चाहनाहरु समेटिएका मानवीय चेतनाले ऊर्जा भर्न सहज प्रक्रिया र परिस्थितिलाई अँगाली चेतनाको सारमा सूक्ष्म ढंगले लालित्यमा कविताहरु प्रस्तुतीकरण गर्न सिपालु योद्धा भएर पनि कतै कवि आलापित देखिन्छन् कवितामा विनय ।

कवित्वमर्मबाट आज छाएका सन्नाटाका विरूद्ध, चुनौती र जोखिम अभिव्यक्तिमा तदारुकतासाथ लागेको देखिन्छ । मुलुक ध्वस्त भएको बेला कविले मन सँगालेर निष्ठुरी गतिविधिमा व्यथा पोखेका छन् । कतै कतै कवितामा खुशी रमाउँदा रमाउँदै ओझेल परेको समाज र जनजीवनसँग साक्षात्कार गर्छन्, कवि । कवितामा उनी शाश्वत् आवाज बुलन्द गर्दै क्रान्तद्रष्टा भई पीडामा कथा खेप्छन् र कवित्वप्रवाहमा प्रस्फुरण भएका छन् । समस्या र समाधानमा कवित्वशक्ति तीव्र भएर पनि अनायास कवितामा राम विनय विश्रान्ति लिन्छन् : सुस्केरा हाल्दै, कवि हृदय पगाल्दै पुनः जाग्छन्, व्यङ्गविनोदले जराको स्वरमा समाजको दर्पण बनेर, छत्तीस व्यञ्जनका परिकारमा रामवाण चलाएर !

विगतमा मरेकाहरूमध्ये बचेकालाई बचाउनु
आवश्यक छ यो भूगोलमा
इतिहास सच्याउन जमर्को गर्नेहरू
जबर्जस्ती उत्रिरहेछन् भूगोलमा
परमाणु बमको हुंकारमा
नालापानी हुँदै कालापानीमा ।

\+ + +

उर्लंदा बैंशहरू बिताएर विदेशमा
बुढ्यौलीका दिनहरू बाँचेर पेन्सनमा
अर्को चुनावको समय नभएसम्म ।

\+ + +

त्यो मन्त्री पनि फर्किएन
बेमौसमी बुढ्यौलीको पीडामा प्रजातन्त्र अर्थिएन
चहराइरहेको घाउमा
समस्त मुलुक र भुजीकोट रोइरहेछ ।

\+ + +

मिर्मिरे बिहानीको मन्द-मन्द मुस्कानमा
नरसंहारी एकाधिकारी स्वरले अट्टहासको हाँसो हाँस्यो
महारोगले उत्पात मच्चायो ।

\+ + +

मधुबासा चर्चित भएर पनि
बेखवर रित्तो ड्रम भएर
निभेको बत्ती
वितृष्णाको बगर बनेर
बैसाखी समाउने
आँट र हिम्मत गुमाएर

स्तब्ध, मौन बनेको छ ।

\+ + +

सिनिसिज्म सडक र सूर्य
विषाक्त बम भएर
सच्चा मानवताको आधारमाथि
बृद्ध गोलार्द्धमा जीवनका यात्रामा
चुर्लुम्म ढाकिएर
सुन्दर भविष्यप्रतिको नियत
घुमाउरो बनेर
आह्वालोतिर लुरुलुरु खस्दछ
संघर्षशील जीवनको यात्रामा ।

\+ + +

सतीको श्राप उमार्न बाध्य समय
भलो गर्ने हातहरु ।
चर्पीकोठालाई भान्छाकोठा भनेर
इसारा बिर्सेर भुक्छन् ।

\+ + +

भियतनामी कविको संझनामा
लेखिरहेछु एउटा सम्झनापत्र
लडाइँको नक्सा कोर्दा-कोर्दा
आक्रामक विध्वंसकारी
निरन्तरताको लहरमा
मेरो खोजी
भियतनामी कविप्रति
भुटानी शरणार्थीप्रति

\+ + +

हत्या काण्डहरूको रहस्य नखुले जस्तै
हाम्रो कविता हराउनुको रहस्य खुलेन ।

\+ + +

सपनामा बाँच्नेहरूको माझमा उभिएर
जुम्ला आफ्नो जीउको बासानाको स्रोत खोज्ने
कस्तुरी मृग बनेर
सल्लाको काठको राँको बालेर
कालो ध्वाँसोले नचिनिने भएर
गतिशील र संघर्षशील भएर
श्वास फेर्न पनि सक्तैनौं
म खबर सुनिरहेको छु ।

\+ + +

यत्रतत्र सर्वत्र
गाउँ-बस्ती डढिरहेको
मुस्लो देखिरहेको छु ।
रगत र आँसुको धारा खेपिरहेछु ।
मन जिल्ले मान्छे ।

\+ + +

हत्यारा कालो सर्पको षड्यन्त्र विरुद्ध
नीडरपनले रातो झण्डा फहराउँदै
निर्धा पाइला र मुटुहरूलाई
सशक्ततामा फेर्दै -
अनन्त यात्रामा निरन्तर
लागिरहेछ मुक्तिसंघर्षले यात्रामा ।

\+ + +

इतिहास भूगोल कुल्चेर
हेलिकप्टर
लास सेलाउनु अघिसम्म
फलाँटेको लाटोलाई नमारोस् भनेर होस् वा
आफैं गोली ताक्दै छ, आफै अरुलाई
या आत्मसमर्पणमा दमन र हत्याबाट
थाकेको, ऊ ।
ऊ भूगोल कुल्चेर
आकाशमा उन्मुक्त भएको छ
वास्तवमा,
अखबारमा हराएकाहरू धेरै छन्
विद्रोहमा भासिएकाहरू धेरै छन् ।

\+ + +

आश्वासनको विस्कुन सुकाएर
हैरान हैरान गजधम्मको अस्तित्व
षड्यन्त्रको भुमरीमा, दासढुङ्गा आज
कुहिरो फाँट्ने प्रतीक्षामा
निरन्तर-चियाइरहेछ/चियाइरहेछ
यी पहाडका र बेंसीका फाँटहरूबाट दासढुङ्गा ।

\+ + +

हाम्री बहिनी
सुदूर दुर्गम गाँउमा
माइती आएकी थिइन्
आँशुको यात्रामा
यसपालिको मनसुनमा ।

\+ + +

टोलपोलमा सम्मिलित भै
तिमी र म
कैद हुन सक्छौं
प्रत्येक कण-कणमा
नेपाली मनसुनमा
+ + +
कौशलजी
हामी कैद हुन सक्छौं
कर्फ्यु लागेको रातमा होस् वा
मान्छे र बाटोमा
तथाकथित जीवनहरूबाट
+ + +
म विजय सुब्बा
सशक्त आवाज बुलन्द गरिरहेछु
कथा र व्यथामा
तर यो संसारमा
कथा र व्यथा कसले सुन्ने ?
खै औजार र कविता ?
धरती गोडमेल गर्नुपर्‍यो
शान्तिको बिगुल फुक्नुपर्‍यो
समस्त मुलुक गुञ्जाउन पाए
कस्तो हुन्थ्यो होला
आफ्नै प्रतिविम्बित
आफै उभिएको धरतीमा
आफै उभिएको माटोमा ।

उपर्युक्त कविताहरू कवि राम विनयका सबै कविताको संक्षिप्त उद्‌बोधन हो । जीवन ओझेल परेर गतिहीन अवस्थामा तड्पेको जीवन र जिन्दगीको दोबाटोमा कवि राम विनय समर्पणमा होमिएका छन् । बोधगम्य यात्रा भुल्कैभुल्का भएर भुल्कदै सिङ्गो पुरस्कारमा झुल्केका छन् ।

प्रत्येक कविताबाट शाश्वत् खोज गर्दै दर्द, पीडा, व्यथा, र जिन्दगीका परिहारमा इतिहासदेखि वर्तमानमा यथार्थ सौगात बोकेर-आजको सन्नाटामा व्यथा बोकेर श्रद्धाका श्रद्धाञ्जली-आँखा र मनका पीडाहरुमा -प्रेरणा दिएर बाँच्न सिकाउनेहरूलाई उहाँले कृति समर्पण गरेका छन् । उनका कवितामा ठाउँ, परिवेश, घात-अन्तर्घात, बहस-द्वन्द्वमा आँशुहरू छालझैं छचल्किएका छन् र छालहरूले सन्नाटा छाएको परिवेशमा हिम्मतका आँटहरू मुखरित हुँदै सन्देश दिएको छ कविताले ।

भान्ति नै भान्तिको जञ्जालमा कविमानसपटल परिलएर आँशुका भल काढेर शान्तिले अस्तित्व कायम गर्न कविताले खबरदारी गरेका छन् । सलामी खान्कीका भील्लविरुद्ध प्रत्येक कवितामा क्रान्तियुक्त महत्त्वले शान्तिको बीजाङ्कुरण हुने विश्वासले कविताको लहरमा कविता रोप्छन्, कविता सिर्जनशील आँटका फाँटभरि विसंगतिविरुद्ध विद्रोह रोप्छन् र कविता उमार्छन् र मुलुकमा सीमारेखा कोर्छन् । रमितेको कालो पर्दा च्यात्दै विद्रोहका आवाजमा, घुस्याहाहरूले मान्छेको चोक्टा लुछ्ने प्रवृत्तिका विरुद्ध धावा बोल्छन्, हत्केलामा प्राण राखेर जुझारु एकता कायम गर्छन् ।

कवि राम विनय पश्चिम नेपालको साभुङ्ग भगवतीपुर तनहुँमा जन्मेका हुन् । उनी सानै उमेर देखि यथार्थधरातलमा यात्रा गर्ने सिर्जनशील व्यक्तित्व हुन् । आजको विषम परिस्थितिमा पनि आफूलाई नीडर र साहसी पैरवीकर्ताको रुपमा साहित्यिक माहौलसँग मितेरी गाँस्दै जनजीवनको दर्द र पीडासँग साक्षात्कार गर्न र गराउन आफ्ना कलमलाई युद्धमैदानमा होमेका छन् । जसको कवित्वधरातलले इतिहासदेखि वर्तमानसम्मका अनगिन्ती मर्म र वेदना सँगाली जराको स्वरनामक छत्तीस शृंङ्खलाहरूले साहित्यिक वाङ्मयको फाँटदेखि पखेराहरूमा रातो गुराँस फुलाएको छ ।

विशेषु किमधिकम् ।

-चाबहिल, काठमाडौं

देशका बारेमा द्विविधा भएमा निर्णय लिनुपर्दा आफुछेउको एक मुठी माटो लिनू, फाटेको लुगा लगाएका मानिसलाई सोध्नू, शहीदलाई सम्झनू - जे उत्तर आउँछ त्यही गर्नू । -

- विश्वेश्वरप्रसाद कोइराला

कविता

धर्तीको नियम

❑ धुस्वाँ सायमी

सङ्घर्ष जुनसुकै प्रकारको होस्
मेरो पराजय निश्चित छ
षडयन्त्र कोही गर्दछ
अथवा गर्दैन
मलाई हराउन
मेरो विरोध
यो जान्दिनँ म
तर सदा षडयन्त्र हुन्छ
अरूहरूको फलाम त के
काठ पनि एकदम सुन भइदिन्छ
तिनलाई त
केवल पारसनाथ
पशुपतिको हस्तक्षेप चाहिन्छ
यही हो मेरो हारको कारण
यही हो यस देशको पतनगाथा
यो त यस धर्तीको नियम हो
जीत उसैको हुनेछ जो लेख्दछ चाकरगाथा

कविता

स्वर्ग र नर्क

❑ पीताम्बरा उपाध्याय 'पीयूष''

स्वर्ग मैले देखेकी थिएँ
धरती कै छाति भित्र
यत्र तत्र अनि सर्वत्र
बिस्तारै नर्क पनि देखेँ
स्वर्ग कै छेउमा
छरपस्ट र अलपत्र ।
स्वर्गलाई फराकिलो तुल्याउन खोजेँ
तर्क त्यस मैं अटाउन खोजेँ
तर नर्क नर्क नै रह्यो
बरु सुटुक्क स्वर्ग हराइदियो ।

पो. व .नं. ६१०५

कविता

साहित्य

❑ प्रकाशमणि दहाल

साहित्य के हो, किन यो छ प्यारो ?
के दिन्छ यल्ले, किन यो छ गाह्रो ?
को हुन्छ साहित्यिक, के गरेर ?
म सोँचमा डुब्दछु यो गमेर ॥१॥

साहित्य हो काव्य, कथा निबन्ध
र, सिर्जना नाटकका विभिन्न
सन्देश घोली रसमा मिलाई
हुन्छन् जहाँ प्रस्तुत पढ्नलाई ॥२॥

मिठा मिठा शब्दहरू चुनेर
बुट्टा अलङ्कारहरू बुनेर
बन्ने सबै, पद्य र गद्य धारा
साहित्य हुन् भावुक ग्रन्थ सारा ॥३॥

सन्देशमा सीप तथा कलामा
उत्कृष्ट यस्ता रचना भएमा
आदर्श साहित्य भनी चिनिन्छन्
र, ज्ञान-भण्डार तिनै बनिन्छन् ॥४॥

जगाउँदै जीवनतर्फ निष्ठा
आनन्द, शिक्षा, प्रगति, प्रतिष्ठा
र प्रेमको दिन्छ महान पाठ
छ के नमिल्ने यस वृक्षबाट ॥५॥

लेखी-पढी चिन्तनमा रमाई
खारी निखारी प्रतिभा बढाई
जो गर्छ सेवा यसको सचित्त
हुनेछ साहित्यिक त्यै विशिष्ट ॥६॥

साहित्य उत्कृष्ट विशिष्ट हुन्छ
गाह्रै नहोला, सजिलो न हुन्छ ।
यो त्याग, भक्ति सृजना र ज्ञान
चाहन्छ, सेवा अनि सीप, मान ॥७॥

- जोरपाटी, काठमाडौं

बाँच्नका लागि बाँचौं

❑ सूब सेन

बन्दुक, बिनेट र बुटको त्यो दिन-
आज समुन्द्रपारिका हतियार
बमको दिन भएर
आफन्तहरूकै तातो रातो रगतमा
उम्लेको देखेर
दुवै दिनको इतिहासै जलाइदिउँ कि भन्ने
जङ्ग चलेर आउँछ ।

यो भूमिमा जन्म लिनुनै
अपराध भएजस्तै गरी
विदेश धपाई सुकाएर, कठाएर,
जेलनेल भोगाएर
बाँकीलाई घाँटी, टाउको, मुटु, पेट र
हातखुट्टा रेटी
फोरि, छेंडी, रोपी, भाँची रगत बगाएर
पोखरी पारी
पौडी खेल्ने मानवीय धर्म, विवेक, विचार,
होसचेत, गुमाएका
यो भूमिमाथि निष्कण्टक र
एकलौटी भोग्ने
भोगिहरूको चर्तिकला देख्दा
रगतै उम्लेर आउँछ ।

चौंसट्ठी वर्षे यो जीवन
चौबीसे भएर जारदछ ।

अनि आह्वान गर्दछ -
'आऊ' भाइ बहिनीहरू हो !
तिमी यही भूमिमा बाँच्ने हक लिएर
जन्मेका छौ
सो लिएर आफ्नो मनखुसी बाँच्नका लागि
भित्रबाहिर जहाँ छौं त्यहाँबाट जागेर उठौं,
बारुद, गोली, बमको आडमा उठेको
रक्तपिपासुका विरुद्ध विद्रोह गरौं
कहिल्लै उठ्नै नसक्ने गरी
पराजित गर्न उठौं, लडौं
सुरक्षा, शान्ति, न्याय र इज्जतका साथ
बाँच्नका लागि बाँचौं ।

.....

.....इतिहासै जलाइदिऊँ कि भन्ने जङ्ग
चलेर आउँछ ,

.....

सुरक्षा, शान्ति, न्याय र इज्जतका साथ
बाँच्नका लागि बाँचौं ।

- काठमाडौं

गीत

❑ अम्बिका गिरी 'बहानी'

करैकरको हो यो जीवन या कुनै रहरको
पोख्दैछु पीडा यहाँ म हरेक प्रहरको ।

छर्दै हाँसो, पोख्दै खुसी मान्छे धेरै हिँडें
नियतिले के गऱ्यो लौ, म आँसुमा भिजें
वेदना छ मुटुभरि केवल व्यथा कहरको
पोख्दैछु पीडा यहाँ म हरेक प्रहारको ।

मेट्दै याद, जलाउँदै माया कति मान्छे गए
विश्वासले के गऱ्यो लौ सब पराइ भए
हलचल असीमित छ, यो शून्य सहरको
पोख्दैछु पीडा यहाँ म हरेक प्रहरको ।

- गोदावरी, ललितपुर

गजल

❑ रूद्र "दुःखी"

थाङ्नाभित्र गुटमुट्याको बुझ्नुपर्छ चालहरू
चिथोर्नलाई निस्किसके घरकै पाल्तु स्यालहरू ।

हकदैया मेरो भनी आफन्तको सबै स्यारे
बाँझो धर्ती वन, पाखा आफ्नै पारे तालहरू ।

लोभी पापी भएपछि कस्को के पो लाग्छ यहाँ
आशीर्वाद पाइन्छ कि भन्दै काढ्छन् न्यालहरू ।

महल र मन्दिरसम्म सम्पदामा खेल भयो
फ्याउरा, ब्वाँसा निम्ति खुला भए ढोका झ्यालहरू ।

छपाछप काटिँदैछन् दिनरात शीर यहाँ
नाङ्गो नाच नाच्न' थाले यी अंगुलीमालहरू ।

हेर्दा हेर्दै लाग्न थाल्यो अत्यास र डर मात्र
घिन लाग्छ यो देशमा किन जन्मे कालहरू ?

बेला यस्तो शौचालय जान पनि शंका लाग्ने
मौका छोपी बिछ्यायो कि धरापका जालहरू ।

- भैरहवा

गजल

❑ ईश्वरी कार्की 'वर्षा'

त्यो नजरको तिर गड्यो
अचानक कस्तो पिर बड्यो,

थाम्न कोशिस हजार गरें
बिना बादल निर झऱ्यो,

भकानो के छुटेथ्यो मात्र
अनायसै छाती चिर पऱ्यो,

दुई दिल मिल्यो जब
कहाँबाट तारे भिर पऱ्यो,

करोडौले जित्न नसकेको मन
कस्तो अचम्म विर पऱ्यो ।

- ओखलढुङ्गा

गजल

❑ कपिल लामिछाने

दोस्त पनि गलाको क्या घाँडो बनेछ
कामको बेलाको काठ अचेल ठाँडो बनेछ ।

खै के भनूँ हिजोसम्म सम्म मैदान
रातारात गजपको अग्लो डाँडो बनेछ ।

सिर्जना गर्ने जसलाई म कलम ठान्थें
आफन्तलाई नै रेट्ने खाँडो बनेछ ।

मान्छेको भाँडो हैन भनी भन्थे सबै
एकाएक ऊ कामलायक क्या भाँडो बनेछ ।

झिँगा भन्कने मान्छे मेरै अघि पछि
अहिले आफ्नै बाटाको काँडो बनेछ ।

खाँदा गलामा अड्कन्थ्यो जो हिजो ढिँडो
आज त क्या गजबको पो फाँडो बनेछ ।

- भैरहवा

भ्रम

❑ विष्णु न्यौपाने

जन्मदिनको शुभ अवसरमा
म अति हर्षित छु, अनि उत्साहित छु
पाको अनुभवी भएकामा म त्यसै दङ्ग छु
तर ब्रह्मनालमा जब 'त्वं शरणम्' भई
विश्राम लिएको कुनै मानवले
'जातस्य ध्रुवो मृत्यु' को
प्रमाण प्रस्तुत गरेको देख्छु
झस्कन्छु म र सोंच्दछु
केका लागि हर्षित अनि दङ्ग !
वास्तवमा मेरा जन्मदिनहरूसँगै
नजिकिँदै पो रहेछ मेरो पनि
मृत्युसँग साक्षात्कार हुने दिन !

-धुम्बाराही, काठमाडौं

कविवरमा हिन्दीमोह र राजनीति

❑ गुणराज काफ्ले 'शाण्डिल्य'

दर्शनशास्त्री मान्यवर कवि श्री माधव घिमिरे दर्शनभन्दा छुट्टै तर अति नजिक नै रहेको साहित्यका फाँटमा, विशेष गरेर मात्र हैन ल्याफल्याफ निथ्रुक्क रुझैरै कविता रोप्ने गोडमेल गर्ने र कविताकै लहलहाउँदो बाली तयार गर्ने कविताविज्ञ कृषक बन्न पुग्नुभएको छ। यो सत्य हो र यथार्थ पनि यही: हो मेरो निस्कर्ष।

कविवर १९७६ मा जन्मनु भएको हो- 'सप्तशती' भन्छ वहाँकै। अँ .....त यही सप्तशतीमा मेरो आँखा पर्छ पुस्तक प्रदर्शनीमा। टपक्क टिप्छु, थपक्क मूल्य बुझाउँछु, सरक्क घर मा पसेर सप्तशती पल्टाउँछु। सप्तशतीका अनुष्टुपछन्दे वहावमा अविरल सल्सलाउँदै वहन खोज्छु। कविता आफ्नै मौलिक गतिमा बहदै अघि बढ्छ, तर म भने कविता भित्रका हिन्दीशब्दका ढुङ्गामा बज्रन पुग्छु। आँखा तिरमिराउँछ, हातले पटललाई थिचेर भ्रमको हिन्दीढुङ्गा निहार्छु, फरक देखिदैन, रन भुल्लमा भौंतारिन पुग्छु। कविता आफैंमा कसरी शङ्का गर्नु ? फेरि पनि ऊ तर्सदै एउटा कतैबाट' शब्द निफननाफनमा झुक्किएर मसिना बास्नादार हजारौं चामल-शब्दहरूमा बालुवा -कण उछिट्टिएर पर्न गयो होला भनिठान्दै पुनः बहन सुरु गर्छु। उही पुनरावृत्ति बज्राई, फेरी बज्रन पुग्छु। फेरि बहन्छु फेरि बज्रन्छु। बज्रन पुगेका हिन्दी शब्दका गहुङ्गाढुङ्गाहरू- बडा, कडा, चले, दँतार, खाकी, बदर्ची, शानदार, किस्मत, तराना, पासै, प्यार, गुइयाँ, दिल, बडते, वचरा, चाह, प्याला, दहिना, कहलाएर, रुपसी, नजरवात, तिर्छीनजर, तोडूँ, फर्माउ, मर्द, कम, चलिहाल, भेजेका, चीत, फार्दियो, फड्कारी, खिची, पछुवा, जली, उफारी, फटाफट, ठहर, जस्ता अनेकौं शब्दहरू 'सप्तशती' मा धाक देखाएर रहेका छन्।

ओहो ! .. बिर्सेछु पो ! संवत् १९७६ मा जन्मनुभएका कविवरको उमेर संवत् २००० मा २४ वर्ष हुन्छ। जन्म स्थलबाट वाराणसीमा पुगेर दर्शनमा शास्त्री उपधि प्राप्त गर्नुले वनारसी गल्ली र विश्वविद्यालयको हल्लीखल्लीको हिन्दीमय प्रदूषण -छुत लागेको बेला संवत् २००० भन्दा केही अघि मात्र सप्तशती अनुवाद रचना गर्नु हुँदा हिन्दीमय - प्रदूषणको छुतले नेपाली-हिन्दीको प्रयोगमा कतै कविवर चिप्लिनु त भएको होइन ? भन्ने पनि लाग्छ। नेपाली ठेट शब्द-सागरको वातावरणमा हुर्केको लक्का-यौवनको ठिटो हिन्दीको मिठास भित्र घुलमिल भएछ नी भन्नै पर्‍यो। यही सप्तशतीको लामो भूमिका लेख्नुहुने विद्वान् सागरमणी आदिले कहीं कतै 'हिन्दी-ढुङ्गा' त जहाँसुकै जावस 'बालुवा-कण' भन्ने शब्दको थोपो सम्म चुहुन नसकेको देख्दा आफैंलाई आश्चर्य लाग्छ। कतै आदि पनि त त्यही हिन्दीमय प्रदूषणको चपेटामा नै नपर्नु भएको होला ? कवि माधव घिमिरेको वनारस बसाइँ केवल विद्या उपार्जन मात्रको हुँदो हो, तर दीक्षितको सन्तान दरसन्तान त वनारसी केटा र हिन्दी प्रदूषण पचाउँदै उर्जा पनि त्यही वनार सबाट प्राप्त गर्दै "दीक्षित" हुनुले पनि हिन्दी पनि नेपाली , नेपाली पनि हिन्दी उस्तै उस्तै अनुहार नै देख्न थाल्नुभएको हुन सक्छ।

अँ .., अर्को बिर्सिन नहुने कुरा के छ भने कविवरले सप्तशतीमा प्रवाहित गर्नुभएका कतिपय हिन्दी शब्दहरूलाई नेपालीकरण गर्नुभएको देखिन्छ। यो प्रवृतिले भने नेपाली शब्द-भण्डारमा कैयौं शब्दहरू थपिएकोमा भने मान्नै पर्दछ। सप्तशतीमा पाठकले मीठो स्वाद पाउँछ नयाँ शब्दहरू मार्फत्।

यो त भयो नेपालीका प्रख्यात धुरन्धर कविवरमा समेत हिन्दी शब्दको प्रकोप सँगै मोहभंग नभएको प्रसंग। अब हेर्नु छ सप्तशतीभित्र राजनीतिकरणको तानावाना।

राजनीति बलात् जहाँसुकै लुसुक्क छिन र सराफरी सबै मेरो भन्ने प्रवृतिले मौलिकता र स्वच्छतामा फोहोरी छिटा पर्ने गरेको र ती छिटाहरूकै बाहुल्यतामा हैकम चलाउने तथ्यले सप्तशती अछुतो रहन नसक्नु पनि विडम्बनानै संझन पुग्छ।

हुनत 'सप्तशतीमा राजनीति' भनेर लामै भूमिका लेख्नुहुने सागरमणि आदीले आफ्नो धारणा राख्नुभएको छ । दीक्षितले संवत् २००० देखि अगाडि १९९७ सम्म र पछाडि २००२ सालको चहलपहललाई आधार बनाएर लेख्नुभएको होला । तर अहिलको राजनीति वहाव, उद्देश्य, प्रयोग, राजनीतिज्ञहरूको नैतिक, विचार, सन्तुलन र प्रभावले उद्देश्यहीन, हल्लिखल्ली, भ्रष्टता प्रति अनदेखी गर्न सकिँदैन ।

राष्ट्रभर ऐक्यशक्तिमा संगठनगरी त्यही सामूहिक संगठितशक्ति बेग्लाबेग्लै तरिकाले राष्ट्रोपकारक राम्रा-राम्रा काममा कार्यरत गराउँदै राज्यव्यवस्था संचालन हुने गर्थ्यो प्राचीनावस्थामा । तर धेरै कालपछि फेरि साम्राज्यवाद खडा हुन गयो।र, दैत्य सम्राट्का रूपमा शुम्भ र दानव सम्राट्का रुपमा निशुम्भ स्थापित भए। यिनले संसार-का राज्यहरूमा भाँडभैलो मच्चाउदै कूटनीति ठूलो सैन्यबलले आफ्ना आफ्ना अधिन गर्न थाले। यसै लहरमा आर्यभूमि हिमवत्खण्ड पनि पर्न गयो । फेरि देवता समेत मिलेर एकताबद्धभै शक्तिको आराधना गर्दा साम्राज्यवादका लुटेरा भाग्छन् - "घाती जन्त् लुटेरा र शत्रु भाग्छ त्यसैगरी ।"

तीखो त्रिशुलले चिर्दा ढल्यो प्राण गुमाउँदै ।
टापू, समुद्र, शैलादि जम्मा पृथ्वी कपाउँदै
॥१०।२७

कविवर घिमिरेले 'नेता' शब्द प्रयोग गर्नुभएको २००२ सालमा नै हो र 'अधिकार' शब्दको प्रयोग पनि। 'नेता बनाई' अनि 'अधिकार लियो आफैँ' भन्ने वाक्यांश भनुँ वा कवितांशको प्रयोगले कविवर राजनीति भित्र नै यो 'सप्तशती' स्वेच्छाले भित्र्याउनु भएको प्रष्टै अनुभव गर्न सकिन्छ। नत्र 'नेता बनाई ब्रह्माजी' को स्थानमा 'आँध लगाई ब्रह्माजी' जस्तो [illegible] सक्नुहुन्थ्यो र 'अधिकार लियो आफैँ' को स्थानमा 'मुठि भित्र लियो आफैँ' पनि हुन सक्थ्यो कि ?

मदले मैमत्त भएको नेता महिषासुरको (भन्न सकिन्छ - आजका आतंकवादी वा माओवादी वा तालीवान वा साम्राज्यवाद समूह) कर्तुत यसरी वर्णन गर्नुहुन्छ -कविवर कविता मार्फत् -

बलले वीर्यले मत्ता डुक्रियो महिषासुर ।
सिँगौरी खेलि चट्टान मिल्कायो चण्डिकातिर
॥२।३५

ऐक्यताबद्ध बलियो संगठन भएमा यस्ता आतंकवादी र साम्राज्यवादीको सेखी झार्दै नष्ट गर्न सकिन्छ भन्ने सन्देश दिन कविवर पछि पर्नुभएको छैन -

ठुन्क्याइन् सूँढ देवीले ठुन्किइकन मुण्टियो ।३।३२
भुजेली खड्गले हानी खसालिन् त्यसको शिर ।३।४२

कविवरले सप्तशतीको प्रथम चरित्रको पहिलो अध्यायको ४ औँ श्लोकको 'राजा' बाट नै सप्तशतीमा राजनीति प्रवेश गराउनुभएको पनि छ र पाचौँ श्लोक 'प्रजा' र 'नृप' को प्रयोग बाटै राजा प्रजाको सम्बन्ध अनि त्यसलाई देख्न नसक्ने विद्रोही र (बैरी) ले बल मिच्याइ गर्दै लुटमच्चाउँदै राज्यको समेत नष्ट गरेको तथ्य अवगत हुन्छ । राजा कमजोर हुँदा नै मन्त्रीहरू दुष्ट हुनु, सेनामा विद्रोह हुनु र ढुकुटी लुट्नुले राज्य नै तहसनहस हुँदै जनता (प्रजाले) अतिसय कष्ट पाउँछन् भन्ने तर्फ पनि संकेत गर्नुभएको छ -

प्रजा पाला -र -पुर्खाका बैरीका हातमा परे
॥१३॥

कति किस्मतले साँचे ढुकुटी त्यो उडाउलान्
॥१६॥

सात्विक कारकका रूपमा संगठन बलियो हुनु राजनीतिमा श्रेयता मानिन्छ । तेसैले होला मधु र कैटभको संगठन तामसी प्रवृति हुँदा नै सात्विक रूपमा एकै जनाको संगठन विष्णुले आफ्नै काखमा मधु र कैटभ नाश गरेको कुरा कविवरले यसरी लेख्नुभएको छ -

शङ्ख-चक्र गदाधारी विष्णुले 'त्यै सही' ! भने ।१०३।

हुन त एकजना विष्णुमाया अनि यता पनि अदृश्यरूपमा ब्रह्मा र योगमायाको कुरा र विष्णुसँग चक्र र गदा जस्ता दिव्यास्त्र पनि त थियो भन्न सकिन्छ, तर चक्र र गदा भए पनि अनाहकमा प्रयोग भएकै थिएन केवल कुस्ता-कुस्ती,मुड्का-मुड्की भैरहेको थियो। अस्त्र नभएकासँग युद्ध हुँदा अस्त्र नलिइकन नै लडनु पर्थ्यो तेस बखतमा। अन्त्यावस्थामा मात्र आफ्नु वचन हार्न पुग्दामात्र चक्र प्रयोगबाट मर्नुपरेको थियो मधु र कैटभ।

सप्तशतीको मध्यम चरित्रको पहिलो अध्यायमा यो आर्य जगतमा विदेशी साम्राज्यवादी महिषासुर (तामसी बलियो संगठनको नेता) ले सर्वत्र ध्वंशविध्वंश मच्चाउदै नियन्त्रणमा लिदै स्वर्गका राजा इन्द्रसँग पनि युद्ध गर्दा सात्विक संगठनवर्ग देवताहरू मानिस झैँ आफ्नो सात्विकता बचाउँदै आर्यजगतको यसै दिव्य हिमवत्खण्डका पाखा पखेटामा लुक्तै डुल्दै गरेका र देवता र आर्यहरूको सात्विक बलियो संगठन तयार गरी एउटा पार्वती नामकी श्रेष्ठ नारीलाई नेतृत्व गराइएको वर्णन कविवर यसरी गर्नु हुन्छ -

देवता हर्षले बोले -जय हे सिंहवाहिनी। ३५। अ. २
झन्कारी धनुको ताँदो पातालै खल्बलाउदी।
हजारौँ हात फैलाई दिगान्त उजिल्याउदी॥३९।अ.२

यसरी एउटी नारी पनि सबैका 'शक्ति' समाहित संगठनका बुताले साम्राज्यवादी नेता महिषासुर मारिन्छ -

देवीले अति दुश्चरित्र बलवान्
त्यो दैत्य मारिन जब,
पारी कक्षल (कत्तम) दैत्यको बल पनि
निर्मूल पारिन् सब ॥अ.४।२

नारीलाई नेतृत्व प्रदान गरेर स्वदेशको रक्षा गर्दै विदेशी साम्राज्यवादीलाई मोर्दै धपाइएका महिषासुर तामसी बलियो शक्तिलाई छिन्न भिन्न पारेको कुरा हजारौँ वर्ष अगाडीको कुरा भए पनि भरखरै ५०।६० वर्ष अघिसम्म कहिल्यै सूर्य नअस्ताउने साम्राज्यवादी देश मरिच जस्तै चाउरिएर आफ्नै देशमा खुम्चदै रहनुपरेको तथ्य सबैका सामु छ। सायद यसैतर्फ इङ्गित गर्दै सागरमणि आदीले त आफ्नो भूमिकामा लेख्दा छर्लङ्ग प्रष्टयाउनु भएको छ कविवर घिमिरेका श्लोकबाट। यही श्लोकको प्रमाण दिनु हुन्छ -

यो तिम्रा बल वीर्यको भुवनमा
दाँजो छ अर्को कहाँ ?
पोल्ने शंभु र चित्त शीतल हुने
यो रूप मिल्ने कहाँ ?

छातीमा करुणा र निष्ठुरपना संग्रामको कामना।
हे देवी तिमीमा सिवा अरु कतै पाइन्न त्रैलोक्यमा॥

तर जे भए पनि कविवर राजनीति नामको शौचालय भित्र आफु शौच गर्नसम्म जानुभएको भने देखिनुभएको छैन। राष्ट्र र राष्ट्रियता अनि मातृभाषा र भेष (आक्कल झुक्कल प्यान्ट-सत्य देखिन पुग्नु भए पनि) मा हृदयदेखि सात्विकता सँगै एकनिष्ठ हुनुहुन्छ। त्यसैले २००२ सालमा नै तयार गर्नुभएको 'दुर्गा सप्तशती' को प्रथम पृष्ठको पहिलो वाणी ऋग्वेदीय देवीसूक्तबाट सुरू गर्नुहुन्छ - मै राष्ट्रशक्ति सब वैभव जोह गर्ने।
मै चेतना प्रथम हुँ - शुभ यज्ञ गर्ने॥

अँ ..... यहाँ भने 'राजनीति' गर्ने साँच्चै हो भने राष्ट्रशक्तिको वैभव जोह गर्ने हो भने शुभ चेतना जगाउनु पर्दछ र यो नै हाम्रो शुभ यज्ञ हो' -भनेर ठोकुवा गर्दै हामी नेपालीलाई सन्देश दिन पछि पर्नुभएको छैन। शुभमस्तु॥

-दुङ्गेछाप, सालु (रामेछाप)
हाल -रुद्रनगर मार्ग १८३

जसले आफुलाई जित्न सक्दछ, उसलाई कसैले पनि जित्न सक्दैन। - **धम्मपद**

तिमी कुनै उपहार दिएर मित्रहरू नकिन, जब तिमी दिन छोड्छौ तब तिमीलाई प्रेम गर्न पनि छाड्ने छन्। - **फूलर**

कविता

आऊ बिधवा विवाह गरौं

❑ मधुसूदनप्रसाद घिमिरे

बिधूर-बिधवा
नारी अधिकार- अंशवण्डा
पतिदेवकी दासी
संकिर्णतावादी मानवको
पारदर्शी दृष्टिकोण
यस्ता कु-प्रथाको खोइरो खन्ने हो भने
आउ बिधवा विवाह गरौं ।

सात वर्षकी कन्या
सत्तरी वर्षका कुमार
जोडा मिलाई
रजस्वला नहुँदै कन्यादान गरी
गोडाको पानी खाई
स्वर्गको ढोका खुला गर्ने
कु-प्रथाको अन्त्य भैसक्यो
यस्तो खुसीयालीमा
अब बिधवा विवाह गरौं ।

लोग्ने बिधूर बनेकै बापत
पुनर्विवाहको प्रस्ताव राख्ने परम्परामा
यौटा नयाँ आयाम थप्ने अठोट गर्दै
अब बिधवा विवाह गरौं ।

आफ्नी छोरी बिधवा भएको हेर्न नसक्ने समाज
अर्काकी छोरी बिधवा हुँदा पतिको धर्म थाम्ने
रातो पहेँलो नहेर्ने जस्ता अर्ति उपदेश फलाक्ने
प्रत्येक सासु ससुराहरूले वयस्क बिधवा बुहारीको पनि

सिउँदो सजाउन उत्साहित हुने आह्वान गर्दै
बिधवाको पनि रंगीचंगी बन्ने रहर बाँकी भए
हामी पनि बिधवा विवाह गरौं ।

पवित्र बेल साक्षी राखी
बेलविवाह (इहिपा) भएका कन्याहरूलाई
भरोसा दिन समर्थ बेल
हो, बेलले कन्या पाल्दैन
तर कन्या भने
बेलको आड भरोसमा बाँचेकी हुन्छे
बुढौलीपनसम्म पनि हाँसेकी हुन्छे
यस्ता परम्परालाई साक्षी राखी
कु-प्रथाको जरो उखेल्ने हो भने
साँच्चै, बिधवा पनि विवाह गरौं ।

छोरीलाई अंश हैन,
पत्नीलाई दासी हैन
हाँसीहाँसी बाच्ने जीवनसंगिनीको संज्ञाले
प्रत्येक युवा सचेत हुँदै
समाज सुधारको शंख फुक्दै
अब बिधवा पनि विवाह गराउँ ।

आफ्नै अगाडि नहुने कुरा भएपछि
आफ्नै अगाडि छोरा स्वर्ग गएपछि
अर्काकी छोरी बिधवा युवती भए
आफ्नी बुहारीलाई छोरी बनाऊ
नारीको पीडालाई बुझ्न चाहने हो भने
यो समाजमा नै उसलाई पनि
रमेर बाँच्ने मौका दिँदै
अब बिधवा पनि विवाह गराउँ ।

हे रुखो समाज एक आत्मा गुम्यो भन्दैमा
अर्को आत्मालाई पनि रुवाउने चेस्टा नगराउँ
प्रत्येक युवाहरूले आफ्नो मन
बेल जत्तिकै पवित्र बनाऊ
एक पटक सिंदुर पखालिएकी युवतीलाई
पन: रंगिन बनाऊ
अब बिधवा पनि विवाह गराऊ ।

हे धर्माधिकारीहरू
समयसापेक्ष विचार गरी
परम्परालाई खुकुलो र पारदर्शी बनाऊ
यदि नारीको अधिकार खोज्ने हो भने
छोरीलाई अंश हैन, शिक्षा दिँदै
बिधवा पनि विवाह गराऊ ।

- शान्तिनगर, काठमाडौं

जापानी श्रमसंस्कृति

❑ केबि महर्जन

जापानीहरू काममा जुटेको बेला उनीहरूको फूर्ति, काम गर्ने ढङ्ग देख्दा जे पनि गर्न सक्लान् जस्ता र एक किसिमले जादूगर र चटकेजस्ता देखिन्छन् । काम गर्ने ठाउँमा यस्ता चटके जापानीसँग बुद्धि कम, बल कम र भाषा पनि नजान्ने विदेशीहरू उनीहरूको खटनपटनमा चटके र बाँदर जस्तै देखिन्छन् । 'जापान' शब्दको पर्यायको रुपमा 'सबैजना व्यस्त' भन्ने अर्थ लगाउन सकिन्छ । कामदारदेखि कम्पनी मालिकसम्म सबै जापानीहरू काममा अत्यन्त व्यस्त हुने भएको र सिकाउन बस्दा काम गर्ने मेसो छुट्ने भएकोले उनीहरू सकभर भाषा टाकटुक बोल्न सक्ने, भनेको बुझ्ने र सिक्न सक्ने मजदुर खोज्दछन् । हात समातेर वा डोऱ्याएर सिकाउने फुर्सद त्यहाँ कसैलाई छैन ।

\+ + +

पहिले-पहिलेको जर्मन र युरोपियन देशहरूमा कामदारहरूलाई गीत बजाएर गीतको धुनमा काम गराइन्थ्यो । तर जापानमा काम गर्ने समयमा मानौं संगीत वर्जित नै छ। नेपाली कामदार हरूले मन बहलाउन विभिन्न किसिमका Puzzle हरु, गाउँखाने कथा, सामान्य ज्ञान हिसाब आदि समस्यामा दिमाग लागाउँदै, काम पनि गर्दै गरेको देखिन्छ । तर जापानीहरूमा यसको ठीक उल्टो पाएँ ।

\+ + +

जापानी बाबुहरू काममा यति व्यस्त हुन्छन् कि छोरा कत्रो भयो भन्दा ठिमीको किसानले भूइँमा काठले कोरी 'यत्रो भयो' भनेजस्तै गर्छन् । किनकि बिहान खेतमा जाँदा सुतेको देख्ने र खतेबाट बेलुकी फर्किदा पनि नानीहरू सुतिसकेको हुनेहुँदा आफ्ना नानीहरू उभिदा कत्रो देखिन्छ भन्ने थाहा नै नभएजस्तो जापानमा पनि घरमा यताउति हेर्ने, मिलाउने, बच्चाहरूको रेखदेख गर्ने, स्कुल पठाउने आदि काम आमाको नै हुन्छ । जापानी परिवारको अर्को एउटा पक्ष के हो भने, श्रीमान्ले तलब ल्याएर प्रत्येक महिना श्रीमतीलाई बुझाउने गर्छन् र उनीबाट महिनाको लागि आवश्यक पकेटखर्च लिने गर्छन् । जापानमा परम्परादेखि नै घरको काम सानो मानी त्यस्तो काम आइमाईले गर्ने र लोग्नेमान्छेले घर बाहिरका अरु कामहरू गर्ने , सोच्ने, निर्णय गर्ने गर्दारहेछन् । उनीहरू आफ्नी श्रीमतीलाई देखाएर गौरवसँग I do the working and she does the shopping भन्ने गर्दछन् । जापानी श्रीमतीको यो गृहकुशलताले गर्दा नै "Japanese wife, American life, French wine, Chinese food, British suit" भन्ने उक्ति चलेको होला ।

\+ + +

World Famous Parkinson को Law– 'Work expands to fill the time avialable.' पनि यहाँ फेल खाएको देखियो । जापानीहरू आफूले गर्नुपर्ने काम एकदम छिटोछिटो गर्ने, बरु काम सकेर अरु काम छैन भने चुप लागी बस्ने गर्दा रहेछन् । जापानको हरेक क्षेत्रको व्यवस्थापन पक्षबारे सोच्ने हो भने हामीजे सोचेको स्वर्गभन्दा कम छैन ।

\+ + +

जापानमा कुनै खाइसामा (कम्पनी) दूर्घटना भएर स्वदेशी होस् वा विदेशी, कोही मानिस मऱ्यो कि त्यो कम्पनी डुब्यो भन्ने सोचे हुन्छ । यसैले त्यहाँ सुरक्षालाई जहाँ पनि नम्बर एकमा राखिएको हुन्छ । कामदारको दायाँ र बायाँ सबै औंलाहरूको मूल्य तोकिएको हुन्छ । जस्तोः बायाँ हातको माझी औंला काम गर्दा च्वाट्ट काटियो भने कामदार स्वदेशी होस् या विदेशी, कम्पनीले तीसौं लाख तिर्नुपर्ने हुन्छ ।

\+ + +

सिङ्गो जापान नै मजदुरहरूको देश (worker's paradise) जस्तो लाग्दछ । इलाका इलाकामा मजदुरको समस्या, सुझाव सुन्ने सरकारी अफिसहरू देखिन्छन् । 'टोयोटा' जस्ता ठूला कम्पनीका मालिकहरू पनि मजदुर अफिसको नाम लिने बित्तिकै थरथरी हुन्छन् । सात वर्षदेखि जापानमा Overstay बस्दै आएको टोनी नामक श्रीलङ्कनले Complain गर्दा पाँच वर्ष अघिदेखि Overtime को पैसा मजदुर अदालतले कम्पनीलाई दिन अह्रायो । यस्ता घटनाका समाचारहरू दिनदिनै पत्रिकामा पढ्न पाइन्छन् ।

\+ + +

जापानीहरू एउटा कम्पनीमा काम गर्न थालेपछि सितिमिति कोही पनि आफूले काम गरेको ठाउँ नफेर्ने स्वभावका हुन्छन् । काम गर्ने ठाउँलाई हामीले मन्दिरलाई श्रद्धा गरे जस्तै गर्ने गर्दछन् । जापानीहरू काम-परिवर्तनलाई गम्भीर प्रश्नको रुपमा लिन्छन्, कम्पनीका नियमहरूलाई धर्मको आदेशजस्तो मान्दछन् । आफूले काम गरिरहेको कम्पनी परिवर्तन गर्नुलाई धर्म परिवर्तन गरेजस्तै ठान्छन् । साधारणतया मानिस धर्म परिवर्तन गर्दैनन्न तर जब आफ्नो भविष्य अन्धकार छ भन्ने लाग्छ र एकतमासको उकुसमुकुस हुन थाल्दछ तब मात्र धर्म परित्याग गर्छन् ।

\+ + +

जापानभरि आ-आफ्नो वडासम्म सुनिने music bell राखिएको हुन्छ र बेला मौकामा तिनीहरूले पनि सूचना प्रवाह गर्दछन् । बिहान सबेरै उठी morning walk/exercise गर्ने, आठबजे जापानभरि काम सुरुवातको सङ्केत धुन, दस बजे क्युके (कामबाट विश्राम) को धुन, बाह्र बजे लन्चको लागि एक घण्टाको विश्राम धुन, बेलुकी पाँच बजेको छुट्टीको धुन आदिको लागि पनि chrong bell को प्रयोग गरिन्छ ।

\+ + +

हामी मिहिनेती र परिश्रमी छौं; एक्लै जुन काम पनि गर्नसक्ने खालका छौं तर दुईजना, चार जनाको समूह हुने बित्तिकै एक्लै छँदाजस्तै ध्यान दिएर काम गर्न सक्दैनौं । अलग जात, अलग विचार, भाषा, धर्म अनेक कारणले हामीलाई एक ठाउँमा मिलेर काम गर्ने वातावरण दिँदैन र त देशको हालत पनि 'मार खाए हिन्दुस्तान' भएको छ । यसको ठीक उल्टो जापानीहरू एक्लै काम गर्न नसक्ने वा नरूचाउने, अरूको विचारको ख्याल राख्ने संवेदनशील हुने र समूहमा अरू सदस्यले भन्दा आफूले बढी काम गर्न खोज्ने भएकोले सामूहिक काम अति राम्रोसँग गर्न सक्ने हुन्छन् ।

\+ + +

कम्पनीका मालिकले अर्को कम्पनमा जाँदा बडो शिष्ट भएर कुरा गर्ने गर्दछन् । त्यहाँ उनीहरू सकभर बोल्दैनन्, बोल्नै पर्ने र निर्णय दिनै पर्ने अवस्थामा समेत मेरो कम्पनीमा अन्तिम निर्णय गर्ने व्यक्ति म नै हुँ भन्ने आभास नदिई पटकपटक 'हजुर, यो कुरा मैले बुझँ, म यो कुरा साथीहरूलाई गएर सोध्छु' भन्ने गर्दछन् । उनीहरू कुनै कुरा बोलेपछि, Commit गरेपछि मरेर त्यो काम पूरा गर्नतिर लाग्दछन् । भैंडाजस्तो एकोहोरो लागेर होस् वा घोडाले टोकेजस्तो गरी होस्, त्यो काम उनीहरू सिध्याएरै छाड्दछन् ।

\+ + +

जापानमा आफ्ना बाबु कुनै उद्योग, कलकारखाना वा पसलको मालिक छ भने, नेपालमा जस्तो छोराछोरी वा श्रीमती पनि त्यसको मालिक बन्ने चलन छैन । ठूला उद्योगपतिका छोराछोरीहरू पनि पकेटखर्चको लागि स्कुल, कलेज वा विश्वविद्यालयमा छुट्टी भएको दिन आफ्नो कम्पनीमा आएर ड्राइभिङ्ग गर्ने, फोहोर सफा गर्ने, सामान ओसारपसार वा delivery गर्ने आदि साधारण कार्य गरेर अरू कर्मचारीसरह पैसा थाप्ने गर्दछन् । हाम्रो देशमा काम गरिरहेका हरेक व्यक्तिमा आफूलाई लघुताभास र हीनताबोध भएको हामी पाउँछौं तर जापानमा 'work is worship' भनेझैं ठूलो-सानो जुनसुकै काम होस्, जो कोही पनि दिलोज्यानले त्यो काममा समर्पित भएर लाग्दछन् । काम गर्न लागेको ठाउँमा गएर हेर्दा ठूलो-सानो कोही पनि अलग हुन्न । खाने कुरा ओसार्न लागेका वा काममा व्यस्त कमिलाहरूलाई देख्दा हामी मानिसको नजर

ले नाइके कामेलालाई पत्तो लगाउन सक्दैन । किनभने सबै उत्तिकै जुटेका हुन्छन् । अझ साधारणतया सबैभन्दा बढी काममा दलिने मैलो लुगा लगाएको व्यक्ति नै त्यहाँको मालिक हुनसक्छ । घरमा होस् या कार्यालयमा, जापानमा दीनहीन गरिब, मानिसलाई ल्याएर हाम्रो देश नेपालमा जस्तो नोकर बनाउने चलन बिल्कुलै छैन । त्यसैले उनीहरू आफैं आफ्नो काममा खट्दछन्, जोतिन्छन् । मसँग मिल्ने जापानीहरूलाई हाम्रो देशमा सर कारी अफिस जान मात्र होइन, व्यक्तिगत मोटर चलाउँदा पनि ड्राइभर राख्ने चलनको बयान गर्दा दोहोऱ्याएर बुझाउँदा पनि हामीले भनेको कुरा बुझ्दैनन् । "आफ्नो मोटर पनि अर्को व्यक्तिले चलाउने ? यो कुरा मैले अलि बुझिनँ नि !" उनीहरू यसो भन्दछन् ।

\+ + +

जापानीहरू बिहान आँखा खोल्ने बित्तिकै सुतेको लुगामै दुई छप्को पानीले मुख धोएर फेरि गाडी समातेर आफ्नो काममा कुद्छन् । पुरूषले दाह्री काट्ने, महिलावर्गले make-up गर्ने आदि काम बाटोमा रातो बत्ती बलेको बेला मोटर रोकिँदा गर्ने हो । बिहानको दस बज्यो, नजिकका पसलहरूमा पाइने noodle वा चाउमिनमा तातोपानी राखेर तात्तातो खायो, मन लागे एककप कफी पियो, चुरोट पियो, पुनः काममा दौडिहाल्यो । बिहान घरमा बसी खानेकुरा पकाई खाने, विलास गर्ने कुरा जापानीले कल्पना नै गर्न सक्दैनन् । उनीहरूको फुर्सद भनेको बेलुका मात्र । हामीलाई लाग्छ, समय सरल रेखा हो, अविरल बगिरहने इन्द्रावती (Timeless river) हो भने उनीहरूका लागि समय घडीको बाटुलोपन हो । प्रत्येक जापानीलाई समयले बाँधेको हुन्छ । सबैलाई सधैं कामको तीव्र लालसा वा बाध्यताले गर्दा फुर्सद कसैमा पनि देखिँदैन । आनन्द, मनोविनोद कतै देखिँदैन । मात्र बाहिरको देखावटी कृत्रिम जीवन । जापानी लोग्नेमानिस मेसिनझैं सधैं काममा गोरु जोतिएझैं लाग्ने भएकोले आजका धेरै जापानी महिलालाई विदेशीसँग विवाह गर्ने रोग नै लागेको छ ।

- महाराजगञ्ज, काठमाडौं

कविता

प्रजातन्त्र

❑ के. आर. पन्त

अनेकौं संघर्ष र शहीदहरूको बलिदानले
एकसय चार वर्षे जहानिया शासनको अन्त्यबाट
आएको दुई हजार सात सालको प्रजातन्त्रपछि
आउने क्रम चलिरहेछ नेपालमा प्रजातन्त्र ।

भन्ने गर्छन् कोही कसैले प्रजातन्त्रलाई
परिवर्तित व्यवस्था सँगै आउने जाने गरेको
तर, होइन समयको व्यवस्था सँगसँगै
आउने मात्र भइरहेछ नेपाली प्रजातन्त्र ।

त्यसैले होला सात सालमा दलीय व्यवस्था आएपनि
आयो फेरि पंचायती प्रजातन्त्र
बन्द गरिए पनि जनजिब्रो र कलम
लेखिएको थियो विधानमा निर्दलीय प्रजातन्त्र ।

मारिए धेरै सपूतहरू बहुदलवादीको नाममा
सुखानीको जंगल,
ओखलढुङ्गा, पिस्कर र छिन्ताङ् काण्डमा
तर पनि रटिन छाडेन पंचायती प्रजातन्त्र ।

भयो उन्पचास दिने संघर्षले
प्रजातन्त्रको पुनः स्थापना
र, लागु भयो एशियामै उत्तम मानिएको
संविधान र शासन
फेरि पनि पूरा भएनन् जनताका
असीमित चाहना र सपना
सत्तालिप्सा र महत्वाकांक्षाले निम्त्यायो
आपसी द्वेष र कलह
नेताकै निहित स्वार्थले धर्मरायो प्रजातन्त्र ।

अब फेरि खोजिरहेछ देशले अर्को प्रजातन्त्र
र, अङ्कुराइरहेछ अहिले यहाँ
अमूर्त प्रजातन्त्र ।

बलेटक्सार ८ दार्सिङ्बास गुल्मी
२०६०।११।०७

गीत

❑ रूपसिंह 'रसिक' भण्डारी

मन रोएको धेरै दिन भो, केही कुरा भन्नुथियो
तिम्रा दिलका नभनेका, केही कुरा सुन्नुथियो ।

दिन जति खुल्दै जान्छ आँखा भरि रात हुन्छ
सयौं मानिस बीच आफैँसँग बात हुन्छ ।
आँखाबाट बग्ने जीवन अलिकति थुन्नुथियो
तिम्रा दिलका नभनेका केही कुरा सुन्नुथियो ।

जति धेरै एक्लो हुन्छु, तिमीसँग भेट हुन्छ
परेली यी बन्द हुँदा अनि देखादेख हुन्छ ।
कहाँ जान्छेउ मन भुलाउन थोरैथोरै जान्नुथियो
तिम्रा दिलका नभनेका केही कुरा सुन्नुथियो ।

मन रोएको धेरै दिन भो केही कुरा भन्नुथियो
तिम्रा दिलका नभनेका केही कुरा सुन्नुथियो ।

- दैलेख हाल : काठमाडौं

गजल

❑ ईशहाक हुसेन

अनगिन्ती पीडाहरू गनुँ कसोगरी म
दुःखी नै रहन्छ मुटु भनुँ कसोगरी म ।

मेरा यी सूक्ष्म पीडा वेदनाका अणुहरू
त्यो नदेखिने देखाउँ अणु कसोगरी म ।

झारेर आँसु आज पोख्दैछु मनको बह
परिलन्छ मन ढुङ्गा बनुँ कसोगरी म ।

मातृभूमि मै गाड्न 'ईशहाक' को यो लास
खाडल गहिरो एक्लै खनुँ कसोगरी म ।

- डुमरबाना, बारा

कविता

अख्तियारमा पऱ्यो भने हाम्रो प्रेम मर्न सक्छ

❑ बाछिटा

तिम्रो र मेरो प्रेमको अब
डेबिट अनि क्रेडिट हुन्छ
फाइनल एकाउन्ट बनाउनुपर्छ
किनकि यसको अडिट हुन्छ
हाम्रो प्रेमको हिसाब मिलाउन
डिस्काउन्ट जति कटाउनु पर्छ
छलकपट भएको भए
डिप्रिशियसन घटाउनु पर्छ ।

अडिटरलाई देखाउन
ब्यालेन्स सिट बनाउनुपर्छ
छुट्टाछुट्टै भौचर बनाई
हाम्रो प्रेमलाई जनाउनुपर्छ
पर्सेन्टेज थपथाप गरी
हाम्ले उसलाई मनाउनुपर्छ
ब्यालेन्स तलमाथि भए पनि
एकदम ठीक छ भनाउनुपर्छ ।

त्यसपछि मात्र हाम्रो प्रेम मन्त्रालयबाट सदर हुन्छ
कतै कसैको डर हुन्न सबैतिरबाट कदर हुन्छ
म.ले.प. ले ओ.के. गर्छ बजेट पनि पास हुन्छ
बल्ल आफ्नो बैंक खातामा
डिपोजिट गर्ने आस हुन्छ ।

नत्र हाम्रो चोखो प्रेमलाई
जसले जे पनि गर्न सक्छ
सम्पत्ति जाँचबुझ आयोगको
कालो सूचिमा पर्न सक्छ
काउण्ट डाउन भै माथिबाट
तलतल झर्न सम्छ
अख्तियारमा पऱ्यो भने
हाम्रो प्रेम मर्न सक्छ ।

बाँधा

❑ विश्वराज पाण्डे

भाइकी छोरी र दाइकी छोरी दौंतरी थिए। दुवै एकै उमेरका बाह्र-बाह्र वर्षका तर केही महिनाको फरकले। भाइकी छोरी जेठी र दाइकी छोरी कान्छी भए तापनि एकै वर्षका हुनाले बोलचालमा कुनै औपचारिकता थिएन। दिदीको नाम अमिता बहिनीको नाम नमिता राखिएको थियो।

एकदिन दुवैजना खेल्दाखेल्दै अलि थाकेपछि केही बेर गफ गर्ने सल्लाह गरे। अमिताले विषय आरम्भ गर्दै भनिन्, "तँलाई थाछ नम्मी (नमिताको घरायसी नाम) यो घर त मेरो बाले बना'रे! आमाले त मलाई भन्या।"

नमिताले जवाफ दिइन्, "कसरी होला र अम्मी (अमिताको घरायसी नाम) तेरो बाको मेरो बादाजु भएकोले दाजुले नै बनाउनु पर्ने होइन र? मेरै 'बा' ले बनाएको होला नि!"

अमिताले भनिन्, " तेरो 'बा' लाई जागिर खान अरू ठाममा जानु पऱ्यो रे! यहाँको खेतीपातीको आम्दानीले बडो दुःख गरेर मेरो बा'ले बना' रे! तेरो 'बा' ले एक पैसा पनि दिनु भएन रे! मेरो 'बा' ले माग्दा पनि मलाई नै खान पुग्दैन तँलाई के दिऊँ' भनी पठाउनु भयो रे!"

नमिताले सोधिन्, "साँच्चै मेरो बा त्यसबेला यहाँ हुनुहुन्थेन?"

अमिताले भनिन्, "अहँ! कताकता जागिरे भएर जानुभएको थियो रे! यो घरको ह्वाँलाई वास्तै थिएन रे, कैयौं वर्षसम्म आउनु नै हुन्थेन रे, केही परेर बाले खबर गर्दा पनि मलाई अहिले आउन मिल्दैन' भनेर जवाफ दिनुहुन्थ्यो रे ....!"

नमिताले सोधिन्, "अनि अहिले त यहीँ छौं त हामी सबै? वास्ता नभए कसरी आएको त यहाँ बस्न? मैले तेरा कुरा खै....पत्याइन।"

अमिताले जवाफ दिइन्, "नपत्याए के त! आमाले भनेको कुरा म त पत्याउँछु बा। तँलाई जेठी आमा (नमिताकी आमा) ले भन्नु भा'छैन होला, त्यसैले पत्याइनस्।"

नमिताले भनिन्, "हो भन्नु भा' छैन बरू अर्कै कुरा भने भन्नु भा'छ। त्यो कुरा अहिले मैले भने पनि पत्याउन्नस्। त्यसैले भन्दिन, भो!"

यति भनेर उनी उठेर जान लागिन्। अमिताको कुतुहलता बढ्यो र भनिन्, "भन्न! म पनि सुनूँ न तैंले सुन्या कुरा। पत्याउन हुने भए पत्याउँला बरू।" त्यसपछि अलि हँसिलो अनुहार बनाएर नमितालाई हेरिन्।

केही बेर यताउता हेर्दै नमिताले भन्न थालिन्, "मलाई त आमा-बा दुवैजनाले भन्नु भा'छ यो घर बाजेले बना'हो। दोस्रो विश्वयुद्ध सकिँदा नसकिँदै यो घर बनाउन थालिएको बेलामा मालसामान यता नजिकै नपाएर कति दुःख गरेर जोरजाम गरेको रे! अनि मात्र यो घर तयार भएको रे!"

अमिताले एक्कासी बोलिन्, "दोस्रो विश्वयुद्धको कुरा त मैले सुनेकी छैन। तर मैले भने के सुनेकी छु भने पाकिस्तान र बङ्लादेशको कुरा। यी दुईको युद्धको बखत यो घर बनाउन थालेको र तैंले भनेजस्तै मालसमान नपाएर सास्ती गर्नुपऱ्यो रे!"

नमिता घोरिएर हेर्न थाली। अमिता झस' भई र सोधी, "हैन, तँलाई के भो'र यसरी हेरेकी? मेरो कुरा नपत्याउने भए नपत्या के फरक पर्छ र? मैले सुन्याए' कुरा तँलाई भनें, तैंले सुन्या कुरा तैंले भनिस्।

गम्भीर भएर नमिताले भनी, "हुन्न! आमालाई पनि होइन बालाई पनि होइन, कि अरू कसैलाई सोध्ने। जसलाई सोधे पनि यो घर बनाएको देख्नेलाई मात्र सोध्ने, कसो के भन्छेस्?"

अमिताले भनी, "छि नम्मी तँ त कुरा बढाउन मात्रै खोज्छेस्। जो मान्छेलाई सोधे पनि

नमिताले भनिन्, " कुरा बढाउने अथवा हल्ला गर्ने होइन कि सत्य कुरा पत्ता लगाउने। तैंले बिर्सिस् सरले पढाउँदा भन्नुभएको थियो, कुरा फरक देखियो भने तथ्य पत्ता लगाएर सत्य कुरा पत्ता लगाउनुपर्छ।"

अमिताले भनिन्, "त्यो त हो। त्यसो भए के गर्ने ? तैं भन्।"

"भान्जेठबालाई सबै कुरा था'छ। हिँड् त्यहीं गएर सोधौं हुन्न ?" नमिताले भनिन्। यस कुरामा दुवैको सहमती भयो।

पचहत्तर वर्ष नाघेर हाल असी वर्ष पुग्न आँटेका, धेरै दिन देखेका, धेरै कुरा पढेका, जानेका र धेरै नै विचार गर्ने गम्भीर स्वभाव भएका मान्छे भान्दाइ थिए। उनले नमिता र अमिताको कुरा सुने पछि अलि तर्सिएर केही बेर चूप लागी गम्भीर ता साथ सोचेर भने, " तिमीहरूले भनेको कुरा अलि अघिको हो। अहिले म बूढो भएर धेरै कुरा बिर्सें। तर मेरो डायरीमा मैले लेखेर राखेको छु। त्यो पढेपछि, सबै कुरा सम्झन्छु, अनि तिमीहरूलाई बोलाएर भनौंला है ?"

ऊ भान्जेठबाको यो भनाइमा सत्यता त थिएन तर फलाम काट्न फलाम नै चाहिन्छ भनेझैं नमिता र अमिताले सुनेका कुरा मध्ये एउटा झुठो भएकोले त्यो झुठलाई काट्न अर्को झूठको मद्दत लिनुपरेको हो। 'लेखेर राखेको कागजबाट पढेर सबै कुरा थाहा दिइने छ।' भन्ने भान्जेठबाको कबोललाई असजिला मानेर नमिता र अमिताले पत्याए र यसपछि केही समयसम्म यसको चर्चा भएन।

ऊ एक दिन एउटा निम्ता नमिता, अमिता र यिनीहरूका आमाहरूलाई आयो। यो निम्ता भान्जेठबाको घरबाट आएको थियो र यसमा सत्यनारायणको पूजामा सामेल भई प्रसाद ग्रहण गर्न भनिएको थियो। निम्ताको दिन आमाहरूका साथ दुवै केटीहरू भान्जेठबाको घरमा पुगे। यथासमयमा प्रसादको टीका फूल लगाएपछि खाने यसपछि सबैलाई जम्मा गरेर भान्जेठबाले केही दिन अघि नमिता र अमिताले उनलाई सोधेका कुराबाट आरम्भ गरे। यो सुन्ने बित्तिकै दुवै छोरीहरू सोहोरिएका अनुहारसाथ खङ्ग्रङ्ग भए, अनि तिनीहरूका आमाहरूले आग्नेय दृष्टिले तिमीहरूलाई हेर्न थाले। यी सबै हेर्दाहेर्दै भान्जेठबाले परिस्थिति बुझेर कुरा अगाडि बढाए र भने, " हेर ! मैले कसैको पोल लगाएको होइन, कसैको बिगार गर्न खोजेको पनि होइन। साँचो कुरा यी बच्चीहरूलाई थाहा दिनको निम्ति तिमीहरू सबैलाई बोलाएको हुँ।"

अमिताकी आमाले एक्कासी भनिन्, "अम्मीले सोधेको बेलामा मैले सबै कुरा भनिसकेकी छु। अब त नम्मीलाई पनि थाहा भइहाल्यो। बाँकी के छ र अब थाहा दिनुपर्ने ?"

अलि व्यङ्ग्यात्मक भई नमिताकी आमाले भनिन्, "त्यो त तिमीले आफ्नो तर्फबाट जो भन्नुपर्ने भनिहालिछ्यौ, बहिनी, अब भान्जेठाजुको कुरा पनि सुनौंत। आज सत्यनारायणको प्रसाद खाएको दिन जेठाजुको कुरा सुन्नुपर्छ।"

अमिताकी आमाले नाक फुलाएर टाउको हल्लाइन् र कर्के आँखाले नमिताकी आमालाई अब हामी आ-आफ्नो आमालाई सोधौंला हुन्न ?"

हेर्दै मुख फुलाएर बसिन्। भान्जेठबा र उनकी श्रीमतीले यी सबै देखेर मुखामुख गरी मुस्कुराए। अमिता र नमिता निकै झस्केर हंसले ठाम छोडेजस्ता पहिले भै सकेका र चुँक्क नबोली अलपत्र परेर बसेका थिए।

यी सबै हेर्दै भान्जेठबाले सम्झाए, " सत्य सत्यै हुन्छ र सधैं एकनासको रहन्छ। एक पुस्तापछि अर्को पुस्तामा गएर यो फेरिन्न र यसले अर्को रूप लिँदा पनि लिन्न।" कुरा छोटो पार्न उनले पालैपालोसँग सबैको मुख हेर्दै अरू थप्दै भन्न थाले, "यी साना नानीहरूको जिज्ञासाबाट यो कुरा आरम्भ भयो। जे भए पनि सुरू राम्रो भयो। किनभने यी नानीहरूबाट अनुसन्धान गरी सही

हामीले सक्दो मद्दत गर्नुपर्छ, नत्रभने सत्य दब्न सक्छ ।"

यतिन्जेल सम्ममा अमिताकी आमाले मन नपराएजस्तो, पट्याई लागेजस्तो भाव देखाएर शरीर घुमाउन थालेकी थिइन् । यो देखेर भाञ्जेठबाले भनाइ कायम राखे, "तिमीहरू बसेको घर मामाले आफ्नै पौरखबाट बनाएर तिमीहरूलाई दिएको हो । त्यस घरको शिलान्यासदेखि वास्तु तथा गृहप्रवेश गर्दा समेत म उपस्थित भएकोले मलाई सबै कुरा थाहा छ । त्यो घर तिमीहरू दुबैको परिवारको बराबर हक लाग्ने हो । त्यस घरमा तिमीहरू मिलेर बस्यौ भने मामा र माइजूका आत्माले शान्ति पाउनेछ । म तिमीहरूको घरको भाञ्जो हुनाले र तिमीहरू भन्दा जेठो पनि हुनाले मैले तिमीहरूलाई आशिष पनि दिनुपर्छ । तिमीहरूको भलो होस् । स-साना नचाहिने कुरामा कोही पनि नलाग्नू ।"

अनि अमिताकी आमालाई हेर्दै उज्यालो अनुहार पारेर भने, "बुहारी ! तिमीले अमितासँग ठट्टा गरेर यो घर मामाले बनाएको होइन भनिछौ, हो ?"

धूर्त तथा छटेल स्वभाव भई पिपलपाते विचार लिएकी अमिता की आमा लाई उनको भाञ्जेठाजुले यस कुरामा ठट्टाको रङ्ग भरेर सानासाना नानीहरूलाई सही कुराको जानकारी गराउने प्रयास गरिएको र यसो गर्नाले उनको फट्याइँ पनि छोप्ने काम भयो । त्यसकारण अब आफ्नो भाञ्जेठाजुको कुरामा समर्थन जनाउनु नै उचित देखी, हलुँको मान्दै अलि लाडे स्वरमा भनिन्, "हो हजुर ! वास्तवमा कुरा त्यसै हो । त्यस बेला के संयोग पऱ्यो कुन्नि ! मैले पनि ठट्टा गर्ने विचारले प्वाक्क बोलिहालें । तर ठट्टा पनि यसरी बिभ्दो र हेछ भन्ने अहिले था' भयो । अबदेखि यस्तो कुनै पनि किसिमको ठट्टा गर्ने छैन । मैले बाचा गरें ।"

- विराटनगर

कविता

गजल

❑ रासा

थुप्रै पैसा कमाउँछु भन्थ्यौ, के भो ?
जून-तारा समाउँछु भन्थ्यौ, के भो ?

यहाँ सधैं बस्ने गर्थ्यौं उदासीमा,
बिदेशमा रमाउँछु भन्थ्यौ, के भो ?

राम्रै काम गर्ने इच्छा तिम्रो थियो,
ठूलै धाक लगाउँछु भन्थ्यौ, के भो ?

नामसँगै बटुलेर दाम पनि,
'रासा'लाई थमाउँछु भन्थ्यौ, के भो ?

- पशुपति, देबपतन

कविता

गजल

❑ कमल क्षेत्री

गाँउ घरमा अझै हाम्रो भरि मानो छैन
ओत लाग्न नचुहिने खरको छानो छैन ।

योजनामा बने क्यारे बिकासका मूलहरू
तर हाम्रो भकारीमा अन्न-दानो छैन ।

जतिसुकै लाए पनि समानका नाराहरू
दःख भने गाउँलेलाई अझै सानो छैन ।

हेर्न पर्दा गाउँलाई सबै अन्धा हुन्छन्
आफ्नो स्वार्थ हेर्न भने कोही कानो छैन ।

-पर्बत, हाल- म्हेपी-१६ काठमाडौं

चिन्ता महको झिँगा समान हुन्छ, उसलाई जति हटायो त्यति टाँसिन्छ । - सुदर्शन
नैतिक आदर्शबिनाको प्रजातन्त्र असम्भव हुन्छ । - ज्याककेम्प
भाग्य एउटा बेश्या हो । - अज्ञात

'सीतायन' महाकाव्यको षष्ठखण्डलाई अवलोकन गर्दा

❑ ठाकुर शर्मा

संस्कृत साहित्यका महान् हस्ती आचार्य मम्मटले काव्यसम्बन्धी प्रयोजन सन्दर्भलाई सैद्धान्तिक ग्रन्थ काव्यप्रकाशमा यसरी उल्लेख गरेका छन् :

काव्यं यशसेऽर्थ कृते व्यवहारविदे शिवेतरक्षतये
सद्यःपरनिर्वृत्तये कान्तासम्मिततयोपदेश युजे ।

अर्थात् काव्यले यश दिन्छ, काव्यले अर्थ दिन्छ, व्यवहारविद् बनाउँछ, अकल्याणकारी वा अनर्थकारी कुराबाट रक्षा गर्छ, सांसारिकताबाट निवृत्ति प्रदान गर्छ, प्रियाले झैं मीठो बोलीले उपदेश प्रदान गर्छ । विधाताको सृष्टिमा आनन्द दिन मात्र होइन यसबाट मुक्तिसमेत प्राप्त गर्न अनेक उपायहरु बताइएको हुन्छ । त्यसमा पनि काव्य यस्तो बस्तु हो जसले समाजको यथार्थ स्थितिलाई अवलोकन गराउँछ, वर्तमान तथा भविष्यको स्थिति निर्धारण गर्छ वा व्यवहारविद् बनाउँछ। बाँच्न बचाउँन सिकाउँछ । काव्यकार पनि ऋषि नै हुन्, ठूलो तपस्याको आर्जन हो काव्य चिन्तन भनेको प्रतिफल हो काव्य प्रथमतः रामायण निर्माणकर्ता वाल्मीकि ऋषिले-

'मा निषाद प्रतिष्ठात्वमगम शाश्वती समा ।
यात्क्रौञ्च मिथुनादेकमवधि काममोहितम्' ॥

को निर्माण गरे । अकस्मात् पद्यमय वाक्य निर्माण भयो । काव्य प्रारम्भ भयो । रामायण नै निर्माण भयो-राम विषयको अनुगमन गरेर आदर्शमय जीवनको स्थापनार्थ । यसको विषयवस्तु नै आध्यात्मिकताको धरातलमा उँभिएको छ । आदर्शको चरमोत्कर्षमा उभ्याइएको छ । सामान्य स्थितिमा नपच्ने खालको स्थिति पनि यदाकदा अनुभव हुन्छ । रामायणकी नायिका सीताकै प्रसङ्ग ठाउँ-ठाउँमा यस्तो देखिन्छ कि नारीले भोग्नुपरेका कथा व्यथालाई अत्यन्त दुःखदायी बनेका प्रसङ्गहरू प्रशस्त भेटिन्छन् । परमशक्तिमयी, ममतामयी, धर्मपरायण नारीलाई समाजले शङ्काको दृष्टिले हेर्छ । समाजको नकारात्मक दृष्टिकोणले समाज नै अज्ञानको भुँमरीमा रोमलिन्छ। नारीप्रति शङ्कास्पद दृष्टिकोणले हेर्ने गर्छ र बारम्वार परीक्षा लिन्छ, तब पनि चित्त बुझ्दैन । रामायणमा सीताले बारम्बार परीक्षा दिनुपरेको छ । शक्तिशाली, जगज्जननीलाई पनि रावणले हरण गरेर रुखमुनि राख्यो, आफ्नो प्रस्तावलाई मान्न बाध्य तुल्याउन थाल्यो, त्रिजटाजस्ती नारीको सहयोगले सीतामा धैर्यता जाग्यो, रावणले हार्नुपर्‍यो । अग्नि परीक्षा, गर्भावस्थामा वनगमन प्रसङ्ग यस्ता प्रसङ्ग हुन् जहाँ नारीको धेरै कष्ट सहनुपर्‍यो तर जनसाधारणबाट माथि उठेको प्रसङ्ग, यौटा लक्ष्य प्राप्तिमा यी प्रसङ्गहरू गौण बन्न पुग्छन् किनकि सीताले स्वयं कतिपय कुरा आफैं निर्धारण गर्छिन् त्यो प्रसङ्गलाई पनि ठम्याउन सक्नुपर्‍यो, यौटा पाटा मात्र हेरेर हुँदैन, दुवै पक्षलाई हेर्नुपर्छ। रामायणमा जे खोज्यो त्यही प्राप्त हुन्छ ।

नारी शक्तिस्वरुपा हुन्, उनी नभए संसार चल्न सक्दैन चाहे विष्णुरूप होस् वा शङ्कररूप शक्तिबिना व्यर्थ छ , यो यथार्थ हो यसको पुष्टि पनि आध्यात्मिक साहित्यमा सर्वत्र नै पाइन्छ भने रामबिना सीता, सीताबिना रामको अस्तित्व नै छैन यो यथार्थलाई दृष्टिकोण गरी नेपाली साहित्यमा विशेष योगदान पुर्‍याउनुहुने डा.रमेशचन्द्र अधिकारीलाई सीताको महत्त्व बढी लाग्यो रामायणको सट्टा सीतायन किन नलेख्ने भन्ने उत्सुकता जाग्यो, नेपाली साहित्यलाई परम हस्ती नै प्राप्त गर्‍यो । अनुसन्धानात्मक एवं विश्लेषणत्मक शैली अपनाउने काव्यकारले अत्यन्त उत्कृष्ट पात्र नारी पात्रलाई माध्यम बनाएर महाकाव्यको सिर्जनामा लाग्नुभएको छ, जो नेपाली साहित्यकै लागि गौरवकै कुरा हो । सीतायन जस्तो महाकाव्य-धार्मिक सामाजिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छ ।

जसको यो खण्ड हुँदा नै महाकाव्यजस्तो लाग्छ। भन्नुको तात्पर्य हो -रामायणको कथाको एक अंशलाई समेटिएको कारणले हो। तर डा. रमेशचन्द्र अधिकारीका कलमको निरन्तरता त छँदैछ। कति खण्डमा गएर रोकिने हो त्यो थाहा छैन।

अहिले मेरो हातमा सीतायनको षष्ठखण्ड छ। यसमा विविध छन्दका ३२२५ श्लोकहरू छन्। सीताको गरिमालाई हेर्न कतै जानुपर्दैन आवरण चित्रले नै सम्पूर्णता प्रदान गर्छ। काव्यात्मकताको झल्को दिन्छ। आध्यात्मिकताको चरमोत्कर्षमा पुऱ्याइदिन्छ किनकि सीताको अग्नि प्रवेश महत्त्वपूर्ण अंश हो नारीको अस्मिताको। त्यहाँ सीता केवल नारी मात्र छैनन्, त्यहाँभन्दा माथि उठेका छन् आद्याशक्ति शक्तिस्वरुप बनेकी छन्। अग्निले पनि जलाउन नसक्ने स्वयं अग्निस्वरूपा माँ बनेकी छन्। यस चित्रले नै जीवनबोध गराउँछ -

जो संयमी छन् तिनका निमित्त
छुँदैन केही पनि भित्रि चित्र
आफैँ रमाइकन भित्रभित्र
रची रहन्छन् सुख-चित्र चित्र

पृष्ठ २७२ श्लोक १९०४

यस खण्डभित्र सीता, त्रिजटा, रावण, हनुमानको विशेष प्रसङ्ग छ , त्रिजटा महत्वपूर्ण पात्र हो। लङ्केशको कार्य गर्ने भएर पनि सीताको सहयोगी बनेकी छन्। यसले एउटा सङ्केत गर्छ विधिको विधानानुसारनै संसार चलेको छ। जति भक्षक भए पनि, जति दुष्ट्याइँ बढे पनि, त्यसको आधिक्यता होला तर रक्षक पनि त्यहीं कतै हुन्छन्। सीताको सन्दर्भमा त्रिजटाले रावणलाई पनि सम्झाएको प्रसङ्गको महत्त्वपूर्ण स्थान छ जो कविले त्यस समयको कुरामात्र समेट्न खोज्नु भएको छैन, वर्तमान समयको प्रसङ्गलाई पनि उभ्याउन खाज्नुभएको छ। सद्व्यवहार, सत्कीर्ति, शन्ति, सहअस्तित्व सदा सर्वदा नै राम्रा पक्ष हुन्। रावण शब्दले नकारात्मक प्रवृत्तितिर उन्मुख गराउँछ तर रावणभित्र रहेको शक्ति सकारात्मक प्रवृत्तितिर उन्मुख भएको भए रामावतार नै हुँदैन थियो होला, शीको स्वरूपा सीताको जन्म नै हुँदैन थियो होला। यी प्रसङ्गहरूमा आफ्नै किसिमको स्थान छ। त्रिजटा रावणलाई आफूले अनिष्टकारी सपना देखेको कारण सावधान हुनुपर्नेतिर सङ्केत गर्छिन्, रामको उत्थान र रावणको पतन वा सत्य को जय असत्यको पराजयलाई देखाउँछिन्, नारीहरण भनेको अत्यन्त तुच्छ कार्य हो, भुनिजनहरूलाई दुःख दिनु राम्रो हैन, कविको भनाई -

प्रगति जति गरेको स्वच्छ क्यै मार्ग छैन।
ऋषिमुनिहरूलाई कष्टदी खप्नु छैन।

पृ.२/श्लोक १०

रावणको कुल ऋषि महर्षिको कुल हो, कुलधर्मतिर र राजधर्मतिर सङ्केत गर्दै त्रिजटा भन्छिन्-उच्च कुलमा जन्मेर आफैँ खाडल खन्नु राम्रो होइन, हजारौं दोषी उम्कून् बरु निर्दोषले दण्ड पाउन कदापि हुँदैन भन्ने भावना व्यक्त भएको छ। काव्यका यी प्रसङ्ग अत्यन्त महत्त्वपूर्ण छन् -

दोषी हजारौं बरु उम्कि जाउन्
निर्दोषले दण्ड कबै नपाउन्
विचार यसो हुनुपर्छ राजा,
त्यसोगरे मात्र बनिन्छ ताजा।

पृष्ठ १० श्लोक-६६

राजाबाट नियुक्त कर्मचारी राम्रो भए राज्य
दीगो हुने सन्दर्भमा -
समात्त सक्ने हरुलाई दूत,
खटाउनु पर्दछ ती सबूत ...।

पृष्ठ ३० श्लोक -२०३

विद्या यस्तो विद्या हो जतिखर्च गऱ्यो उति बढ्छ, कहिल्यै रित्तिदैन। विद्या भन्नुनै त्यो व्यापक उज्यालो हो, त्यहाँ अन्धकार हुनहुँदैन तर यस काव्यको पात्र रावण विद्या भएर पनि अहम्को र कामुकताको पर्दाले ढाकेर विद्या नभए सरह बाँचेको छ यस्तो हुनुहुँदैन।

खर्चेर भ्याइन्न अनन्त विद्या,
खर्चीरहे तापनि धेर विद्या
ठूलो न ठूलो धन हो विचार
बेकार गर्नू किन दुस्प्रचार।

पृष्ठ ४७ श्लोक १३९

कुमार्गतिर कहिल्यै लाग्नु हुँदैन, सामाजिक कार्यहरुमा सधै सतर्क हुनुपर्छ र यो संसारमा सधैं कोही रहने होइन । जति कार्य गरिन्छ राम्रा कार्य गर्नु पर्दछ, त्यही सधैं रहने हो । पुर्खाहरूले पनि यस्तै कुरालाई ध्यान पुऱ्याएर राज्य सञ्चालन गरेका थिए । अडिग रहनुपर्छ, विचलित हुन थाल्यो भने राज्य नास हुन्छ । आफ्नो क्षमता, दृष्टिकोण आदिलाई ध्यान दिनुपर्छ भन्ने प्रसङ्गहरूले व्यापकता पाएको यस ग्रन्थले आदिदेखि अन्तसम्म हेर्दा केवल कथावस्तुलाई मात्र देखाउन खोजेको छैन, वर्तमान समयमा पनि विचार पुऱ्याउनु पर्नेतिर डोऱ्याउन खोजेको छ । तसर्थ यो वृहद्ग्रन्थ समसामयिक पनि छ ।

नेता हुनुपर्दछ धेर राम्रो,
जेता हुनुपर्दछ धेर राम्रो
पृ.३७७ श्लोक २५१

यस खण्डका अन्त्यमा कविले नेपालकी सीता हुन् भन्नेतिर सङ्केत गर्न खोजेको देखिन्छ । मातृभूमितिरको ममता देखिन्छ । रावण रामको प्रशंसाबाट विचलित भएकै अवस्थामा एक निशाचरीको मुखवाट सीताको जन्मभूमि नेपाल र त्यसमा भौगोलिक, सांस्कृतिक, धार्मिक र जातीय विशेषताको सम्बन्धमा चर्चा गराउनु भएको छ । यसले यही नेपालकी चेली, वा नेपालकी एक विभूतिको अस्तित्व देखाउन खोजेको देखिन्छ । नेपालको संस्कृति, भेषभूषा शिरमा टोपी कम्मर पेटी चोली र गुन्युँ छ -

डेँडा पाखा हरिया भाका बनमा उन्युँ छ
नेपाली मन नेपाली जन सङ्ख्यामा थोरै छ ।
आँखाको नानी सानै छ रूप महन्त्व धेरै छ ।
पृष्ठ -४१७ श्लोक २८९४

कतिपय ठाउँमा तत्सम शब्दको प्रयोगको वाहुल्यताले गर्दा अर्थ पाउन कठिन अनुभव भए पनि त्यसमा स्वाभाविकता नै आएको छ । तर जस्तो आयो त्यस्तै बर्सिएको र छाँटकाँट चाहिँ नभएको महशुस धेरै ठाउँमा पाइन्छ । यस्तो उत्कृष्ट कार्यमा संलग्न हुनुभएका कविले यतातिर ध्यान दिई अझ सरल र स-साना कमी कमजोरीलाई हटाउने कार्य गरिदिए सुनमा सुगन्ध हुने थियो जस्तो लाग्छ । 'सीतायन' षष्ठखण्ड २०६० पौषमा प्रकाशित भएको हो । यसको अर्को खण्ड पनि शीघ्र नै आउँदै छ । अत्यन्त द्रुततर गतिमा कलम चल्नु भनेको प्राकृतिक देन हो । यसमा अझ चमक ल्याउनुले भावी सन्ततिलाई ठूलो योगदान हुनेछ । पढ्नेका कुरा धेरै छन्, गुन्ने कुरा धेरै छन्, कविको विषयमा लेख्ने कुरा धेरै छ । सिर्जनाको मुहान जस्तै देखिनु भएका डा. रमेशचन्द्र अधिकारीले धेरै लेख्ने घृष्टता गरें भन्नुभयो तर सिर्जनाशक्ति सबैमा हुने कुरा अवश्य हैन वा धेरै साधना गर्नुपर्छ । पाँचवर्षको अन्तरालमा यस्ता वृहद् ग्रन्थ दिनसक्ने व्यक्तित्वले सामान्य कुरातिर पनि ध्यान दिंदा राम्रै हुन्छ किनकि भाषाको छिन्नभिन्नतालाई रोक्ने कार्य हुनुको साथै नेपाली भाषाले यौटा उत्कृष्ट काव्य प्राप्त गर्छ जो युगौं युगसम्म मार्ग निर्देश गरिर-हन्छ । काव्यले यश दिने हो र अहिलेका कविहरूले मात्र होइन संस्कृत साहित्यका उत्कृष्ट कविहरूले पनि काव्य सिर्जनामा दुःख नै पाएका थिए र २/४ लाइनको कविताले भोक प्यास मेटाउने कार्य गरेको इतिहास पनि हामीले बिर्सनु हुँदैन । तसर्थ मेरो छोटो बुद्धिको प्रार्थना छ डा. अधिकारीज्यूले चामलभित्रका बियाँ, ढुंगालाई फाल्नै पर्छ ।

'सितायन' जस्तो वृहद् काव्य अमर ग्रन्थ हो, यो क्षणिकताको धरातलमा उभिनु हुँदैन । काव्यकार को ज्ञान, उत्साहले र प्रकृतिप्रदत्त काव्यशक्तिले अठोट गरेको छ । महाकाव्यको टुङ्ग्याइ कहाँ हुने हो थाहा छैन तर परिस्कृत रुपमा आउन पर्छ जो अनन्त अनन्तसम्म रामायण जस्तो 'सितायन' बनिरहोस् ।

'कविता सविता रसमा बगी, नवजीवन यो सरितासरी'होस् । कला कौशलताले परिपूर्ण काव्य जन जनको मनमा बसोस् । इत्यलम्

- सिफल, काठमाडौं ।

कविता

म इतिहासमा लिलिपुटको कालो प्रतिनिधि

❑ भागवत आचार्य

म त हजुर ,
इतिहासमा
लिलिपुटको प्रतिनिधि हुँ ।

हो, म इतिहासमा
लिलिपुटको कालो प्रतिनिधि हुँ,
मेरो शरीरको कद ठूलो भएर पनि
म इतिहासमा लिलिपुटको मानव बनेको छु ।
किनकि मैले
राष्ट्रको गौरवमय श्वेत इतिहासलाई
अनि राष्ट्रिय स्वाभिमान र अखण्डतालाई
चिन्न सकेकै छैन ।
यदि, त्यो गौरव चिनेको भए
म यति 'पुड्के' हुने थिइनँ ।

त्यसैले, ए हजुर !
म लिलिपुटको कालो पोतिएको मानव
मेरो चिन्तनको घेरा साँघुरो छ
र त म
इतिहासमा बदनाम भएको छु ।
मेरो सोचाइ 'म' बाट बाहिर जान सकेन,
मेरो सोचाइ 'हामी' सम्म पुग्न सकेन,
मेरो सोचाइ 'देश' सम्म पुग्न सकेन,
मानवताको विशाल संसारमा
मेरो सोचाइ पुग्न सकेन,
त्यसैले
म इतिहासमा लिलिपुटको कालो प्रतिनिधि बनेको छु ।

हो, म बदनाम भएको छु ,
मैले मुख देखाएर हिँड्न गाह्रो भएको छ ।
मैले इतिहासमा गर्नै नहुने काम गरेको छु ।
मैले जनतालाई झुक्याएको छु ।
आफ्नो स्वार्थका लागि
आफ्नै देशलाई बन्धक राखिदिएको छु ।
अनि आफ्नै हितका निम्ति
काला कानुनहरू निमार्ण गरेको छु ।
धोएर पखालेर जाँदै नजाने
कालो इतिहास निर्माण गरेको छु ।

त्यसैले, हजुर
म लिलिपुटको कालो प्रतिनिधि
इतिहासमा सुरक्षित छु ।

हो, कालो इतिहास बाँचिरहेको छु म,
मेरो सोचाइले सगरमाथालाई चिनेन,
मेरो सोचाइले बुद्धलाई चिनेन,
मेरो सोचाइले मानवलाई चिनेन,
विवेक, आत्मसम्मान र गौरवमय अतितलाई चिनेन ।
किनकि-ए हजुर,मेरो विवेक माथि बादल लागेको छ,
र, त म अहिले पश्चातापमा रुमल्लिएको छु ।

जनताको हृदय गुमाइसकेको म लिलिपुट,
प्रकृतिले दिए निधारमा म,
कालो धब्बा बोकेर हिड्ने थिएँ ।
र त म कालो धब्बा बोकेर हिँडेको छु ।
तर धन्य चर्मचक्षुले त्यो देखिएको छैन ।
कालो हृदय लिएर हिँडे पनि,
अझै पनि म प्रजातन्त्रको बर्को ओढेर,
जति नै गन्धा शरीर भए पनि
बिरालो झैँ डिच्च दाँत देखाउँदै
हिँडिरहेको छु र
'देश, र गरिब जनताको हितका लागि
'प्रजातन्त्रको रक्षा हुनैपर्छ' भन्ने गरेको छु ।

म लिलिपुटको कालो प्रतिनिधि हजुर,
सधैँ इतिहासमा सुरक्षित रहने छु ।
मलाई विद्यार्थीहरूले कालो पढ्ने छन् ,
मलाई विद्यार्थीहरुले कालो लेख्ने छन् ।
जनताको हृदयमा कालै भएर बस्ने छु ।
मैले जनतालाई झुक्याउन खोजे पनि
सारा राष्ट्रलाई झुक्याउन खोजे पनि
मेरो आत्मालाई झुक्याउन सकिनँ ।
त्यसैले म, महाभारतमा वर्णित'घटोत्कच'
भएर पनि 'पुड्के' भएको छु ।
त्यसैले ए हजुर !
म इतिहासमा लिलिपुटको कालो प्रतिनिधि बनेको छु ।

- राजापानी -९, खोटाङ

औपचारिकता

❑ जोतारे धाईबा

देशको वरिष्ठ साहित्यकार र बौद्धिक धरोहरको अस्त भएपछि श्रद्धाञ्जली अर्पणको लागि पुरेको भीडले गर्दा साहित्यकार निवासको फराकिलो परिसर पनि साँगुरो भयो । विभिन्न कुनाबाट त्यहाँ आउनेहरूको क्रम रोकिएन । देशको तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न प्रधानमन्त्रीज्यूले अभिभारा लिनुपर्ने भयो । यसले गर्दा उहाँको अनुहारमा दुविधाको रेखा एकाएक देखिन थाल्यो । कुरा के भने, प्रधानमन्त्री पनि एक स्वनामधन्य लेखक थिए र कुनै जमानामा ती वरिष्ठ साहित्यकारहरूसँगको समकालीन लेखक थिए र कुनै जमानामा ती वरिष्ठ साहित्यकारसँगको समकालीन लेखनको प्रतिस्पर्धामा एकले अर्कोलाई आलोचना गर्ने क्रममा गालीगलौजको अन्तिम सीमा नाघ्नुको साथै कुनै वृहत् सम्मेलनमा हात हालाहाल नै भएको थियो ।

त्यसपछिका पछिल्ला समयमा उनीहरूमा बोलचालै बन्द निवासको फराकिलो परिसर पनि साँगुरो भयो । विभिन्न कुनाबाट त्यहाँ आउनेहरूको क्रम रोकिएन । देशको तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न प्रधानमन्त्रीज्यूले अभिभारा लिनुपर्ने भयो । यसले गर्दा उहाँको अनुहारमा दुविधाको रेखा एकाएक देखिन थाल्यो । कुरा के भने, प्रधानमन्त्री पनि एक स्वनामधन्य लेखक थिए र कुनै जमानामा ती वरिष्ठ साहित्यकारहरूसँगको समकालीन लेखक थिए र कुनै जमानामा ती वरिष्ठ साहित्यकारसँगको समकालीन लेखनको प्रतिस्पर्धामा एकले अर्कोलाई आलोचना गर्ने क्रममा गालीगलौजको अन्तिम सीमा नाघ्नुको साथै कुनै वृहत् सम्मेलनमा हात हालाहाल नै भएको थियो ।

त्यसपछिका पछिल्ला समयमा उनीहरूमा बोलचालै बन्द भयो, जसको सम्पूर्ण विवरण समस्त सर्वसाधारणमा हावासरी फैलिएको थियो । आज उही आफ्नो कट्टर विरोधीलाई श्रद्धाको शिर निहुराउन जानुपर्दा मन्त्रीज्यूको मन कुँढियो, उहाँ असमन्जसमा पर्नुभयो । अनन्तः पदीय 'दायित्व' निर्वाह गर्न उहाँलाई करै लाग्यो ।

उहाँ सुरक्षित रूपमा दलबलसहित अँध्यारो अनुहार लगाएर शवसमक्ष पुग्नुभयो । वरिपरि भीडले उग्ररूप धारण गऱ्यो । कुनै बेलाका आपसी शत्रु रहेकामा मन्त्रीज्यूको सामयिक श्रद्धा' देखेर भीड दङ्ग पऱ्यो । एकछिन त भीडमा एकअर्कालाई मुखामुख गरी खासखुस चल्यो । तर मन्त्रीज्यूको उदारता र शत्रुतालाई त्यागेर आत्मीयता प्रकट गरेको दृश्यले भीड गम्भीर बन्यो र मन्त्रीज्यूको प्रशंसा गर्दै मनमनै भन्यो-"वाह ! मन्त्रीज्यूको साहित्यकार सम्मान !"

मन्त्रीज्यू होशियारीपूर्वक पुष्पगुच्छा शवमा चढाएर धुप हातमा लिएर शवलाई ढोरदै परिक्रमा गर्न थाल्नुभयो र मुहारलाई सकेसम्म दुःखपूर्ण भाव झल्काउने गरी चाउरी पार्नुभयो । शव परिक्रमापछि उहाँले शवको गोडामा आफ्नो शिर केहीबेर घोप्ट्याएर भीडको आँखा छल्दै मुखभरिको थुक त्यही गोडामा अर्पण गर्नुभयो- "थुइक्क !"

त्यस्तो हदैसम्मको लचिलो आदर देख्दा भीडको तारिफले झन् विशाल रूप लियो । मन्त्रीज्यूलाई भने बल्ल सन्तोष लाग्यो । उहाँ मनमनै मुस्कुराउँदै खुच्चिङको झण्डा फर्फराएर पजेरोमा चढी बिदा हुनुभयो ।

- उदयपुर

सत्य बोल्नु, क्रोध नगर्नु, कसैसँग विमुख नहुनु- यी तीन मध्ये कुनै एक धर्मद्वारा देवलोक प्राप्त हुन्छ ।

- गौतम बुद्ध

ठूला मानिसहरूका लागि जेल बनाउनु भन्दा बालकहरूका निम्ति स्कुल बनाउनु बेश ।

-एलिजा कुक

नेपाल चिनाउने उद्घोष

❑ रामप्रसाद पन्त

हिजोआज कुनै न कुनै विषयका कुनै न कुनै आकारका, कुनै न कुनै आयतनका कार्यक्रमहरू हुने गर्दछन् -कोठादेखि ठूलाठूला एयरकुलर हलहरूसम्म । दर्शक वा स्रोताहरूको रूपमा मात्र भाग लिन चाहनेहरूका लागि यो एउटा समय कटाउने सजिलो उपाय पनि हो । पहिलेपहिले जस्तो रत्नपार्कमा जादू हेरेर दिन काट्नु पर्दैन, घाम तापेर बदाम छोडाउनु पनि पर्दैन । कार्यक्रमको शोभा बढाइदिएबापत् उल्टै चियानास्ता पनि बुर्क्याउन पाइन्छ । कहिले त भ्याई नभ्याई हुन्छ, कहाँ जाने कहाँ नजाने ! रेडियोले फुकिदिन्छ, अखबारले लेखिदिन्छ दुई तीनतिरका कार्यक्रमहरू । अझ अहिले त कुनै कार्यक्रममा अन्यत्र कतै गरिने कार्यक्रमको सूचना पढ्ने गरिन्छ र भनिन्छ- चूलेनिम्तो । अनि त कहाँ जाने कहाँ नजाने निर्णय गर्नै गाह्रो । होटेल र ठूला हलहरू अनि प्रधानमन्त्री र मन्त्रीहरू प्रमुख अतिथि भएको कार्यक्रम भेटेसम्म चानचुने कार्यक्रममा किन मन डुलाउने ? समय बर्बाद किन गर्ने ?

आजको कार्यक्रम धेरैतिर जुधेछ- एउटा साहित्य गोष्ठी, एउटा कला प्रदर्शनी, एउटा सांस्कृतिक कार्यक्रम, एउटा राजनीतिक चिन्तन मनन र एउटा सुन्दरी प्रतियोगिता ।

विश्वविद्यालयका प्राध्यापक, प्राज्ञ र नेपाली भाषा साहित्यका शिखर पुरूषहरूको जमघट भएको एउटा कार्यक्रममा नेपाली साहित्यको विकास र सुधार गर्नुपर्ने विषयहरूबारेमा शोधपत्र पेश र चिन्तन मनन हुँदैथियो । यसमा एकजना चर्चित कविको किताब विमोचन र संग्रहित कवितामा देखिएको भावना र सौन्दर्यबारे विस्तृत चर्चा एवम् टीका टिप्पणी हुने तय भइरहेको थियो । तर अधिकांश सिट खालि थिए । स्रोता आउने प्रतीक्षा गर्दा झन् भएका स्रोता पनि घट्दै जान थालेकोले शुरु गर्न ढिला गरिएन ।

अर्को एउटा प्रदर्शनी कक्षमा देश-विदेशका सिद्धहस्त कलाकारहरूद्वारा कोरिएका अमूर्त कलाको प्रर्दशनी धुमधामका साथ मनाउने योजना सहित आयोजकहरू प्रतीक्षारत थिए । तर प्रमुख अतिथि सुन्दरी छान्ने प्रतियोगितामै निमग्न हुनुभएकोले प्रमुख अतिथिबिनाको कार्यक्रम एक घण्टापछि मात्र शुरु भयो र कलाविज्ञहरूबाट राष्ट्रको पहिचान गर्न कला विकासको अपरिहार्यता बारे चर्चा भयो ।

उता एउटा सांस्कृतिक केन्द्रमा नेपाली संस्कृतिलाई दीगो राख्न र नेपाली पहिचानलाई जीवन्तता दिने नेपाली संस्कृतिका झाँकिहरू सहित परम्परागत नृत्यहरू आयोजना भइरहेको थियो । जहाँ टिकटवाला थुप्रै खाली सिटहरूले नेपाली संस्कृतिमाथि व्यङ्ग्य गरिरहेका थिए भने पासवाला सिटहरू समेत खाली भएको देख्दा आयोजकवर्गको अनुहारमा खिन्नता र वितृष्णा छाएको देखिन्थ्यो ।

'वर्तमान राजनीति र देशको भविष्य' विषयक चिन्तन - मनन चलिरहेको त्यो होटेलको एउटा गोष्ठीमा पार्टीका विशिष्ट नेता र बुद्धिजीवीहरूको उपस्थिति थियो र तत्सम्बन्धी राजनीतिक ऐजेण्डा तथा समसामयिक विषयवस्तुका बारेमा छलफल भइरहेको थियो । मञ्चमा आसिन हुने नेताहरू बाहेक स्रोताहरूको उपस्थिति अत्यन्त न्यून रहेकोले आयोजकले कार्यक्रम शुरु हुने समय आधाघण्टा पछि सारे । त्यसपछि पनि नेता तथा बुद्धिजीवीवर्गलाई मञ्चमा बोलाउँदा अगाडिपट्टिका पूरै सिट खाली हुने र पछिल्लोतर्फका सिटहरूले पनि स्रोताहरूको प्रतीक्षा गरिरहेका हुँदा आयोजक वर्ग जिल्लिए । कार्यक्रम त गर्नु नै थियो, भयो । तर

उता अन्तर्राष्ट्रियस्तरको विशाल सम्मेलनहलमा एउटा सुन्दरी प्रतियोगिता भइरहेको थियो । जहाँ सोह्रदेखि बाइसवर्षसम्मका युवतीहरू बजारमा बिक्रीमा राखिएका प्लाष्टिक नारीजस्तै वक्ष, नाभी र नितम्ब प्रदर्शन गरेर 'मिस नेपाल' रूपी छाप लगाउने प्रतिस्पर्धामा जुटिरहेका थिए । त्यहाँ खोटामालहरूमा सुनको जलप लगाएर नक्कली आभूषण तयार गर्ने वा नारीदेहको शालीनता नङ्ग्याएर व्यापार गर्ने वृत्ति चलिरहेको थियो । अर्थात् आदर्श नेपाली नारीको सुन्दर शरीरबाट चिर हरण गरेर नारी अस्मिता र गरिमालाई नङ्याउने काम भइरहको थियो ।

पासवालाहरूले हल खचाखच भरिएको थियो भने बाहिरपट्टि पूरै मानवसागर उर्लेर भवन परिसर-लाई नै चुर्लुम्मै पारेको थियो । कडा सुरक्षा व्यवस्था अपनाइएको भए तापनि सुरक्षाकर्मीहरूलाई जनता तह लगाउन धौधौ परिरहेको थियो ।

बाहिरतिरबाट नारीअस्मिता र मानवीय मर्यादाप्रति आवाज उठाउनेहरूलाई हलभित्रबाट 'यस प्रतियोगिताले नेपाललाई चिनाउने छ, वीर नेपालीलाई चिनाउने छ, बुद्धको देशलाई चिनाउने छ, सगरमाथाको महत्त्वलाई बुझाउने छ । अर्थात् हामी हुनुको अस्तित्वले देश चिनाउने कार्यसँग अन्योन्याश्रित सम्बन्ध राखेको छ । हामीले विदेशमा गएर नेपाल र नेपालीलाई चिनाउने छौं । यस प्रतियोगिताको अभिप्राय आफ्नो देश चिनाउन र देशको इज्जत बढाउन हामी नारीहरू पनि सक्षम छौं भन्ने हो ।'

मानौं महात्मा गौतमबुद्धले आफ्नो जन्मभूमिको परिचय दिन सकेनन्, स्वयम् ठडिएको सगरमाथाले आफ्नो सर्वोच्च शिर देखाउन सकेन । अब सम्राट् अशोकको महत्त्व रहेन, हुयानसाङ्को महत्त्व रहेन, सारीपुत्र(बुद्धका चेला)हरूको महत्त्व रहेन, नेपाल राज्य स्थापना गर्ने बडामहाराजको महत्त्व रहेन । वीर गोर्खालीको महत्त्व रहेन, नेपालका अनुसन्धाता बाबुराम आचार्य, योगी नरहरीनाथ र नयराज पन्तको महत्त्व रहेन ।

***

कविता

आमालाई

❑ ललिता पुडासैनी

लुछिरहेका छन् आफ्नै आमालाई
कोही अगाडीबाट त कोही पछाडीबाट
लुट्नैमा व्यस्त छन् -
देश बनाउन ठेक्का लिएकाहरू ।
निरीह आमा विवश छिन्
आफ्नै सन्तानका कुकर्महरूदेखि
फरियाको सप्कोले मुख छोप्दैछिन्
सहने क्षमता नहुँदाखेरि ।

सबै कौरबहरू चुपचाप छन्
आफ्नै आमाको चिरहरण हुँदा
आमा बेचिँदैछिन् सन्तानको प्यास बुझाउन
तर म भन्छु - मेटाइदेऊ अस्तित्व नै बरु
पलपल किन घोचिरहन्छौ ?
जलाइदेऊ जिउँदै आमालाई बरु
कसैसँग एक काँटि सलाई अनुदान मागी

- जोरपाटी, काठमाडौं

शब्दहरूको दशमा-२

❑ राजकुमार कार्की

१.

शब्दालयको भयालबाट हेर्दैछु निर्निमेष
ती अक्षरहरूको क्षितिजलाई
केही स्पष्ट/अस्पष्ट लाग्ने शब्दहरू
सडकमा ओहोर दोहोर-गरिरहेछन् !

२.

अक्षरहरू-
शब्द-शब्दको पिठ्यूँ चढेर
शब्दहरू -
शब्द-शब्दको भ्याङ उक्लेर
वाक्यहरू -
शब्द-शब्दको टाउको टेकेर
अभ्यस्त सडक र गोरेटो भएर
क्रय-विक्रयको व्यस्त भीडलाई
गन्तव्य रोजेर हिँडिरहेछ-हिँडिरहेछ !

३.

व्यस्त बजारको अभ्यस्त भीडमा
शब्दहरूको क्रय-विक्रय चल्दैछ
शब्दहरूको टुक्रा-टुक्रा किमा भइरहेछ
अक्षरहरूमा
आफ्नो भागमा कति शब्दहरू पर्ने हो
झरे एउटा ठूलो रित्तो झोला लिएर
कैयौं रात, महिना र वर्षदेखि
अरू जस्तै लहर-लहरमा उभेको उभेकै छु
म आफ्नो पालो पर्खेर !

४.

शब्दहरू/अक्षरहरू कहाँ कहाँ
घुम्न गएका होलान् !
यात्राहरू जो अविराम/अविरल
बगिरहेछन् बगिरहेछन्
गन्तव्यको यात्रा सुविधा हिँडेर
त्यहाँ पुगिन्न/पुग्नुहरू सपना बन्छन् !
अक्षरहरूदेखि शब्दहरूसम्मको नियात्रामा
तिम्रो स्वरुपको खोजी कहाँ कहाँ गरिनँ मैले
तिम्रो रुप लावण्यको चर्चा कहाँ, कहाँ गरिनँ मैले
तिम्रो कामुकताको सगरमाथा चढ्न
कहाँ कहाँ दौडिनँ मैले ।

५.

औं ! प्रणम्य !!
तिमी निरुत्साही हतभागी नहुनु त्यसरी
आफ्नो भागमा कति फक्लेटा विश्वासहरू
पर्ने हो भनेर
तिमी लहरमा आफ्नो पालो पर्खेर बसेकी छौ
अक्षरले शब्दहरूको घर नपाएर
शब्द र अक्षर हरूले शब्दहरूको विश्वासको
आड नपाएर
कता कता फेरि विखलबन्द परेका होलान्
कताकता आफैंमा अन्तर्द्वन्द्व लिएर बाँचेका होलान् ।

६.

ओ ! प्रणम्य शब्दहरू !
तिमी मेरो भागमा कति पर्ने छौ
त्यो भागमात्र थाप्नु यो जिन्दगीको दोभानमा
कतिकति दिन र रातदेखि तिम्रो प्रतीक्षामा छु
उमेरका दिनहरू जोड-घटाउका साथ समीकरण गर्दैछु
खै ! शब्दहरू आइपुगे आइपुगेनन् मकहाँ
खै ! अक्षरहरू पनि देखा पर्नसम्म आएनन् म कहाँ
शब्द र अक्षरहरूको शताब्दी अघिदेखिको लाममा
म आफ्नो पालो पर्खेर बसेको छु ।

७.

शब्दहरू क्रय-विक्रयको भीडमा
म अभ्यस्त उभेको छु आजसम्म
कहिले म अभ्यस्त सडक र गोरेटो
हिँडिरहेको हुन्छु
तर आफ्नो पालो भने पर्खेर बसेको छु ।

जहाँ भावनात्मक सम्बन्ध हुन्छ, त्यहाँ तर्क र न्यायले कुनै काम गर्दैन । - प्रेमचन्द्र
क्रोधबाट सुरुहुने हरेक कुरा लज्जासित विसर्जन हुने गर्छन् । -बेन्जामिन फ्रेङ्कलिन

मामागाउँ बिसुँ म कसरी ?

❑ काशीराम 'विरस'

जिन्दगी यात्रा रहेछ । जिन्दगीका यात्राक्रमहरू सधैं एकनाशको हुँदो रहेनछ । यिनै यात्राका क्रमहरू कहिले सामान्य भएर त कहिले अविस्मरणीय भएर स्मृतिपटलमा कहिले नमेटिने गरी सधैं ताजा भएर रहने गर्दछ । यसरी ताजा भएर रहिरहने घटनाहरूमध्ये यात्रासंस्मरण पनि एक रहेछ । जुन अनुभूति गर्ने मौका मलाई पनि मिलेको थियो ।

२०४९ सालतिरको कुरा हो । हामी तीन जना साथीहरू (श्याम, सुरेन्द्र र म) जगाती बसस्टपमा करीब दिनको १२:०० बजेतिर बनेपा जाने बस कुर्दै थियौं । एकछिनपछि खचाखच भरिएको बस आइपुग्यो । नहोस् पनि कसरी ! सबैलाई उही समयमा पुग्नै पर्ने । त्यति खचाखच हुँदाहुँदै पनि बस कण्डक्टरको बोलाहटले हामीपनि भेडाबाखा कोचिए झैं कोचियौं त्यसै बसभित्र । यति हुँदाहुँदै पनि कण्डक्टरले अरु पेसेन्जरहरूलाई बोलाउँदै थियो । -"ओ दिदी ल सिट खाली छ आउनोस् आउनोस् जानै लाग्यो छिटो आउनोस् बनेपा एक्सप्रेस भन्दै सिट्टी बजायो मुखबाट स्वी....., गाडी गुड्यो ।

वैशाखको भर्खर शुरु हुन लागेको गर्मी, त्यसमा पनि भेडा कोचिए झैं कोचिनुपर्ने वातावरण । ठिटो होस् या ठिटी सबैले सबैको जिउसँगै टाँसिएर बस्नुपर्ने बाध्यताले मेरो भित्री टिसर्ट त पूरा भिजिसकेको थियो । शायद अरूहरूको पनि त्यस्तै हुनुपर्छ । यति हुँदा पनि सहेर बस्नुपर्ने बाहेक अरू उपाय नै के छ र ! हामीजस्तो निम्नवर्गका लागि । भन्ने बेलामा एक्सप्रेस रे ! ठाउँ-ठाउँका बसस्टेशनहरूमा बिसाउँदै पेसेन्जरहरू झार्दै, थप्दै गर्दा, झन् म भित्र उर्लिरहेको रिसका झन्कारहरू एकै चोटि खनिन पुगे कन्डक्टरमाथि । -"ए अझै सिट खाली छ कि क्या हो ! यहाँ खुट्टा टेक्ने ठाउँ छैन । हामी भेडाबाखा त हैन नी ! फोकटमा त्यसै चढेको जस्तो गर्छौ ! यो भनाइलाई सबै पेसेन्जरहरूले हो मा हो मिलाए । तर यो कुरा कण्डक्टरले सुनेको नसुनेझैं बहाना गऱ्यो । सुनोस् पनि कसरी ? सुनेर के नै फाइदा छ र ! उसलाई दुईचार दामको सवालमा ऊ आफ्नै धुनमा कराउँदै थियो, सिट्टी बजाउँदै थियो । एकघण्टाको बसयात्रापश्चात् ओर्लंदा भर्खरै जेलबाट छुटेका कैदीझैं महसुस भयो हामीलाई । बसयात्राको थकाइलाई एकैछिन बिट मारेर हामी पुग्नुपर्ने गन्तव्यस्थान अर्थात् साथी सुरेन्द्रको मामाबाजेको घर (मण्डन) कुन्तावेशीमा पुग्न पुनः अर्को बस समात्यौं । गाउँतिर चल्ने बस भएकाले होला, पहिले चढेको बसमा जस्तो कोचिनु परेन र आरामले सिटमा बस्नु गाडी पनि गुड्नु, कस्तो संयोग !

पहिले र अहिले चढेको बसको तुलना गर्दै, बस यात्राबाट बाहिरको स्वच्छ हावाको हुईंकाईसँगै प्रकृतिका मन्त्रमुग्ध दृष्यहरू बाटाभरि पिउँदै गयौं हामीले । साँच्चै नै गाउँ मेरो लागि स्वर्ग नै हो कि जस्तो अनुभूति भयो । शायद, शहरको कोलाहलपूर्ण वातावरणबाट एकैछिन छुट्कारा पाएर होला, मलाई यस्तो अनुभूति भएको ! करीब ४/५ कि.मी. बाटो लागेर कच्ची घुम्ती बाटो लाग्यो बस । सडकको दायाँबायाँ गहुँ, आलु, फापरको खेती र वरिपरि पहाडका काखहरूमा फुलिरहेका फूलहरू झुलिरहेको रमणीय वातावरणको दृश्यावलोकन गर्दै गफमा लठ्ठिन पुग्यौं हामी । बीच स्टेशनहरूमा पेसेन्जरहरू राख्दै, ओराल्दै कच्ची बाटोमा गाडीले उफार्दै गर्दा पूरै दुईघण्टा लगाएर कुन्तावेशी छोडिदिन्छ । कुन्ता त्यस स्थानको व्यापारिक केन्द्र जस्तै थियो । मण्डन पुग्न कुन्ताबाट हामी माथि डाँडाको बाटो लाग्छौं । डाँडाको पाखामा लहरै उभिएका सल्ला र धुपीका बोटहरूले हामीलाई हार्दिकताका साथ स्वागत गरे झैं लाग्यो । मामाबाजेको घर पुग्न डाँडाबाटो हुनाले ठ्याम्मै एक घण्टा लाग्यो हामीलाई । दिनभरीको

खाना खाएर, मामाबाजे, बज्यै र मामामाइजूहरूसँग करीब एकघण्टाको भलाकुसारीपश्चात् निन्द्रादेवीको काखमा चुर्लुम्म डुब्छौं । निन्द्रादेवीले काख छोड्दा त छर्लङ्ग उज्यालो भइसकेको थियो ।

बिहानको नित्यकर्म सिध्याई करीब ११:०० बजेतिर मामाले त्यहाँको वस्तुस्थितिको बारेमा जानकारी गराउनुभयो हामीलाई । त्यस गाउँ अर्थात् मण्डनमा नेवारहरूको बाहुल्यता रहेछ । बिहानीको मीठो प्रहरमा शीतका तरेलीहरूलाई पछ्याउँदै, उत्तरतर्फ देखिने हिमशृङ्खलाहरूको र सपान गर्दै, दक्षिणपट्टी प्रकृतिले दिएका देन (पहाड) हरूमा फक्रेका फूलका नवमञ्जरीहरूलाई चुम्दै, एकछिन पहाडका हरियाली मनमुस्कान भित्र हराउन पुग्छौं । मेरो मुखबाट अनायासै फुस्कन्छन्- पहाडको माथि माथि घुम्दै..... बादलजस्तै..... । साँच्चै आज हामीलाई नौलो अनुभूति भएको प्रकृतिको काखमा रमाउँदा । अनि हामी त्यही गीत गुन्जाउँदै, मामा-माइजू, बाजे-बज्यै सबैसँग बिदा मागेर तल झर्छौं ।

मण्डन गाउँको शिक्षा, सभ्यता, शैक्षिक विकास आदि विषयमा पुरानै परम्परागत अवधारणाका जराले छोडिनसकेको महसुस गर्यौं हामीले । यसरी गाउँको सानो अनुभव सँगालेर जगाती बसस्टपमा ओर्लंदा सूर्य आफ्नो गन्तव्यस्थानमा गइसकेका थिए ।

- भक्तपुर

मुक्तक

बेरोजगार

❑ देवीप्रसाद न्योपाने 'धीर'

पढ्न खोज्छौ पढिराख, धोको पूरा गर्न ।
डिग्री होल्डर भयौ तिमी, सीप केही छैन ।
माथि तिम्रो आफन्त नि, छ कि छैन हेर !
दह्रो हाँगो रोज्ने मान्छे, हुन्न बेरोजगार ।

- सिद्धार्थनगर-३

कविता

पुल

❑ नरेन्द्र घिमिरे

वल्लो किनारदेखि पल्लो किनारसम्म
पल्लो किनारदेखि वल्लो किनारसम्म
अनेकताका आवाजहरू विरुद्ध
आत्मीयताका हातहरू बढाइरहन्छ पुल
सिमानाको संकीर्णता तोडेर !

पुलहरू
विभेदका विरूद्धमा जुधिरहन्छन्
पुलहरू
विखण्डनका विपक्षमा डटिरहन्छन्
परोपकार पुण्याय.....
आफ्नो सारा जीवन अरुकै हितमा सुम्पेर
आँधि, हुरी र बाढीका बाबजुद पनि
पुलहरू सहिष्णुताको सगरमाथा उभ्याइरहन्छन् !

दुई नदीको दोभानबाट जन्मिने शक्तिजस्तै
हरेक पुलको सपनामा
फरक-फरकहरूको मिलनबाट प्राप्त हुने
सामुहिक प्रतिबद्धताको क्षितिज हाँसिरहेको हुन्छ !

पुल भन्नु वास्तवमा प्रतिक हो एकताको
पृथ्वीनारायण एउटा पुल
भानुभक्त अर्को पुल
गंगालाल, दशरथ चन्द र धर्मभक्तहरू.....
देवकोटा, रिमाल र पारिजातहरू.....
युगौंदेखि
बनिरहेका छन् पुलहरू
र भत्किरहेका पनि !

यतिबेला,
यस्तै धेरै पुलहरू खोजिरहेछ देश
जसको छातिमा निर्धक्क एकताबद्ध हुन सकून्
ताप्लेजुङदेखि कन्चनपुरसम्मका भावनाहरू
रुकुमदेखि काठमाडौंसम्मका उतार-चढावहरू
पशुपतिनाथदेखि लुम्बिनीसम्मका
सारा अनुष्ठानहरू ।

- भलायखर्क-४, लमजुङ

आत्मग्लानी

❑ विदुर चालिसे

समाचारपत्रमा आफ्नो देशको गाउँमा केश फुलेका बुढाहरूको नृसंश हत्या भएको पहिलो खबर सुनेपछि सधैं अर्काको लागि वीरताको पगरी गुँथ्ने रनबहादुरको मनमा वेदनाको तरङ्ग थपियो र अलिकति खिन्नता पनि प्रकट गऱ्यो । उसका नसामा देशको माटोको सुवास सल्बलाइरहेको थियो। समाचारको समाप्ती व्यारेकको नजिकै रहेको आफ्नो कोठामा पुग्यो रनबहादुर । उसले आफ्नो नजिकै रहेको साथीलाई आफ्नो देशको खवर सुनायो। त्यसपछि नरबहादुरको मनमा जोशको प्रवाह बढ्न थाल्यो । तर केही फुर्तिलो उसको चेतनामा विरागको रङ्ग मिश्रण भयो। सधैं उसले गरेको मेहनत विदेशीहरूका लागि वरदान सावित भएको निष्कर्ष निकाल्यो र उसको मनमा एउटै प्रश्न जन्मियो , 'यो मेरो भूल हो ' । जुन ठाउँमा म हुकैं त्यही ठाउँको हविगत यस्तो ? आफूले आफैलाई प्रश्न गर्न थाल्यो र भावी जीवनको निस्सार स्वर तरङ्गित गर्दै एक पटक मुखबाट अनायास शब्दावलीहरू उच्चारण गऱ्यो ।

'जीवनमा मैले के पाएँ ?

उसको मनमा यस्तो प्रश्न बारम्बार आइर हन्थ्यो । त्यसपछि उसले निकै विचार गऱ्यो र देशको थप खवर बुझ्ने उद्देश्यले आफ्नो गाउँको माइलालाई उतैतिरबाट पत्र लेख्यो। पत्रमा आफ्नो सैनिक जीवनको पोजदार फोटो पनि हालेर पठायो। आक्रान्त, पीडित तथा बरालिएको माइँलाले रनबहादुरद्वारा पठाएको चिठी केही दिनपछि पायो। त्यस चिठीका सबै अक्षर केलाएर बरालिएको माँइलाले खुब पढ्यो र उसको पोजदार फोटोलाई निकै नियालेर पनि हेऱ्यो । तर माइँलाले रनबहादुरको पत्रलाई अर्थ्याएर टुङ्गोमा पुग्न सकेन। उसलाई लाग्यो, आफ्नो गाउँमा बुढाबुढी मात्र होइन केटाकेटी सम्मको विमत्स हत्या गर्ने कार्यको शृङ्खला सामान्य भइसकेको थियो। तर माँइलाले सुनेको थियो, रनबहादुरको जिन्दगानीको बारेमा उसको हैसियत र गाउँमा उसको इज्जतको बारेमा। माइँलालाइ एउटा विचार फुऱ्यो त्यतिबेला र उसले सोच्यो ।

'रनबहादुर जस्तै विदेशिन पाए ..... !

बरालिएको माँइलालाई लाग्यो विदेशतिर जान पाए धेरै पैसा कमाउन पाइने र जीवन आनन्दले बिताउन पाइने लोभले उसलाई थिच्न थाल्यो ।

उता रनबहादुर विदेशी सेनाको काममा आफ्नो डिउटी सकेर जब व्यारेकको कोठामा पुग्थ्यो,तब उसले केही दिन अगाडि सुनेको खबरलाई सम्झी सम्झी विरक्तिन्थ्यो ।

केही दिनपछि रनबहादुरको अवकास हुने दिन आयो। त्यस दिन उसलाई सबैले फूलमाला लगाएर विदाई गरे। र, रनबहादुर व्यारेकबाट विस्तारै आफ्नो कोठातिर लाग्यो। कोठाको भित्तामा रहेको घडीको सुई घुमिरहेको थियो । त्यत्तिकैमा उसको अगाडि रहेको टेलिफोनको घण्टी बज्यो। उसले त्यस आवाजलाई वास्ता नै गरेन। किनभने उसको डिउटीमा आजदेखि त्यो टेलिफोनको घण्टी पर्दैनथ्यो ।

यता जवान माइँलाको चिन्ता र चासोको विषय अर्कै थियो । रनबहादुरको गाउँमा हुने बखानले उसको हौसलामा निकै प्रभाव पारेको थियो। उसले रनबहादुरको सैनिक जीवनको बारेमा निकै सुनेको थियो। सैनिकको साहसिक जीवनको पनि उसले निकै रैसिएर बुझिरहेको थियो। उरन्ठेउलो जीवनको चाहनामा ऊ केही गर्न चाहन्थ्यो । तर उसको अगाडि कुनै निकास थिएन र आगामी बाटोको बारेमा ऊ अलमलमा थियो । त्यसपछि माइलाले रनबहादुरलाई विदेशमा पत्र लेख्यो । त्यतिबेलासम्म रनबहादुरको ठेगाना परिवर्तन भइसकेकोले माइँलाको पत्र रनबहादुरले पाउन सकेन ।

केही दिनपछि सैनिक जीवन पाउन निकै हौसिएको माइँलालाई एकदिन केही मानिसहरूले सल्लेगाउँको नजिकै रहेको खोल्सीमा हिँडिरहेको बेलामा भेटे ।

'ओ हो माइँला कतातिर हिँडेको ?'

विदेशिन तम्सिएको माइँलाले सोझो उत्तर दियो ।

'विदेशतिर सेनाको जागिर खोज्न'

ती मानिसहरूले माइँलालाई निकै फकाए, सम्झाए तर माइँलो फकिएन । त्यसपछि ती मानिसहरूले माइँलालाई अनेकौं प्रलोभनहरू दिए । तर पनि माइँला चित्त नबुझेर यसो दायाँतिर फर्कियो । ती मानिसहरूमध्ये अलि टाठोले माइँलालाई आफ्नो देशको परिस्थितिको बारेमा बतायो । विदेशिनु नपर्ने प्रमुख कारणहरू पनि बताए र आफ्नै देशमा बसेर सेवा गर्न सकिने कुरा बुझाए । त्यतिबेला माइँलालाई एउटा तरङ्ग चल्यो र ती मानिसहरूलाई सोध्यो,

'त्यहाँ के के गर्न पाइन्छ ?'

ती मानिसहरूले माइँलाको अनुहारमा खुबै नियालेर हेरे र प्रश्नको जवाफ दिए ।

'सबै चीज गर्न पाइन्छ ।'

सोझो माइँला अलि लोभियो र उसले बुझेको तर विदेशिएको रनबहादुरको इज्जतको बारेमा फेरि आत्मग्रहण गर्दै अन्तरआत्माको चेतनलाई खुलाएर भन्यो ।

'रत्नबहादुरको जस्तो बन्दुक बोक्न पाइन्छ ?'

ती मानिसहरू माइँलाको सोझो तथा सरल अनुहार देखेर यति मात्र जवाफ दिए ।

'पहिला हामीसँग हिँड् न ?'

माइँला अकमक्क पऱ्यो र एकछिन असजिलो मानेर नजिकैको ढिस्कोमा अडेस लागेर उभियो । अलमलिएको माइँलाले आफ्नो अन्तर चेतनाको बुझाईलाई ती मानिसहरूका अगाडि अनायास व्यक्त गऱ्यो ।

'मेरो तलव कति हुन्छ त सैनिकमा ?'

त्यस मानिसले जवाफ दियो -

'मनग्ये हुन्छ, रासन तथा लत्ता कपडा सबै पाइन्छ ।'

माइलालाई सैनिक जीवनमा बन्दुक चलाउनु पर्छ भन्ने ज्ञान थियो र उसले ती मानिसहरूलाई उसको दिमागमा सल्बलाइरहेको रनबहादुरको बन्दुक बोकेको फोटोको पोजले निकै प्रभावित गरिरहेको थियो । त्यसैले उसले पुनः ती मानिसहरूलाई सोध्यो -

'रनबहादुरको जस्तो बन्दुक चलाउन पाइन्छ कि पाइँदैन ?'

ती सबै मानिसहरू अलमल्ल परे र एकछिन दायाँबायाँ हेरेर चुपचाप लागे । एकछिनको सन्नाटापछि ती मानिसहरूमध्ये अलि चलाखले सोध्यो ।

'को रनबहादुर ?'

माइँलाले सोझो उत्तर दियो । -

'हाम्रो साइँला बा क्या'

त्यसपछि ती मानिसहरूले माइँलालाई झन्झन् फकाउन थाले।अनततोगत्वा माइँलाले उनीहरूको कुरा नमानी सुखै पाएन ।

त्यसपछि माइँला पनि उनीहरूको समूहमा सामेल भयो । पछिल्ला दिनहरूमा माइँलाको दिनचर्या ती मानिसहरूकै जस्तो चल्न थाल्यो । माइँला कहिले काहीं आफ्नो घर परिबार सम्झन्थ्यो, बुढा बा आमा सम्झन्थ्यो र कुनामा बसेर रुने गर्थ्यो । माइँला रोएको देखेर जब कमाण्डरको कडा आदेश आउँथ्यो त्यसपछि माइँला चुपचाप राइफल समाउँथ्यो र युद्धमोर्चामा लड्नको लागि तयार हुन्थ्यो । एकदिन निकै कडा आदेशमा देशको परि-स्थितिको विश्लेषण गर्दै कमाण्डरले युद्धका लागि तयार रहन आदेश दियो । माइँला लगायतका योद्धाहरू तम्तयार भएर रहेका थिए । त्यत्तिकैमा योद्धाको टुकडी अगाडी बढ्यो । कुँडाल गाउँको नजिकै जङ्गलमा सर कारी सेना र लडाकू जनसेनाहरूको भिडन्त भयो । भिडन्तमा थुप्रै मानिसहरूको मृत्यु भएको थियो त्यस युद्धमा माइँला बालबाल बाँचेको

पुगिसकेको थिए । गाउँको कहाँ नजिक सानो एउटा झुपडीमा अवकास प्राप्त रनबहादुर बास बसेको थियो । राती अँध्यारोमा माइँलाले सोच्यो यही झोपडीमा भए पनि रात काट्नु पर्छ, । ऊ त्यतैतिर लाग्यो । माइँलाले बिस्तारैढोका ढक्ढकायो । भित्र रहेको दोकानदारले आतसमा प्रश्न गऱ्यो -

'यतिबेला आउने को हो ? '

माइँलाको हंसले ठाउँ छोड्यो । विस्तारै नम्र स्वरमा भन्यो ।

'म... म.....म क्या'

दोकानदारले प्रश्नको जवाफ राम्रो बुझेन । तर पनि उसले बिस्तारै भुतभुताउँदै भन्यो,

'जङ्गलीहरूले सधैँ यसैगरी दुःख दिन्छन्'

थकित रनबहादुर निकै लामो निस्वासले आफ्नो निद्रामा सुतिरहेको थियो । किनभने उसले भरखरै मात्र आफ्नो देशको माटोमा आनन्दले निदाउन पाएको थियो । उसको निद्राको तन्द्रा लामो लामो स्वासमा मस्तले घुरिरहेको थियो । केटाकेटमि आमाले काखमा लिएर सुतेको सपनाको सागरमा मस्त थियो ।

माइँला भित्र पसेपछि दोकानदारलाई सोध्यो ।

'यो को हो ?' दोकानदारले जवाफ दियो ।

'मान्छे'

माइँलालाई यतिखेर खुबै त्रास बढ्यो । ऊ भित्रभित्रै आतङ्कित भयो । उसले त्यतिबेला उसको कमाण्डरको आदेश सोच्यो । वर्तमान आफ्नो लडाईमा आफ्नो पंक्तिलाई समाप्त पार्न विदेशी सेनाको युद्धमोर्चा प्रवेश हुनसक्ने सम्भावना-बारेको यथार्थ विश्लेषण मनमनै गऱ्यो र दोकानदार लाई आँखा सन्काएर सोध्यो ।

'उसको नाम के हो ?'

दोकानदार झसक्क झस्क्यो र उसले सुत्नलागेको आफ्नो ओछ्यानननैरै माइँलालाई इसारा गऱ्यो अनि कानमा कानेखुसी गर्दै भन्यो -

'यो मान्छे विदेशी सेनाको लडाकू हो ।'

दोकानदारले बिस्तारै दिएको उत्तरपछि आत्मसुरक्षाको तरङ्गमा छतोछुल्ल फलिरहेको थियो । त्यसपछि विस्तारै अगेनाको जजिकै पुगेर आगो फू फू गरेर फुक्यो । बिस्तारै सल्कायो । केही दाउरा थपेर भुङ्ग्रिलो पाऱ्यो र नजिकै रहेको आरीको आलुलाई अगेनाको भुङ्ग्रोमा हाल्यो।केही बेरपछि पोलेको आलुलाई निकै स्वाद मानी खायो ।

मिर्मिरे उज्यालो हुनु अगाडि मस्त निद्राको विदेशी सेनाको लडाकू कोल्टे फर्कियो । त्यतिबेला उसको अगाडि अगेनामा दन्दनी बलिरहेको आगोको उज्यालो उसको निन्द्रालु आँखामा पऱ्यो । त्यसपछि उसले निद्रामा बर्बराएको स्वरमा दोकानदारलाई जङ्गी शैलीमा गाली गऱ्यो र आफू विदेशी सेनामा जागिर खाएर बदमासहरूलाई तह लगाएको छोटो अभिव्यक्ति पनि निद्राबाटै दियो । र, आगो निभाउन भन्यो । तर अगेनाको डिलमा दोकानदार नभएर युद्धमोर्चाबाट फर्किएको माइँलाको अनुहार थियो । उता ओछ्यानमा विदेशी युद्ध मोर्चाबाट फर्किएको विदेशी सेनाको लडाकू ।

माइँलाको लागि वातावरण अनुकूल थियो त्यतिबेला । उसले मनमनै विचार गऱ्यो अब मौका यही हो । यो विदेशी सेनाको लडाकू हाम्रो जनयुद्धको विरुद्ध गुप्तचरी गर्न हिँडेको मानिस रहेछ । त्यसपछि बाहिर करेसाको छेउँमा राखेको आफ्नो बन्दुकल्याई सुतिराखेको अवकास प्राप्त सेनाको छातिमा फायर गऱ्यो।उसको जीवनलिला समाप्त भयो। अवकास प्राप्त सेनाको छातिबाट निस्किएको भुलभुल रगतलाई अर्को छेउमा लगेर बन्दुकको नालले मुखमा कोच्याइदियो । युद्ध जितेको लामो निस्वास फेरेर माइँलाले आफ्नो कमाण्डरको कडा आदेशको पहिलोपल्ट पालना गरेर विजय प्राप्त गरेको उन्मादमा आफ्ना शहीदहरूलाई सलामी चढायो । त्यसपछि अनुभव प्राप्त युद्धको आवेशमा दुई शब्द अकस्मात् फुस्कायो ।

'साला कुकुर !'

त्यसपछि उठिरहेको अशान्त वातावरणको बीचबाट भागिसकेको माइँलाको धमिलो दोछाँया निकै पर डाँडाको उकालोमा हस्याङ्फस्याङ् गर्दै

भएर आतसको भुँमरीमा तर्सिरहेको थियो ।

मिमिरे उज्यालोको प्रकाशसँगै सरकारी सेनाका लडाकूहरू माइँलाको खोजीमा दोकानदारको दोकान खानतलासीका लागि तयार भए । भित्र विच्छिप्त लास देखेर दोकानदारलाई सेनाले आक्रोसमा सोध्यो ।

'यो कोहो ? कसरी यस्तो भयो ?
उसले जवाफ दियो ।
'विदेशी सेनाको लडाकू .....!'

सरकारी सेनाका जवानहरूले दोकानदारको दोकानको साथै मृत्यु वरण गरिसकेको विदेशी सेनाको लडाकूको शरीर खानतलासी गरे । त्यस सेनाको एउटा पकेटमा परिचय पत्र र उसको फोटो रहेछ । अर्को मुटुनेरैको पकेटमा जवानीमा एउटा बच्चासँग खिचेको एउटा पोस्टकार्ड साइजको फोटो पनि रहेछ । त्यस फोटोमा त्यस विदेशी सेनाको अवकास प्राप्त लडाकुको नाम 'रनबहादुर' र सानो वालकको नाम 'माइँला' पनि लेखिएको रहेछ ।

एक हप्तापछि राष्ट्रिय पत्रिकामा प्रकाशित भएको समाचारलाई माइँलातर्फ देखाउँदै कमाण्डरले स्याबासी दिइरहेको थियो । तर माइँला भने समाचारको अंशमा भेटिएको रनबहादुरको नामले अशान्त र आक्रान्त हुँदैथियो । ऊ पहिलोपल्ट नराम्ररी झस्क्यो । आत्मपीडाले छटपटिदै तिल्मिलायो । तर पनि कमाण्डरको आदरको अगाडि ऊ झुकिरहेको थियो र मनमनै आफ्नो मानसिक पीडालाई सीमित दायराभित्र पट्याउँदै विरहको सुसेलीमा अनायास उसको मुखबाट आत्मग्लानीका शब्दहरू फुस्किरहेका थिए -

'थुक्क मेरो जीवन ! साइँला बा !'

\+ + +

अचेल आत्मग्लानीले माइँला पागलपनमा कमाण्डरको आदेशबिना नै जतातत्तै बन्दुक र बारुद पड्काउँछ र असुरक्षित जनजीवनको भीडमा मानसिक पीडामा सल्बलाएको शिकार खोज्न आफ्नै क्याम्प भित्रै छटपटिरहन्छ ।

***

लघुकथा

आतङ्ककारीहरूको मृत्यु

❑ डा. घनश्याम 'परिश्रमी'

सुरक्षादलको एकजना जवानले भन्यो - "आज हामी खाली हात फर्केका शिकारी जस्तै भयौँ, यो त हाम्रा लागि सुहाउँदो कुरो भएन नि ।"

'हो' वास्तवमा हामी आज पूर्णरुपमा असफल भएका छौँ । कमसे कम रातिको प्रशारणका लागि हामीले कुनै एउटा समाचार दिन सकेनौँ भने यो भन्दा दुःखको कुरो अर्को के हुन सक्छ ?" अर्को जवानले पहिलो जवानको भनाइप्रति सहमत हुँदै आफ्नो कुरा थप्यो ।

दुवै जवानका कुराले सुरक्षादलका सम्पूर्ण सदस्यहरूको मर्मलाई छोयो । सबैले आज एकजना पनि आतङ्ककारीको हत्या गर्न नपाएकोमा चिन्ता व्यक्त गरे ।

"चिन्ता नगर केटा हो, आजको अभियानमा पनि हामी अवश्य सफल हुनेछौँ"- सुरक्षादलको नाइके उत्साहपूर्वक बोल्यो ।

झमक्क साँझ परिसकेको थियो । सुरक्षादल गन्तव्यतिर लाग्दै थियो । जङ्गल काट्दा नकाट्दै केही गैंटी, कोदाला , गल र बेल्चा बोकेका मान्छेहरूको झुन्ड देखापऱ्यो । अकस्मात् सुरक्षादलका नाइकेले भन्यो ? हेरऊ आतङ्ककारीहरूको सशस्त्र जत्था !"

तत्कालै भटटटट.....गोलीको वर्षा भयो । क्षणभरमा नै सबै भुटिए ।

राति रेडियो नेपाल र नेपाल टि.भी. बाट 'सुरक्षादल र आतङ्ककारीहरूबीच भएको मुठभेडमा फलानो ठाउँमा बीसजना आतङ्ककारीहरू मारिए' भने समाचार प्रसारण भयो ।

भोलिपल्ट बिहान सडकको ठेकेदार भने आफ्ना कामदारहरू समयमा काममा हाजिर हुन आएनन् भनेर रिसाइरहेको थियो ।

- भैरहवा, रुपन्देही

मान्छे अस्तिको कल्पनामा

❑ भाग्यशाली अधिकारी

आजको मान्छे
अस्तिको आकाशको कल्पनामा डुबेको छ
त्यो कता-कता हराउन थालेको छ
हावा पानी प्रकृति वसन्तको कल्पनामा छ
आजको मान्छे कति त्यसैमा तल्लीन भएको छ
त्यसै सुनसानमा टोलाउन थालेको छ ।

आजको मान्छे फेरि
कति त्यसलाई पच्छ्याउन थालेको छ
आहा ! त्यो स्वच्छ निर्मल कन्चन वायु !
आहा ! चिरबिर-चिरबिर कल्याङकुलुङ् कल्याङकुलुङ्
कुल्कुल् कुल्कुल् कुलुलु कुलुलु सुन्दैमा
कति रमाइलो
आनन्द मज्जा आएको छ
होइन अब ती भुइँचम्पा पारिजात कहाँ पाइन्छ ?
के कतै छन् ! पाइन्छ ?
खै ती अब कतै भेटिएलान् ! भन्न सकिन्न !
के अब ती यो आजको संसारमा पाइएलान् !
छन् त !

असम्भव मान्छे निरास भएर
हरेस खान थालेको छ
आजको मान्छेमा केवल एउटा
आशाको त्यान्द्रो मात्र झुण्डिन थालेको छ
अब तिनलाई वास्तविक रूपमा नै
भोग्न पाएँ नै भन्ने छ
नभए ती भोगाइका अनुभव सम्झेर भए पनि
केवल तिनको व्याख्या गरेर मात्रै पनि
आजको मान्छेले आनन्द प्राप्त गर्न थालेको छ
त्यत्तिले मात्र पनि
आजका मान्छेहरूमा
कति ठूलो आनन्द मिल्न थालेको छ ।

- लमजुङ, दुराडाँडा

गजल

❑ श्याम संकल्प

के हेर्‍यौ तिमीले पाइला टक्क रोक्दैछु म आज
भावना मनका गजलभित्र पोख्दैछु म आज ।

अविश्वास बढेको यो जमानामा पनि
लाउन माया कसैलाई तराजुले जोख्दैछु म आज ।

जब तिमीले आँखाले बोलायौ मलाई
मननमनै तिम्रो नाम घोक्दैछु म आज ।

तिमीलाई नजिकै पाउन कस्तो चाह बढ्यो मनमा
बिहान सबैरै भगवान्को पाउमा ढोग्दैछु म आज ।

संकल्पलाई आफ्नो ठानेमा मनभित्र ठाउँ दिँदा
छरिएका खुसीलाई भारी बनाई बोक्दैछु म आज ।

- बूढानीलकण्ठ-६

गीत

❑ उर्मिला पन्त पाण्डेय

बादलुको घुम्टोबाट, तिमीले चिहाउँदा
सितलताको वर्षा हुन्छ, तिमी छेउ आउँदा २
बादलुको घुम्टोबाट.....

लुकुँ लुकुँ तिम्रै घुम्टो भित्र लाग्छ मन
जति नजिक आउन खोज्यो, उत्ति टाढा झन २
बादलुको घुम्टोबाट.....

जति टाढा भयो फेरी, उति माया लाग्छ
तिमी छेउ आउँदा दुःख पिर सबै भाग्छ २
बादलुको घुम्टोबाट.....

- ज्ञानेश्वर

बुढसकालको प्रेमी

❑ सागर 'मणी' थापा

"तँ मेरो नाजायज सन्तान् होस् । यदि तँलाई नागरिकता चाहिन्छ भने मैसँग बस् नत्र भने आजीवन अनागरिक भएर बस्न बाध्य हुनेछेस्, बुझिस् तैंले ...?" सायद यो संवाद कुनै चलचित्रको हुँदो हो त सो चलचित्र चल्ने एउटा सेतु सावित हुनसक्दथ्यो । किनभने संवादनाको गाम्भीर्यताभित्र कुनै कथा छिपेको छ । उसै पनि एउटा बूढो पुरुषको मुखारवृन्दबाट बोली फुटेको छ । अरूलाई कौतुहल जाग्नु स्वभाविकै हो । नाजायज छोरी ? स्वघोषित त्यो नाजायज बाबुचाहिँ को होला ? नाजायज सन्तान कहलिएकी युवती मूर्तिवत् उभिएको उभियै भई । मनभित्र रिसको पोको पारिसकेकी छे । एकमनले त नसोचेको पनि होइन, गएर भ्याम कि भ्याम गाला पड्काइदिऊँ । मुखभरि थुकिदिऊँ । तर अहिले केही पनि हुन सकेन ।

"काजल दिदी, काजल दिदी ! तपाईंलाई उता गोपाल सरले बोलाउनु भा छ । छिटो हिँड्नोस् रे ... !" एक किशोर युवतीलाई डाक्न आएको देखियो । उसलाई किशोरको बोली मन परेन । अनि त बेसरी गाली गर्न थाली - "तेरो थुतुनो लुछिदिऊँ मोरा ? तँजस्तो दुईपैसे स्पटब्वायले मेरो नाम काट्ने भैसकिस् ? भन्ने भए काजल म्याडम भन्न् । होइन भने मसँग बोल्नु पर्दैन..... ।" बिचरो केटो एकवचन नफर्काई पूर्वस्थानतिर लाग्यो । यता फेरि गोपाल सरले हकारपकार पाऱ्यो । यस्तैमा काजल उपस्थित भई । गोपाल सरले गुनासो गऱ्यो -"काजल ! कता हराइरहेकी तिमी ? ऊ ! फेरि बादल डम्म भैसक्यो । यस्तो तालले त यो सिन शुट गर्न एकहप्ताले पनि ... !"- "डाइरेक्टर साप ! आज मेरो मुड छैन । त्यसैले म शुटिङमा बस्न सक्तिनँ ।" एकाएक नायिका काजलले आफ्नो निर्णय सुनाइदिई । कुरा सुनेर निर्देशक गोपाल छक्क पऱ्यो । उसले कर कापमा पारेर काजलबाट काम लिन चाहेन । चलचित्र निर्देशक गोपाललाई रात परेपछि बिजुलीपानी सुर्क्याउनु पर्ने रहेछ । यो उसको कुलत हो । तर स्वास्नीचाहिँलाई यो सोमरसको दुर्गन्धले कर्कशा बनाएको छ । आज राति पनि उसले बेसरी गाली गरी -"यो कुकुरको मूत नधोके के हुन्छ ? थकाइ-सकाइ केही निको पार्दैन यसले । खालि यो त धोक्ने बहाना मात्र हो.....।" - "चुप लाग्....." डाइरेक्टर सापले झपाऱ्यो -"यहाँ मान्छेलाई कत्रोकत्रो टेन्सन परिराख्या छ, ऊ भने कचकच गरिरहन्छे । शुटिङमा हिँड्ने गर न ! अनि चाल पाउँछ्यौ .....!" अब वातावरण शान्त भो । डाइरेक्टर सापको स्वर नै कडा ! शुटिङमा 'ओके, कट्' भन्दाखेरी कनेर बोल्ने बानी छ । त्यसरी नबोले हल्लालाई चिर्न सकिन्न ।

रक्सी तान्दातान्दै गोपालको मनमा एउटा विचार आयो । काजललाई भेट्न आउने बुढो पुरुषको बारेमा साँचो कुरा जान्ने विचार गऱ्यो ।

अर्को दिन फिल्म शुटिङकै क्रममा खाली समय थियो । काजल र गोपाल पर गएर गफ गर्न थाले । गोपाल खूब बाठो थियो । त्यसैले कुरोलाई सेलरोटी झैँ घुमायो । ऊ निर्माणाधिन चलचित्रको दुईवटा गीतका दृश्यांकन गर्न जापान जानेवाला छ । नायिका पनि जानुपर्छ । उसले काजलको मनसुवा बुझ्न खोज्यो । काजलले पासपोर्ट बनाएकी छैन । उसले आफ्नो नागरिकता प्रमाणपत्र पनि नभएको जवाफ दिई । तर कारण बताउन सकिन ।

एकदिन काजलले रातको खाना खाने समयमा आमासामु कुरो उठाई- "मामी ! मलाई पासपोर्टको आवश्यकता पऱ्यो । गोपाल सरले जापान लैजाने रे .....!

"तर छोरी पासपोर्ट त्यसै बन्दैन । पहिले नागरिकता चाहियो नि ।"

आमाचाहिँले समस्याको पर्खाल उभ्याई बाबुको बारम्बार चेतावनी दिने गरेको विवरण सुनाई । कुरो बनाउन सजिलै सक्दिरहिछे आमाचाहिँ । अबदेखि रोजिन्दा आफू पनि शुटिङमा जाने कुरा गरी । बूढी एउटा एन.जि.ओ. खोलेर बसेकी रहिछे ।

चल्दैथियो । त्यो के भने, आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था हुँदैछ । देशका नारीवादी महिलाहरू सक्रिय भएर लागेका थिए । तर प्रयास सफल भइरहेको थिएन ।

अर्को दिन काजलकी आमा उही बूढो पूर्वपुरुषलाई भेट्न पुगी । त्यो पुरुष एउटा दुईतारे होटल चलाएर बसेको रहेछ । अफिसमा एक्कासि पूर्वपत्नीलाई देखेर ऊ आत्तियो -"आम्मै ! ति....तिमी यहाँ ? प्लिज बस न माया.....।"

म यहाँ बस्न आएको हैन । तेरो हैसियत सम्झाउन मात्र आएकी हुँ.....।

बूढीले तु टोकौंला झैं गरी । बिचरो बूढो ! सिस्नु गलेझैं गल्यो । त्यही पुरुष छोरीसामु तेरो हैसियत सम्झाउन मात्र आएकी हुँ.....। बूढीले तु टोकौंला झैं गरी । बिचरो बूढो ! सिस्नु गलेझैं गल्यो । त्यही पुरुष छोरीसामु प्रकट हुँदा आक्रामक देखिन्छ । तर पूर्वपत्नीसँग छुलछुली मुल्छ । मायाले उसलाई कडा चेतावनी दिई । फेरि पनि छोरीलाई सताउन गयो भने जेल पठाइदिने छु । पूर्वपतिबाट एकशब्दै आएन । माया गइसकेपछि टेबुलमा हात ठोकेर रिस शान्त पारेको देखियो ।

काजलकी आमा मायाले शुटिङ स्पट मै निर्देशक गोपाललाई विदेश नजान कडा निर्देशन दिई । बाहिर त मानेझैं गऱ्यो गोपालले तर मनभित्र ईख राख्यो । यो घमण्डले मैमत्त भएका आमा-छोरीकै सेखी झारिदिने विचार गऱ्यो । फिल्मी बजारमा यौटा के पनि हल्ला चल्यो भने, गोपाल र काजलबीच भित्री साँठगाँठ छ । बेलाबेलामा छायाँङ्कन स्थलबाट दुबैजना लापत्ता हुने गर्दछन् । सिने पीनिर्देशक गोपल यही क्षणको प्रतीक्षामा थियो । ऊ त चलचित्रकर्मी ! नयाँनयाँ कहानी चाहिन्छ नै । तसर्थ उसले काजललाई नवीन कथाको स्रोत बनाउने अठोट गऱ्यो । गोपालले काजलसँग समय माग्यो । दुबैजना डिनरको निहुँमा बानेश्वरको भव्य होटलमा पुगे । काजलले बियर मागी । गोपालले हार्ड ड्रिंक ! पिउन थाल्यो । गोपाल भन्न थाल्यो - "काजल ! मलाई नयाँ फिल्मको लागि राम्रो कथा चाहिएको छ । तिमी इट् ! यु ब्लडी बास्टर्ड.....।" हठात् गोपाल सर को मुखमा काजलले जुठो बियर हुत्याइदिई ।

अर्को दिन घरमा काजल र आमा मायाबीच वादविवाद चलेको देखियो "तिमीलाई जम्मै कुरा अवगत भैसकेछ त ! फेरि किन मसँग सोधिर-हन्छ्यौ छोरी....?"

"किनकि म हजुरकै मुखबाट सबै कुरा सुन्न चाहन्छु मामी ! छिटो भनिस्योस् । वास्तविकता के हो ?" मायाले सबै कहानी बताई । मायाको पहिलो प्रेम मिश्र थरको एकपुरुषसँग बसेको थियो । उक्त घटना त्रि-चन्द्र कलेजमा अध्ययनरत हुँदाको समयको हो । उनीहरू वि.एस.सी. मा पढ्थे । मायाको परिवारले उनीहरूको प्रेमलाई रुचाएन । तर मायाको जिद्धीको अगाडि घरका सदस्यहरूले घुँडा टेक्नै पऱ्यो । मिश्रसँग मायाको लगनगाँठो कस्सियो तर दाम्पत्य जीवन सफल भएन । मायाको एउटा उत्कट इच्छा थियो- आमा बन्ने ! उसकै भाषामा भन्नुपर्दा, ऊ यौटा मीठो तलतल मेटाउन चाहन्थी । यौटा बच्चा जन्माउन चाहन्थी । पहिलो पतिबाट त्यो सम्भव भएन । समय बित्दै जाँदा मायाको जीवनले अर्को मोड लियो । कीर्तिपुरमा स्नातकोत्तर पढ्दै गर्दा उसले देवराजसँग हिमचिम बढाई । उसँग प्रेमको नाटक रची । बिहेको उपयोगिता त्यतिखेर समाप्त भएको घोषणा गरी, जब मायाको गर्भबाट मायाको जन्म भएको थियो ।

"तपाई त एक नम्बरकी स्वार्थी आइमाई हुनुहुँदो रहेछ । छि: मलाई त मामी भन्न पनि लाज लाग्न थाल्यो..... ।" काजलले आज पहिलोपल्ट आमालाई दुत्कारी । तर मायाले उल्टै झपारी- "तैंले के भन्न खोजेकी ? त्यो जात नमिल्ने मान्छेसँग.....।"- "हो, बस्नुहुन्न थियो ।" अचानक देवराज प्रकट भएर जवाफ दिन आइपुग्यो- "म जस्तो हैसियत नमिल्ने, संस्कार नमिल्ने मान्छेलाई भात पकाएर खुवाउन सम्भवै थिएन नि ! कि कसो माया म्याडमजी ? तिमीजस्ता आइमाईलाई लोग्ने होइन, केवल लोग्नेमान्छे भए हुन्छ । तर मलाई मेरो रगतको माया लाग्छ । देवराजले छोरीलाई लिएर गयो । मायाले रोक्न खोजी तर सफल भइन ।

थिई। उसले सोच्दै आएकी थिई, काजलले मामीको भावना बुझेकी छे। छोरी आफूजस्तै हुन्छे। आमाछोरी सँगै हुँदा यस्तो लाग्थ्यो, उनीहरू मिल्ने साथी हुन्। तर मायाले यौटा कुरा कहिल्यै सोचिन कि काजलको पनि एकदिन घरजम हुन्छ। उसको पनि परिबार हुन्छ। नायिका छोरीको गोठालो लागेर साध्य थिएन। आफ्नो एन.जि.ओ. पनि चलाउनै पर्दथ्यो। आखिर कतिन्जेल काबुमा राख्न सक्दथी बैशालु छोरी – रंगीन सपनाहरूलाई ? अहँ, त्यो सम्भवै थिएन। काजलले बाबुको नामबाट नागरिकता पाई। पासपोर्ट बनाई। त्यतिन्जेलसम्म माया चुप थिई। मानौं देवराजले उसकै अगाडि छोरी लान सक्नुमा उसको मौन स्वीकृति थियो। अन्ततः एकदिन मायाको धैर्यताको बाँध टुट्न पुग्यो। उसले नचाहेको घटना घट्यो। काजलले त धनञ्जयसँग टेम्पल म्यारिज !! गरिछे। धनञ्जय अचेलको सुपरस्टार ! नायक कहलिएको थियो। माया चाहन्थी, बुढेसकालको समय छोरीसँगै बित्नेछ। बुढेसकालको लाठी काजल नै थिई। मायाका सारा घमण्डहरू चकनाचुर भए। देवराजले उसलाई सहारा दिन नखोजेको पनि होइन तर ठालु पल्टिएकी मायाले विरोध गरी। उसले ५६ वर्षको बुढ्यौली उमेरमा पनि कथित खानदानी जातको खोल ओढिरहेकी थिई।

अचेल घोर आश्चर्यको खबर सुन्नुपरिरहेछ। मायाले देवराजलाई अस्वीकार गरी। छोरीको ममतालाई त्यागिदिई। तर पहिलो प्रेमलाई त्याग्न सकिन। पहिलो पतिको सम्बन्धलाई पुनः जोडजाड गर्न पुगी। हो, उही अभागी मिश्रसँग उठबस गर्न थालेकी छे। आखिर किन ? किनभने यो ऊ एक्लै छे। ऊ पनि एक्लो छ। तर मायाले यो पुनर्मिलनलाई नयाँ सम्बन्धले परिभाषित गर्ने चेष्टा गरी। मिश्र मायाको एकजमानाको लोग्ने थियो। तर अहिले आएर बुढेसकालको प्रेमी कहलिएको छ। मात्र प्रमी !

- चोभार, काठमाडौं

कविता

अक्षरहरू

❑ नारायण गोदारे

अक्षरहरू - हिउँका घरवारि पारी र
भित्र बाहिर लडेका छन्
अक्षरहरू - पाखा, पर्वत र कन्दरा अनि
छहरामा फसेका छन्
अक्षरहरू - वन जंगलका लतिकाहरूमा
भर्र फुलेका छन्
अक्षरहरू - पशुपंक्षीहरूमा वरपर
सुन्दर गीत गाउँदै छन्
अक्षरहरू - मुरली र बाँसुरीका धुन
मुर्चुङ्गा र एकतारेका धुन
अनि मादल, ढोल र दमाहाका
धुनमा ट्याम्को भ्याम्टा रन्किरहेछन्
पञ्चेबाजाहरूमा
अहिलेका अक्षरहरू मठमन्दिरमा
भजन कीर्तन, पूजापाठमा चल्नुपर्ने हो।
रेच्की पैसा झैं छनरङ्ग बज्दै
थुप्रो लाग्नुपर्ने हो। -

तर अक्षरहरू हिजो आज
मोटर जहाज गुड्ने र उड्ने पो मर्दछन् !
अनि अक्षरहरू बेडा चढेर
बारुद गोला र राइफलको गोली
फुत्त निस्केर कञ्चट सेक्ने गर्दछन्
त्यत्ति मात्र कहाँ हो र तिनीहरू
भक्लक्क ढल्ने गर्छन्
अर्थात् अक्षरहरू स्वयम्
छरपष्ट पसारो परेर बगरल्ली माटैसरी
अब सबैले भन्नुहोस् -
यस्तरी अक्षरहरूको
हत्या हुनु राम्रो हो त ?

- सरस्वती नगर, काठमाडौं

कविता

विवशता

❑ ममता शर्मा नेपाल

वर्षौंदेखि थिचिएर
उकुसमुकुस भएका इच्छाका बादलहरू
मनको आकाशमा स्वतन्त्र भई उड्न खोज्दा
अकस्मात् गड्याङगुडुङ हुन्छ
मेघ गर्जिन्छ
घनघोर वर्षा हुन्छ
विनाशकारी बाढी आउँछ
र, मेरा सारा आकाङ्क्षाहरूलाई
बगाएर लैजान्छ ।

म समेट्न खोज्छु
च्याप्न खोज्छु मेरा आकाङ्क्षाहरूलाई
तर असमर्थ हुन्छु
अभिलाषाहरू बगेको टुलुटुलु हेर्न
म विवश हुन्छु ।

प्रश्न गर्छु आफ्नो असफलताप्रति
यसो गहिरिएर हेर्छु आफुलाई
मेरा हातखुट्टा बाँधिएका रहेछन्
अनि मुख थुनिएको पो रहेछ ।

- चाबहिल

कविता

इतिहास

❑ चंकी श्रेष्ठ

एउटा
सुनसान साँझ बोकेर
उनीहरू यहाँ आएका थिए
र, मैले असाध्यै माया गरेकै क्षण
मेरो सपनाको हत्या गरिदिएका थिए ।

मेरो सपनाको हत्या भएको आक्रोशमा
जब लेखें मैले एउटा विद्रोही कविता
डस्टरले ब्याकबोर्डमा सेतो अक्षर पुछेझैं
सर्सर्ती मेटिदिए उनीहरूले मेरो कविता ।

मेरो सपना र कविताको
अर्थात् मेरो आत्माकै हत्यापछि
मैले लेखें आफ्नै रगतको कहालीलाग्दो आफ्नो इतिहास
बदलामा मलाई काटेर
मेरै रगतले मेटिदिए उनीहरूले मेरो इतिहास पनि ।

मेटिएको मेरो इतिहासले
मायाले सुस्तरी मलाई सुम्सुम्याइरह्यो
तर, फेरि कसैले लेखेन मेटिएको मेरो इतिहासको कथा ।

- भक्तपुर

तीन मुक्तक

❑ विष्णुबहादुर सिंह

१. प्रेम
प्रेमपत्र लेख्न खोज्दा हात थर्थराए
भेट भई आँखा जुध्दा आँखै फर्फराए
थाहै नपाई प्रेमरोग कसरी लागेछ
सपनामा बिहा हुँदा राती बर्बराएँ ।

२ इज्जत
यो जुनिमा दुःख जति पाउनु पाइयो
नेताहरूका घरघरमा धाउनु धाइयो
अतीतलाई हेर्दाखेरी रुन मन लाग्छ
कमाएको इज्जत आज आफै खाइयो ।

३ करेण्ट
हाँस्ने मान्छे कहिले काँही किन रोएको
मनको मयल पनि आजै किन धोएको
कुरा धेरै गर्नु थियो छोएर हेरेको
करेण्ट तिमीलाई लाग्छ भनी मैले छोएको ।

- जुकेना-६, अर्घाखाँची

श्यामवर्णका परीहरू

❑ सकु थापा

निसंकोच निसन्देह विचरण
श्यामवर्णका सुन्दरीहरू
महासागरको किनारमै
संसार भुल्न खोज्छन्
बालुवा पल्टिरहेका
त्यहाँ कुनै व्यवधान छैन
कुनै चिन्ता छैन
निर्धक्कसँग रहेका निर्धक्कसँग रहेका
ती श्यामसुन्दरी भनौं या
जल विचरणमा मग्न परीहरू
हाँस्दा मोती चम्कने
कहिले समुन्द्री छालले
काखमा लुट्पुटाउँछ
एउटी बालिका
आफ्नी आमाको काखमा
चल्दै, जिस्किंदै गरे झैं
हरेक आउने छाललाई
उछिनौंला झैं गरी अगाडि बढेका
छाल जति उर्लन्छ त्यति नै माथि पुग्न
उफ्रिरहेका ती श्यामवर्णका परीहरू
आफ्नै संसारमा मग्न छन्
कहिले बालुवालाई विभिन्न आकृति दिंदै
कहिले केटाकेटीले आफ्नो माग पूरा नभए
आफ्ना आमाबाबुलाई घुर्कि देखाउँदै
हिलो धूलोमा लडिबुडी खेलेझैं
बालुवा नै बालुवा भएर रहेका
ती श्यामवर्णका परीहरू ।
छालले पनि जिस्क्याइरहेछ
छोइ खेलेझैं,
ठूल छाल बोक्दै उर्लेको छाल
किनारमा शान्त बन्नपुग्छ
सायद लजाएर हो कि
श्यामवर्णका सुन्दरी परी को उपस्थितिमा
कहिलेकाहीं आफ्नै बच्चादेखि
लजाएकी हो कि झैं लाग्छ
जब सूर्य अस्ताचलतर्फ लाग्छ
स्वर्णरंग फिं जिँए झैं देखिने
महासागर आफ्ना उर्लाइलाई
झन् तिब्र
पार्दै जांदा
सुन्दरीहरू आफ्ना
बासलाई सम्झंदा
भोलि आउने बाचामा
माइतिघरबाट बिदाई भएर
कर्म घरतर्फ लागे कि ।
दुलही झैं बिस्तारै बिस्तारै
समुन्द्री किनारालाई
उपस्थिति शून्य पार्दै
श्यामवर्णका परीहरू
टाढा टाढा हुन्छन्
भोलिको बाचा गर्दै महासागरको मायालाई
बिर्सन नसकी
हे आन्धमहासागर
तिम्रो माया अपार आपार ।

- चरखण्डी भक्तपुर
(फ्रिटाउन, सियरालियोन)

अन्धो हुनु नराम्रो हो तर आँखा भएर पनि नदेख्नु झन् खराब हो । -हेलेन किलर
जुन कुराले एउटाको प्रशंसा हुन्छ, त्यही कुराले अर्काको निन्दा हुन्छ । -जातक
हरेक मानिसको हातमा सफलता होइन परिश्रम हुन्छ । - अब्राहम लिंकन
मान भङ्ग भएर बाँच्नु भन्दा प्राण त्याग्नु नै श्रेयश्कर हुन्छ । -चाणक्य
सय रुपियाँ नकमाउने सयजना साथी बनाऔं । - रुसी उखान
रोम जाँदा रोमनको जस्तो व्यवहार गर । - नेपाली उखान

धनी-गरिब

❑ इन्द्रकुमार श्रेष्ठ

सत्यमानको घर मूलबाटैमा पर्छ । त्यसैले म सधैंभरि उसलाई देखिरहन्छु । एकजना छिमेकीको नाताले मलाई उसकोमा जाने काम पनि परिरहन्छ । जहिले पनि जाँदा उसको घरमा मानिसहरूको खलबल हुन्छ । कहिलेकाहीँ त अलि चर्कै हल्लाखल्ला पनि सुनिन्छ । आजबिहानैको कुरा-

"..... मैले भारी बोकेर कमाएको त्यो एकहजार रुपियाँ तपाईलाई दिएको पनि ठ्याक्कै पाँचवर्ष भयो । एकहप्तालाई लानुभएको, अब त अति नै भयो,दिनुपर्‍यो नि !"

"..... मेरो को छ र, अलिकति नाता पर्ने तैं होस् । मलाई दिनुपर्नेमा, उल्टो तैंले नै मबाट लगेको भत्ताको ५००/- रु. पनि अझैसम्म फर्काइनस् । मैले त चिया पनि खान पाइनँ ।"

"..... उधारो लगेका ग्राहकले यसरी झेलिदिएपछि हामी व्यापारीहरू कसरी उक्सने ! तपाईंले लगेको पनि अब त दुईहजार नाघिसकेछ । धाउँदाधाउँदा जुत्ते फाटिसके ।"

सत्यमानले कसैलाई भरे ल्याइदिन्छु भन्यो, कसैलाई भोलि आउनू भन्यो । जम्मा भएकाहरू एकआपसमा कुरा गर्दै बाटो लागे ।

मैले पनि सत्यमानलाई एकहप्ताका लागि भनेर पाँचहजार रु. सापटी दिएको दुई वर्ष भयो । यसबीचमा पचासौंपटक मागेहुँला । सयौंपटक माग्ने आँटै आएन । आज बेलुकीपख फेरि उनीकहाँ पुगें । त्यतिखेर, सत्यमानकी श्रीमती, छिमेकका अन्य महिलाहरू काली, पुतली, चौंढी र सेतीहरूलाई आफ्ना र छोराछोरीका अर्धाना कपडाहरू बाँडिर-हेकी रहिछ । मलाई चिया दिई । साना नानीहरू, दूधभात, फालाफाल गरिरहेका थिए कुकुरलाई । सोलारको उज्यालोमा खुला भ्यालबाट कोठाका वस्तुहरू- सोफा, दराज, टेपरिकर्डर ,नयाँ-नयाँ लुगाहरू टल्किरहेका थिए ।

"आफ्नो नामको जग्गाजति सबै बन्धकी राखेको छ," घर फर्कंदा मनमनै सम्झें कि खान्छ आँटले कि ढाँटले' भनेको यही होला ! त्यस्तो चालढालको मान्छेलाई कसरी गरिब भन्नु ! बरू सत्यमानलाई त गरिब होइन, धनी-गरिब भन्नु उपयुक्त होला कि !

- कमलाकुञ्ज, दियाले-३, ओखलढुङ्गा

गजल

❑ दिनमान गुर्मछान 'दिगु'

हतास जिन्दगी क्या जमाना देखें
मृत्यु छल्न जीउने बहाना देखें ।

झुठा फरेवी रै'छ मेरो भगवान् त
सधैं पेट भर्ने उनको चाहना देखें ।

म मात्र भनी सोच्थें साथी उसको
वरिपरि सधैं उनको नजराना देखें ।

को भन्छ इमान छ वर्तमानसँग
खुलेआम लुट यहाँ रोजाना देखें ।

जीन्दगीसँग हारी जब मर्न खोजें
'दिगु'को नाममा शुभ-कामना देखें ।

- 'उषा' गजल प्रवाह
मलंगवा-१०, सर्लाही

केही कृति : परिचयात्मक अभिव्यक्ति

❑ यादव भट्टराई

फेरि शीला :

प्रसिद्ध साहित्यकार शङ्कर कोइरालाद्वारा लेखिएको 'फेरि शीला' नामक उपन्यासको प्रकाशन भएको छ । सम्भवतः शङ्कर कोइरालाद्वारा लेखिएकामध्ये प्रकाशित अन्तिम कृतिका रूपमा रहेको उपन्यास 'फेरि शीला' यसअघि प्रकाशित उपन्यासकार शङ्कर कोइराला्कै 'शीला' र 'उही शीला' बाट शुरू भएको शृङ्खलाबद्ध कथाक्रमको अन्तिम रूप हो । प्रस्तुत उपन्यासमा हामीले वर्तमानमा भोग्नु परेका निराशालाई अभिव्यक्त गरिएको छ । पैसामुखी बन्दै गएको हाम्रो समाजको यथार्थ स्थिति, समाजमा खस्कँदै गएको नैतिक मूल्य, सामाजिक दायित्वको निर्वाह नभएको अवस्था र त्यसबाट प्रभावित समाजका घटनाक्रमहरूलाई नै उपन्यासको विषयवस्तु बनाइएको छ । नेताहरूको समयअनुसार परिवर्तन हुने रङ्गलाई पनि उपन्यासकारले प्रस्तुत कृतिमा पात्रका माध्यमबाट देखाउन खोजेका छन् ।

समग्रमा हाम्रो समाज र यहाँ अवस्थित विकृति, विसङ्गतिबाट उत्पन्न परिणति नै प्रस्तुत उपन्यासको लक्ष्य हो भन्ने अनुभूत हुन्छ । सरल र बोधगम्य भाषामा उपन्यास रचिएको छ । रत्न पुस्तक भण्डार बाट वि.सं. २०५८ सालमा प्रकाशित कृतिमा आनन्द नेपालको प्रकाशकीय समेटिएको छ ।

बौद्ध तीर्थयात्रा (नालन्दादेखि लुम्बिनीसम्म)

घनश्याम राजकर्णिकार नेपाली यात्रा निबन्धका फाँटमा सुपरिचित नाम हो । यात्रासम्बन्धी विभिन्न पुस्तकको रचना गरेका राजकर्णिकार विभिन्न पुरस्कार तथा सम्मानद्वारा सम्मानित छन् । हालैमात्र उनको 'बौद्ध तीर्थयात्रा' (नालन्दादेखि लुम्बिनीसम्म) नामक नियात्रासङ्ग्रहको प्रकाशन भएको छ ।

प्रस्तुत पुस्तकमा महामानव गौतमबुद्धसँग सम्बन्धित महत्त्वपूर्ण ६ स्थानको भ्रमणका सन्दर्भहरू समेटिएका छन् । कुनै न कुनै ठाउँको यात्रा नगरेका मानिस संसारमा बिरलै भेटिएलान्, तर पनि आफ्नो यात्राको अनुभवलाई लिपिबद्ध गरी अरूलाई त्यसबाट लाभान्वित गराउने व्यक्तित्व त अझ न्यून होलान् । नेपालका अत्यन्त कम सङ्ख्यामा रहेका यात्रासाहित्यकारमध्येका एक सफल नियात्राकार घनश्याम राजकर्णिकार आफ्ना यात्रानुभूतिलाई अत्यन्त सरल, सहज, प्रभावकारी र उपयोगी रचनाका रूपमा प्रस्तुत गर्न सफल देखिएका छन् । प्रस्तुत पुस्तकमा भारतको भूमिमा पर्ने प्रसिद्ध बौद्ध शिक्षा केन्द्र नालन्दा, बुद्धलाई मनपर्ने सहर राजगिर, बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको स्थल बोधगया, प्रथमपटक बुद्धले उपदेश दिनुभएको स्थान सारनाथ, बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको ठाउँ कुशीनगर र बुद्धको जन्मस्थल नेपालको लुम्बिनीको यात्रावृतान्तलाई लेखकको अभिव्यक्तिगत कुशलता र महामानव बुद्धसँग सम्बन्धित स्थानविशेषको धार्मिक र ऐतिहासिक महत्त्वले अझ बढी स्तरीय र रोचक बनाएको प्रसङ्ग उल्लेखनीय देखापर्दछ । विश्वमै अशान्ति फैलिरहेको वर्तमान समयमा शान्तिका अग्रदूत महामानव गौतम बुद्धसँग सम्बन्धित विभिन्न महत्त्वपूर्ण स्थलका बारेमा आफ्नो यात्रानुभूतिलाई कृतिको रूपमा प्रस्तुत गरेर नियात्राकार राजकर्णिकारले गौतम बुद्धको आदर्श, उनको जीवनप्रतिको दृष्टिकोण, जीवन र मृत्युका बारेमा उनको मत आदिलाई यात्रासंस्मरणका रूपमा अभिव्यक्त गर्नु स्वयम्मा एक महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

जनमत प्रकाशनको ४५ औं कृतिका रूपमा प्रकाशित प्रस्तुत पुस्तकमा डा.दयाराम श्रेष्ठको

लेखक स्वयम्को प्राक्कथन समेटिएको छ। समग्रमा भन्नुपर्दा डा.श्रेष्ठकै शब्दमा " बुद्धसम्बन्धी सांस्कृतिक वा पुरातात्त्विक ज्ञान दिन सफल यो कृति नेपाली यात्रासाहित्यको एक उपलब्धि बन्न सकेको छ।" कृति पठनीय र संग्रहणीय रहेको छ।

चिन्तन र आत्मप्रकाशन :

मानिस सामाजिक प्राणी हो। कर्मका कारण नै मानिसले आफ्नो जीवनलाई सार्थक पार्न सक्तछ। भौतिक संसारका यावत् वस्तु एवम् त्यसप्रतिको मोहलाई त्याग्न सकियो भने र समस्त मानवसमुदायको हितअनुकूल आफ्नो आचरण प्रस्तुत गर्न सकियो भने जीवन बाँच्नुको सही अर्थ प्राप्त हुन्छ। संसारमा यस्ता कयौं मान्तिस छन् जो आफ्नो स्वार्थ र भौतिक संसारका पछि लागेर जीवन नष्ट गरिरहेछन्। लामो जीवन भोगाइको उत्तरावस्थासम्म पुग्दा स्वयम् जीवन नै एक अनुभवपुञ्ज बन्छ र मानिसले पूर्वावस्थाका आफ्ना क्रियाकलापप्रति पश्चात्ताप गर्दै भावी पिँढीलाई अनुभवद्वारा निर्देशन गर्दछन्। चिन्तक चन्द्रमणि प्रसाईंले सार्थक जीवनका निम्ति अत्यन्त उपयोगी सुक्तिहरूको एक सङ्ग्रह प्रकाशित गरेका छन्। जीवन र जगत्सँग सम्बन्धित आदर्श, प्रेम, समर्पण, निष्ठा, कर्तव्य, सौन्दर्य आदिलाई सुक्तिमय रूपमा लेखकले 'चिन्तन र आत्मप्रकाशन नामक सङ्ग्रहमा प्रस्तुत गरेका छन्। जीवनको मूल्य र मान्यताविपरीतको जीवन भोगाइका क्रियाकलापहरूका कारण आज विश्वमा हत्या, हिंसा, आतङ्क विस्तारित भएको सन्दर्भमा यी सुक्तिहरूको प्रस्तुति महत्त्वपूर्ण लाग्दछ। सङ्ग्रहमा लामा र छोटा अभिव्यक्तिका रूपमा ४७६ वटा सुक्तिहरू प्रस्तुत गरिएका छन्।

लेखक स्वयम्द्वारा प्रकाशित प्रस्तुत कृतिमा वरिष्ठ साहित्यसाधकहरू पूर्णप्रकाश नेपाल 'यात्री' र भरतराज शर्मा 'मन्थलीय' का कृतिप्रतिको दृष्टिकोण समावेश गरिएको छ।

जीवनवृत्त :

वि.सं. १९८० मा धनकुटामा जन्मेका कवि पं. टेकनाथ अधिकारीद्वारा रचिएको 'जीवनवृत्त' नामक संस्मरणसङ्ग्रह हालै प्रकाशित भएको छ। लेखकले करिब वि.सं. १९९८ सालदेखि आफूलाई कवितालेखनका क्षेत्रमा अग्रसर गराएको कुरा कृतिअध्ययनबाट अवगत हुन्छ। शिक्षाप्राप्तिका क्रममा देशविदेश भ्रमण गर्दाका विविध अनुभूतिका पक्षहरूलाई समेटी करिब ९० पृष्ठको प्रस्तुत कृतिमा आफ्ना पारिवारिक तस्वीरहरू समावेश गरेका छन्। 'शरीरं रोग मन्दिरं' को ज्ञानबाट अभिप्रेरित भएर वैष्णव धर्मावलम्बी भई आध्यात्मिक धरातलमा आफूलाई उभ्याउन सफल कवि टेकनाथले भौतिकताबाट पर रही समाजमा शिक्षा नै आवश्यक हो भन्ने धारणालाई उभ्याएका छन्। हाल विराटनगर निवासी कवि टेकनाथको कलमले निरन्तरता पाओस्, अझ सशक्त कविताहरू समाजलाई देओस्। शुभकामना !

काव्यान्तर :

सन् १९४८ जनवरीमा जन्मेका साहित्यकार नवसापकोटा भारतको गुवाहाटी निवासी व्यक्तित्व हुन्। बि.ए. सम्मको औपचारिक शिक्षाप्राप्त सापकोटाका कवितासङ्ग्रह, पाठ्यपुस्तक, अनुवाद र सम्पादन गरी १० भन्दा बढी पुस्तकहरू प्रकाशित छन्। असमका विभिन्न साहित्यिक संस्थाहरूमा उत्तरदायी पदहरूको जिम्मेवारी सम्हालेका साहित्यकार सापकोटाले नेपाली साहित्य परिषद्, गुवाहाटीका अध्यक्षको रूपमा समेत कार्य गरिसकेका छन्। विभिन्न पुरस्कारबाट पुरस्कृत र सम्मानित साहित्यकार सापकोटाको कवितासङ्ग्रह 'काव्यान्तर' हालै वाणी प्रकाशन, विराटनगरबाट द्वितीय संस्करणका रूपमा प्रकाशन भएको छ।

प्रस्तुत कवितासङ्ग्रहमा लामाछोटा गरी ५२ वटा कविता, दुईवटा गीत, दुईवटा मुक्तक र चार वटा हाइकुसमेत ६० वटा रचना समाविष्ट छन्।

जीवनका सन्दर्भहरूसँग नजिक राखेर कवितात्मक अभिव्यक्ति दिइएको छ ।

वाणी प्रकाशनद्वारा प्रकाशित र साहित्यकार परशु प्रधानको भूमिका रहेको प्रस्तुत सङ्ग्रहमा मुक्तककारले जीवनका विविध रङहरूलाई प्रभावकारी ढङ्गबाट अभिव्यक्ति दिएका छन् । मुक्तककार ढुङ्गेलका मुक्तकहरू चोटिला, मर्मस्पर्शी र हाम्रो सामाजिक जीवनसँग सम्बन्धित पाइन्छन् । समग्रमा सङ्ग्रहणीय पुस्तकका रूपमा सङग्रह देखा परेको छ । भूषण ढुङ्गेलको सिर्जनात्मक यात्राले शिखर चुमोस् । शुभकामना !

नाङ्गो नाक :

व्यङ्ग्यकवि वसन्त सापकोटाद्वारा लिखित 'नाङ्गो नाक' नामक हास्यव्यङ्ग्य कवितासङ्ग्रह गाईजात्राको अवसर पारेर हालै प्रकाशनमा आएको छ । मुख्यतया : नेपाली राजनीतिक आकाशमा देखिएका विकृति र विसङ्गतिका साथै समाजका गलत प्रवृत्तिहरूमाथि व्यङ्ग्य प्रहार गरिएका कविताहरू नै प्रस्तुत कृतिमा सङ्गृहीत छन् । धर्को प्रकाशन, ललितपुरद्वारा प्रकाशित र प्रसिद्ध हास्यव्यङ्ग्यकार रामकुमार पाँडेद्वारा भूमिका लेखिएको प्रस्तुत कृतिमा हास्यभन्दा व्यङ्ग्यको अनुभूति बढी मात्रामा पोखिएको पाइन्छ । कवि सचेत छन् । जनताको स्वतन्त्रतामाथि धावा बोल्ने अप्रजातान्त्रिक र भ्रष्ट आचरणमाथि कविले तिखो व्यङ्ग्य बर्साएका छन् । सशक्त कवितात्मक प्रभाव नै कविको सफलता हो । यस अर्थमा कवि सापकोटा सफल छन् । कृति पठनीय रहेको छ ।

प्रेमोन्वयन :

कवि व्यक्तित्व दुःखी महल तिम्सिनाद्वारा लिखित 'प्रेमोन्वयन' नामक खण्डकाव्य वि.सं. २०५५ सालमा प्रकाशित कृति हो । प्रकाशक स्वयम् रहेको प्रस्तुत खण्डकाव्यमा कविले आफ्नो राष्ट्र र जन्मभूमिप्रतिको अगाध आस्था र श्रद्धालाई अभिव्यक्त गरेका छन् । भ्याउरे तथा सवाई छन्दको नजिकमा जगत्सँग सम्बन्धित रहेर प्रेमलाई नै जीवनको सर्वोच्च प्राप्ति ठान्ने खण्डकाव्यका पात्रहरूले अन्त्यमा जीवननै उत्सर्ग गरेर साँचो प्रेमका निम्ति समर्पित गीत र हाइकुहरू पनि सशक्त छन् । आधुनिक जीवनशैलीले ल्याएको सन्त्रास, मानवीय संवेदना, जीवनदर्शन र परिवर्तनका स्वरहरू मुख्य रूपमा नवसापकोटाका कवितात्मक अभिव्यक्ति हुन् ।

साहित्यकार परशु प्रधानको भूमिका रहेको प्रस्तुत कृतिले कवि सापकोटाको उज्ज्वल काव्यिक यात्राको संकेत गरेको छ ।

भन्न मिल्दैन :

'बाछिटा' उपनामद्वारा चर्चित कवि पुण्यप्रसाद आचार्यको व्यङ्ग्य कवितासङ्ग्रह 'भन्न मिल्दैन' हालै प्रकाशन भएको छ । अङ्ग्रेजी विषयको प्राध्यापन पेशामा संलग्न कवि आचार्यको प्रस्तुत कृतिमा लामाछेटा गरी ४० वटा कविताहरू सङ्गृहीत छन् । मुलुकको वर्तमान विसङ्गत अवस्था, भ्रष्टाचार , अशान्ति, सामाजिक विकृति, राष्ट्रप्रेम, मानवता, प्रेम आदिलाई मूल विषय बनाएर रचना गरिएका व्यङ्ग्यात्मक कविताहरू अत्यन्त प्रभावकारी छन् । विवेक सिर्जनशील प्रकाशन प्रा.लि.द्वारा प्रकाशित सचेत कवि 'बाछिटा' को प्रस्तुत कृतिमा प्रसिद्ध हास्यव्यङ्ग्य कवि चट्याङ् मास्टरको भूमिका र कवि स्वयम्कै भनाइ समावेश गरिएको छ । सङ्क्षिप्त र प्रभावकारी अभिव्यक्तिमा नै कविको सफलता निहित हुन्छ । यस सन्दर्भमा कवि 'बाछिटा' प्रशंसायोग्य देखिएका छन् । अझ सशक्त कृतिका लागि शुभकामना !

तिमीले लगेको मुटु :

वि.सं. २०१४ आश्विनमा जन्मेका विराटनगर निवासी भूषण ढुङ्गेलद्वारा लिखित 'तिमीले लगेको मुटु' मुक्तकसङ्ग्रह हालै प्रकाशन भएको छ । महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरमा प्राध्यापनरत ढुङ्गेलको प्रस्तुत सङ्ग्रह चार खण्डमा विभाजित छ । पहिलो खण्डमा प्रणय, दोस्रोमा

शीर्षकअन्तर्गत सुन्दर र व्यङ्यात्मक १२४ वटा मुक्तकहरू समेटिएका छन् । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत मुक्तकहरूमा जीवनको मूल्य, समाजमा देखा परेका विकृति-विसङ्गति, राजनीतिक आरोह-अवरोह, राष्ट्रप्रेम, प्रकृतिचित्रण आदि पाउन सकिन्छ । यसकारण काव्य दुखान्त प्रस्तुत कृतिभित्रका सुक्तिहरूको अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

विद्यार्थी अवस्थामा सिर्जित कृतिले भिन्नै गरिमा राख्तछ । पुष्पप्रसाद भण्डारी, गोविन्दप्रसाद गुरागाईं र कवि स्वयम्का भूमिका र मन्तव्य राखिएको कृति लघु आकारमा प्रकाशित छ ।

दुई गीतिकाव्य :

दुःखी महलद्वारा लिखित 'दुई गीतिकाव्य : आमा र नाङ्गिएको गन्धर्व' वि.सं.२०५७ सालमा लक्ष्मीप्रसाद भण्डारीद्वारा प्रकाशित कृति हो । लघु आकारमा प्रकाशित प्रस्तुत कृतिमा कविले कवितात्मक शैलीमा आमाको महत्त्वलाई झल्काउने प्रयास गरेका छन् भने गाइनेदाइको दुःखद् जीवनकथालाई सारङ्गीकै धुनसँग मिल्नेगरी प्रस्तुत गरेका छन् । लोकलयमा सिर्जित प्रस्तुत काव्यमा प्रकाशक, गोविन्दप्रसाद गुरागाईं, पुष्पप्रसाद भण्डारी र कवि स्वयम्का अभिव्यक्ति समेटिएका छन् ।

बुद्धनगर, काठमाडौं

कविता

नेपाल प्रकृतिको क्रिडास्थल

❑ सरोज शाही 'मनीष'

झुल्छन् क्या नवसूर्य त्यो हिमतिर, चाँदी सरी पूर्वमा
नाच्छन् क्या पशुपन्छि ती विपिनमा, उन्मत्त भै हर्षमा ।
रातो फूल सुवास छाडिकन यो नेपाल हेरी बसी
डाँफे नाच्दछ पंख फर्फरगरी आकाशमानै उडी ।

॥१॥

सेतो जून उदाई रात भरमा, मुस्कान सेतै छरी
झर्ना फेरि झेरर तल्तिर अनि, पाहाड देखिन् बगी ।
कैयन् स्वाद छ आँप स्याउहरूको, मेवा र अङ्गूरको
गाना गीत भने मोहक कति, मैना चरी गाएको ।

॥२॥

रारा ताल छ दिव्य कुण्ड जलको, आकाश गङ्गा मुनि
बग्छन् हैमवती नदीहरू कति कली र मादी भनी
पाटे बाघ छ मस्त, घाँस हरियो, गैंडा र हात्ती पनि
गर्जन् धेर निकाली वीरहरूनै नाचेर हाँस्दै अनि ।

॥३॥

सल्ला धूपि छ क्या झुलेर हरियो, छायाँ बनेको जहाँ,
लाखौं फूल फलेर मग्मग अहा माया बनेको त्यहाँ
क्रीडाभूमि छ पार्वती र शिवको नेपालकै चन्दन
बास्नादार छ दाउराहरू कति, नेपालकै चन्दन ।

॥४॥

- मैजुवहाल, काठमाडौं

कविता

तिम्रो खुसी

❑ राधेश्याम खड्का

जान्छौ भने नजाऊ म भन्दिनँ
आउँछौ भने नआऊ पनि भन्दिनँ
हो, म तिमीलाई माया गर भन्दिनँ ।

दील फुट्यो ऐना सरी जोड्ने केले होला ?
जीवन मेरो भइसक्यो नपर्खिने खोला ।

पर्खन्छौं भने पर्ख म भन्दिनँ
झूटो कसम साँच पनि भन्दिनँ
हो, म तिमीलाई माया गर भन्दिनँ ।

-गुण्डू, भक्तपुर

कविता

स्वार्थ

❑ ललिता 'दोषी'

किन मान्छेभित्र सधैं नै स्वार्थ पलाउँछ
बनाउन आफ्नो घर किन अन्त डढाउँछ
कहिलेसम्म मान्छे अब लौ मान्छे पाउँछ
कि राष्ट्र बेच्न कुनै क्षण दलाली पो मगाउँछ ।

यस्तो जर्जर परिवेश छ, छ कारूण्यताको क्रन्दन
कस्तो अभिशाप हो राष्ट्र गिर्दो छ झन्-झन्
न उठाउने हातहरू छन् अनगिन्ती,
न छन् राष्ट्र मोहमा डुबेका
पराग खोजिमा माहुरीझैं देखिन्छन्
भुनभुन् उडेका ।

कस्तो राजनीति यो कस्तो मान्छेको मति
उदाउँदा नटिक्नु अस्ताउँदा नझुक्नु भो राष्ट्रकै दुर्गति
हीरा पाउँदा पनि फोड्छन् लुटालुट गरी
भाइचारा ह्दय नै छैन यिनमा कठैबरी !

हीरा चिनेको भए तिनले किन डुब्यो राष्ट्र धापमा
कस्तुरी पाउँदा पनि फ्याँक्यौ,
पाऱ्यौ नेपाली आघातमा
कसरी उठाउँछौ शिर बिहानी दिन्छु भनी
स्वार्थमै लिप्छ छन् सबै, कहाँ खोजौं
सच्चा नेपाली पनि ।

- ललितपुर

गजल

❑ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

मेरो मनको घरभित्र तिमीलाई बास दिउँझै लाग्छ
बास दिइसकेपछि मायाको गाँस दिउँझै लाग्छ ।

माघको मौसम हेर सिरसिर छ बतास चलेको
जाडो भगाउन यो ज्यानको कपास दिउँझै लाग्छ ।

तिमी हामी आजीवन बादलझैं उडिरहनु नै छ हेर
मिलनका लागि श्वास रहुन्जेल आश दिउँझै लाग्छ ।

भोकमा तिर्खामा हेर हेर चारैतिर छ माया नै माया
माया नै मायाले घेरेर एउटा आवास दिउँझै लाग्छ ।

दिन र रातजस्तै सधैं अलग बस्ने मन कहाँ छ र
तिमीलाई रातोदिन मीठो सहवास दिउँझै लाग्छ ।

मेरो मनको घरभित्र तिमीलाई बास दिउँझै लाग्छ
बास दिइसकेपछि मायाको गाँस दिउँझै लाग्छ ।

- पो.ब.नं. ५२७ काठमाडौं ।

कविता

व्यथाका यी कथाहरू

❑ असीम उपाध्याय

सुनाउँ कसलाई म
मनका गुनासाहरू
देखाउँ कसलाई म
विरहका यी आँशुहरू
स्वीकारूँ कसरी म
यी फुस्रा बाचाहरू
बगाउँ आँशु कसरी म

भत्काउँदै सपनाका महलहरू
हेराउँ कसलाई म
सपनाका यी भग्नावशेषहरू
बुझाउँ कसलाई म
व्यथाका यी कथाहरू ?

- जोरपाटी-२

कविता

मेरी उनी

❑ गोपीकृष्ण ढुंगाना 'पथिक'

उनी मेरी,
विगत/भविष्य
सपना/विपना
सुख/दुःख
परि/प्रेमिका
श्रीमती/साली
मोनालिसा/सुर्पणखा
जवानी/जीवन
झरना/झंकार
मुटु/धड्कन
सिरानी/सिरक
ऐठन/अँगालो
स्पर्श/स्मृति
सिउँदो/सिन्दूर
बगैंचा/बगर
कोमल/कठोर
कथा/उपन्यास
गीत/संगीत
गजल/कविता
एकांकी/पूर्णाङ्की
झुपडी/महल
चिसो/तातो
गाँस/बाँस
मैन/मौनता
यात्रा/नियात्रा
सवाल/जवाफ
शुरू/अन्त्य
उकाली/ओराली
केचना/सगरमाथा
सूर्य/समुन्द्र
उषा/सन्ध्या
दिन/रात
पूर्णिमा/औंशी
पारिजात/पलाँस
शनिबार/सोमबार
साउन/भदौ
एकान्त/कोलाहल
वसन्त/शिशिर
दशैँ/तिहार
मेची/काली
पूर्व/पश्चिम
उत्तर/दक्षिण
आकाश/पाताल
तन/जन
धन/मन
सृष्टि/दृष्टि
नाम/दाम
प्रयास/पुरस्कार
बुद्ध/बुद्धि
भावना/कल्पना
इमेल/इन्टरनेट
अरब/अमेरिका
सीमा/समय
शताब्दी/सहस्राब्दी
सत्ता/शासन
समाज/संसार
सिद्धान्त/दर्शन
स्पष्ट/अस्पष्ट
व्यवस्थित/छरपष्ट
जस/अपजस
मिलन/बिछोड
दोबाटो/चौबाटो
पथ/पथिक
अर्थात्.....
'म' भित्रकी
'म' हुन् ।

कविता

कथा

❑ राधा कार्की (अभागी)

आज पनि खोज्दै छु
उही पुरानो कथा
आँखाहरू तेर्साएर
दर्शाउँदै छु
तिम्रो हाम्रो व्यथा ।

राग लाग्न दिनु नै
भूल हाम्रो थियो
त्यही रोगले च्याप्यो हामीलाई
मन मस्तिष्क लडाएर
औषधिको मूल्य त्यहाँ थिएन
आत्माभित्र मन खोजी
हाँस्न चाह रहेन ।

जीवनका उद्देश्यमा
लम्केका पाइलाहरू
फूलबारीको
मलमलतामा अल्झिरहे
निको नहुने व्यथा बोकी
आत्माभित्रै छट्पटाइ रहे ।

अविश्वासको दियो बाली
प्रतीक्षामा बिते दिनहरू
विश्वासको खोजी गर्दागर्दै
जीर्ण भए शरीरहरू ।

वर्णन गर्दा गर्दा
थाकिसके ओठहरू
मनहरू जलिसके
अविश्वासको दियोसँगै
आत्माहरू भडिकिरहे
तिम्रो हाम्रो कथासँगै

- इलाम-२
हाल : काठमाडौं

कविता

एउटा कथाः म कथावाचक

❑ आर.एम.डङ्गोल

धेरै व्यथाहरूको कथा भेटैं भेट्दै गएँ
मनको कालोपाटीमा पोतिएका
रहर, इच्छा-आकाङ्क्षाहरूका रङ्गीन पीडाहरू,
जति भेट्दै जान्थें पीडा-व्यथाहरू
उतिउति म ज्ञानराशिका अक्षरहरू
र वाक्यहरू
वाक्यहरू ठेली ठेली ग्रन्थजस्ता
अनुभवहरू सङ्कलन गर्दै जान्थें,
म सम्झन्छु
बाल्यकालका झैं-झगडा
असन्तोष/क्रोध/इर्ष्या
हो, यसैबाट सिकेको थिएँ मैले
सिक्ने कला पनि
र, अरूलाई सिकाउने कला पनि ।

मेरो सामुन्ने छ
सिक्न बाँकी अनन्त आकाश
जान्न बाँकी अनन्त समुद्र
हिँड्दै छु
आफू मेटिनु अघिको मेरो यात्रापथ,
अब देख्दै छु ।
शृङ्खला शृङ्खला पीडाका पहाडहरू
व्यथाका उस्तै नदीहरू
म अब
पीडाबाट पीडा भुल्न सिक्दै छु
व्यथाबाट व्यथा भुल्न सिक्दै छु
यतिबेला
म आफैं एउटा कथा बाँचिरहेँछु
भेटिनु अघिको
एउटा कथा बाँचिरहेँछु
मेटिनु अघि
अझ सिक्न र अझ सिकाउन
बाँचिरहेँछु ।

- गेरा, नुवाकोट
(हालः कपन, काठमाडौं)

कविता

खाते बालक

❑ कल्पना नेपाल

गन्तव्य विहीन यात्रामा
दुःखको खास्टो पीरको कुम्लो
कांखी च्याँपी च्याँपी
भोक र प्यासलाई जाडोको चिसो सिरेटो
गर्मीको टन्टलापुर घाम ओडाउदै
गल्ली गल्ली दोबाटो, सडक र पेटीमा
बास खोज्दै भौतारी रहेको छ
मेरो दर्दनाक जीवन ।

सडक, पेटी र ढुङ्गा मेरा सिरानी भए
मिल्काइएका कसिङ्गरहरू बिस्तरा रहे
पाटी त साँच्चिकै आलिसान महल भए
चौतर्फी फ्याँकिएका सिता मेरा भोजन रहे
विवशता जीउदो लाशरुपी जीवन
कुनै कल्पनाको सागरमा डुबी जीउन
वाध्य छ एक निरीह प्राणी ।

कति दिनसम्म खाली पेट कटकटाउँछ
प्राण थाम्न गाह्रो हुँदा आत्मा भटभटाउछ
रछ्यानको सिताको निम्ति पनि
कुकुरसँग मेरो भिडन्त हुन्छ ।
तर, सहकर्मी तारे महलमा
चौरासी व्यन्जन डकार्छन्
महलमा पालिएको कुकुर मासुभात लात मार्छन् ।
बाहिर भोकमा आत्मा छटपटिन्छ
चम्चा रिकापी र डिक्ची भित्रै मस्काइन्छ
यस्तै छ मेरो हाल ।
दुःखको सागरमा पौडी पौडी
भोको पेटलाई हत्केलाले निचोर्दै
बाँच्ने आधार खोज्न धाइरहेँछु ।
मेरो न टेक्ने हाँगो छ न समाउने डालो
यहाँ त फटाहा रम्ने पालो छ
तैपनि नयाँ जीवनको आशा उमङ्गमा बाँचिरहेँछु
म एक अपहेलित खाते बालक ।

- चिदिपानी-९ पाल्पा

रुचि लाग्नैपर्ने नेपाली सहस्रश्लोकी

❑ डा. विष्णु दहाल

भागवत धर्मका अनन्य उपासक श्री गुणराज काफ्ले 'शाण्डिल्य'द्वारा आम नेपाली वैष्णव भक्तहरूलाई पस्किने प्रयास गरिएको विष्णु सहस्रनाम नेपाली सहस्रश्लोकी कृतिको विहङ्गावलोकन गर्ने अवसर भेटाएँ । प्राचीन इतिहास र वाङ्मयबाट खोजिने रत्नहरूमध्येको अनन्यतम प्रभावोत्पादक विष्णुसहस्रनाम प्रस्थानत्रयी अन्तर्गतको लालीगुराँस हो । युद्धभूमिमा घायल भई शरशैय्यामा छटपटाइरहेका गङ्गापुत्र भीष्म पितामहले धर्मराज युधिष्ठिरलाई लक्षित गरी महाभारत युद्धका शीर्षनायक साच्चिदानन्दघन परमात्मपुरुष वासुदेव श्रीकृष्णको हजार तरिकाले गुणगान बखान स्तुतिगान गरेर विष्णुस्रनामरुपमा हजारौं वर्षदेखि पुर्ख्यौली घेरालाई अनुप्राणित र आल्हादित पार्दै हामीसम्म बगिरहेको छलङ्ग छ । यो पवित्रधारालाई पवित्रतम मार्गमा बगाउन समर्थ प्रेरणा दिने कार्य 'नेपाली सशस्रश्लोकीले' निरन्तरता दिने छ ।

भक्तिमार्गले अन्तमा चराचर जगत्का प्रत्येक वियवस्तुलाई परमात्मस्वरुप स्वीकारेको शास्त्रीय र व्यावहारिक यथार्थ छँदैछ । नेपाली सहस्रश्लोकीमा भगवान्का हजारनामलाई हजार श्लोकमा परिभाषित गरिएको छ । साजसज्जाले भरिएको काफ्ले समाजद्वारा प्रकाशित यस नेपाली सहस्रश्लोकीमा डा.स्वामी प्रपन्नाचार्यज्यूले शुभकामना दिनुभएको छ । पुरुषार्थचतुष्टय सिद्धिका लागि विष्णुसहस्रनाम अमोघ अस्त्र सरह मानिन्छ ।

धर्म

सद्स्थापना परम धर्म गरी अंगाल्ने
धर्माचरण् रत भई स्वत नै संगाल्ने
लागेर धर्म अति धर्मपति बनेका
श्री धर्मकृत प्रकृति ईश्वरमा नमस्ते ।

अर्थ

अर्थादि इच्छित कुरा परिपूर्णकारी ।

काम

इच्छा छ आफ्नु प्रियको प्रियतम् समाल्नै
काखमा लिई पुरण काम स्वभावका नै
काम हो छ देखनु उता अतिकाम जस्तै ।

पुनर्जन्म

जीर्णादि प्राण तनका समशोधनैको
जीवन्तता दिनु हुने प्रभु विश्वनैको
सम्पूर्ण प्राण समशोधन कार्य गर्ने
यस्ता प्रभु परम प्राणदमा नमस्ते ।

उक्त श्लोकहरूमा प्रयुक्त शब्दहरूको विशदीकरण गरिएको छ । यस्तै लोकनाथ, लोकबन्धु, सत्यधर्मा, द्रविणप्रद, हलायुध आदि नामहरूको किञ्चित् अभीष्ट अर्थ समेटिएको पाइन्छ । कविहृदयको भाव स्पष्टिएको भेटाइन्छ ।

शब्दको व्याख्या, विश्लेषण र अनुगमनतिर लम्कन खोजिए पनि भावुकतामै अल्मलिएको पाइन्छ । प्रकृति प्रत्ययार्थको मिश्रीतार्थ धातुले खोतल्छ, त्यसमा त्यति ध्यान पुगेको पाइँदैन, रामलाई राम अर्थमा र कामलाई काम अर्थमा प्रयोग गराउने क्षमता व्युत्पन्न र अव्युत्पन्न दुवै किसिमले व्याकरणमा निहित हुन्छ । ज्ञान नभई भक्ति हुँदैन । ज्ञानका लागि यथार्थको अवबोध चाहिन्छ । यस अर्थमा स्वयंमा परिपूर्ण भए पनि पाठ गर्दा अरुचिकर लाग्ने खालको पाइयो । भववद् भक्तिमा अरुचि जगाउने कृतिलाई पूर्णतया सफल मानिन मुश्किल पर्न सक्छ । प्रुफ संशोधनमा भाषिक महत्वलाई ध्यान दिइएको छैन । भक्ति छन्दको पराकाष्ठा हो । नेपाली सहस्रश्लोकीमा छन्दोभङ्ग पर्याप्त छ । यसो हुँदाहुँदै पनि यो कृति संग्रहणीय छ । आशा छ श्री गुणराज काफ्ले शाण्डिल्यले यसलाई परिष्कृत र परिमार्जित गर्न ध्यान दिनुहुनेछ । ***

एकाङ्की : सैद्धान्तिक परिचय
(परिचय, परिभाषा र तत्त्व)

❑ ऋषिराम शर्मा

परिचय र उत्पत्ति

'एकाङ्की'तत्सम विशेषण शब्द हो । एक अङ्क मात्र भएको वा हुने आफैमा पूर्ण, छोटो नाटक[१] लाई एकाङ्की भनिन्छ । एक अङ्क हुने एक प्रकारको दृश्यकाव्य नै एकाङ्की हो । अनेक अङ्कमा बाँधिएको अथवा अङ्कै-अङ्कैहरुले पूर्ण भएको नाटकलाई पूर्णाङ्की नाटक भनिन्छ भने एकै अङ्कमा बाँधिएको नाटकलाई एकाङ्की नाटक भनिन्छ ।[२] संस्कृत साहित्यमा रुपकका दश भेदमध्ये भाण, व्यायोग, उत्सृष्टाङ्क, वीथी जस्ता एक अङ्कमात्र हुने रुपकलाई एकाङ्की मान्न सकिन्छ । पश्चिममा दशौं शताब्दीमा 'मिराकल्स ' र 'मारेलिटी' जस्ता नाट्य रुपमा एकाङ्कीको रुपरेखा मिल्दछ ।[३] सत्रौं र अठारौं शताब्दीमा नाटक हेर्न आउने जनताको मनोरञ्जनका लागि लेखिएका विनोदपूर्ण 'ईन्टरल्यूडस 'का रुपमा एकाङ्कीको निश्चित रुप विकसित भयो । भिक्टोरियन युगमा 'कर्टेन रेजर' नामक एकाङ्कीको एक रुपको प्रचलन भयो ।[४] उन्नाइसौं शताब्दीको अन्ततिर समयको कमी र कार्यको वहुलताले एकाङ्की नाटकहरूलाई जन्म दियो ।[५] वीसौं शताब्दीको प्रारम्भमा नै यूरोपमा राम्रा एकाङ्की नाटकहरू लेखिन थाले र त्यसैको प्रभाव भारत र नेपालमा पनि पऱ्यो । अहिलेको एकाङ्की नाटक संस्कृत शैलीको नभएर पाश्चात्य शैलीको देन मानिन्छ । एकाङ्की संस्कृत शब्द भए पनि एकाङ्की नाटकका रुपमा पाश्चात्य साहित्यवाट नेपाली साहित्यमा भित्रिएको मानिन्छ । आज जुन एकाङ्की साहित्य रचिँदै छ, त्यसमा नयाँ-नयाँ प्रयोग हुँदै छन् त्यो सबै पाश्चात्य एकाङ्कीको मान्यताअनुकूल नै भइरहेको छ । अतः एकाङ्कीको जन्म पूर्वमा भए पनि यसले शैलीगत स्वरुप पश्चिमवाटै लिएर नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ ।

परिभाषा

एकाङ्कीको परिभाषा गर्नु सामान्यतया अप्ठ्यारो र कठिन कार्य हो । साहित्यमा भइरहेका नौला-नौला प्रयोग एवम् आवश्यकताहरुका आधारमा एकाङ्कीलाई एउटै परिभाषामा समेट्न मुस्किल पर्छ । तैपनि मुख्य-मुख्य प्रवृतिहरुका आधारमा विद्वानहरुले एकाङ्कीलाई परिभाषामा बाँध्ने प्रयास गरेका छन् तीमध्ये केही परिभाषाहरु यस प्रकार छन् :

एक अंक मात्र भएको वा हुने आफैमा पूर्ण छोटो नाटक(लाई एकाङ्की नाटक भनिन्छ) ।[६]

नेपाली वृहत् शब्दकोश

अनेक अङ्कमा बाँधिएको अथवा अङ्कैअङ्कले पूर्ण भएको नाटकलाई पूर्णाङ्की नाटक भनिन्छ भने एकै अङ्कमा बाँधिएको नाटकलाई एकाङ्की नाटक भनिन्छ ।[७] केशवप्रसाद उपाध्याय

कथ्यको एकोन्मुखता भएको आख्यानपरक, अभिनय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनिन्छ ।[८]

डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा

एकाङ्की नाटक साहित्यको त्यो रुप हो जसको माध्यमबाट मानव जीवनको कुनै एक पक्ष, एक चरित्र एक कार्य एवम् भावको कलात्मक संयोजन गरिएको हुन्छ । ९. धीरेन्द्र वर्मा

एकाङ्कीमा हामी क्रमबद्ध विवेचना नभएर यसको एक पक्ष, एक महत्वपूर्ण घटना, एक विशेष परिस्थिति अथवा एक उद्दीप्त क्षणको चित्रण पाउँछौं ।[१०] डा. नगेन्द्र माथिका परिभाषाहरुलाई निम्नानुसार वुँदागत रुपमा प्रस्तुत गरी परिभाषित समेत गर्न सकिन्छ ।

१. एकाङ्गीमा एक अङ्कमात्र हुन्छ । २. आयामका कुनै विशिष्ट पक्ष वा महत्वपूर्ण घटनामा केन्द्रित हुन्छ । ३. यो सम्वादात्मक हुन्छ, अभिनेयात्मक हुन्छ र दृश्यात्मक हुन्छ । ४. आयामका दृष्टिले यो लघु हुन्छ । ५. यो आफैमा पूर्ण र स्वतन्त्र हुन्छ । ६. यसले विशिष्ट प्रभाव उत्पन्न गर्छ । ७. एउटै विषय, एउटै समय र सकभर एउटै दृश्य हुनु यसमा आवश्यक हुन्छ ।

एक अङ्क भएको जीवनको कुनै विशिष्ट पक्ष वा महत्वपूर्ण घट्नामा केन्द्रित आफैमा पूर्ण स्वतन्त्र र छोटो यस्तो विद्यालाई एकाङ्की मानिन्छ जसमा एउटै विषय एउटै समय र सकभर एउटै दृश्य हुनु वाञ्छनीय हुन्छ र जसले पाठक/प्रेक्षकमा विशिष्ट प्रभाव उत्पन्न गर्दछ ।

एकाङ्कीका तत्त्व

एकाङ्गीमा पनि नाटकमा जस्तै निम्नलिखित तत्व हुन्छन्-कथानक, पात्र, संवाद, वातावरण, उद्देश्य र भाषाशैली ।[११] यसको प्रयोगको रुप वा मात्रा भने नाटकमा भन्दा किञ्चित भिन्न हुन्छ तर त्यस भिन्नताले नै नाटक र एकाङ्कीको भेद सिर्जना गर्दछ ।[१२]

कथानक

कथानक एकाङ्कीको मुख्य धरातल हो जसको आडमा एकाङ्की उभिन्छ । घटनाहरुको त्यस श्रृङखलालाई कथानक भनिन्छ जो समयक्रमबाट होइन कार्यकारण सम्वन्धवाट जोडिएको हुन्छ ।[१३] घटना भनेको प्रसंङ्ग र स्थिति हो भने कथानकको पूर्णताका लागि आदि, मध्य र अन्त्यको भाग कथानकमा हुनुपर्दछ । एकाङ्कीकारले चयन गरेको विषयवस्तु वा कथावस्तुलाई आदि, मध्य र अन्त्य भागका कारणकार्य वा डोरी वा श्रृङ्खलामा राम्ररी वुनेर संगठित वनाई प्रभावकारी रुपमा प्रस्तुत गर्नुपर्दछ । कथावस्तुलाई कथानकको रुप प्रदान गर्दा घटनाको क्रमिक विकास र दरिलो सङ्गठन प्रदान गर्न सकियो भने एकाङ्कीको कथानक आकर्षक रोचक सन्सनीपूर्ण र मार्मिकसमेत बन्न पुग्छ । एकाङ्कीमा सामान्यतया सिरानतिर आदिभाग, बीचतिर मध्यभाग र समाप्तितिर अन्त्यभाग फेला पर्दछ तर कथानक व्यतिक्रम भएमा यो क्रम भङ्ग हुन सक्दछ । एकाङ्कीमा कथानकको प्रारम्भ एकाएक हुने हुँदा प्राय दर्शक र पाठक अल्मलिने गर्दछन् ।[१४] संघर्ष र कुतूहल कथानकका महत्वपूर्ण विशेषता हुन् । यी दुई यस्ता तत्व हुन् जसको अभावमा एकाङ्की निष्प्राण हुन्छन् । यसरी कार्यकारण श्रृङ्खलामा आवद्ध गरेर आदि, मध्य र अन्त्य भागमा प्रस्तुत गरिने कार्यलाई नै एकाङ्कीको कथानक भनिन्छ र यसको जगमा नै एकाङ्कीको महल खडा हुन्छ ।

पात्र वा चरित्र

एकाङ्गीमा अङ्कयोजनाभित्रको कार्यव्यापारमा भूमिका खेल्ने व्यक्तिहरुलाई नै पात्र वा चरित्र भनिन्छ । व्यक्तिलाई कृतिमा उपस्थिति गर्ने तरिकाको अर्को नाम चरित्रचित्रण हो । पात्र वा चरित्रले एकाङ्कीका लागि चुनिएको कथावस्तुलाई गति प्रदान गर्दछन् । पात्र वा चरित्रकै काम, कुरा विचार इत्यादिले एकाङ्कीमा अनेक घटना घट्छन् । एकाङ्गीमा पात्रहरुको सङ्ख्या बढीमा पाँच-छजना हुनु तिनमा पनि मुख्य र गौण गरी दुई थरी पात्र रहनु, कुनै-कुनै पात्रहरुको संवादमा हास्य, व्यङ्ग्य वा विनोदको सामग्री मिसिएको हुनु, पात्रहरु सजीव व्यक्तित्ववान् र आकर्षक हुनु आवश्यक ठानिन्छ । पात्रहरुको संस्कार, मनोविज्ञान र वातावरणअनुसार नै उनीहरुको चरित्रनिर्माण गर्नुपर्ने, द्वन्द्वलाई निकै कलात्मक ढङ्गले प्रस्तुत गर्न एकाङ्कीकारको चलाखी पात्र वा चरित्रविधानका सन्दर्भमा आवश्यक हुन्छ । पात्र-पात्रका बीच वाह्य द्वन्द्वमा मिश्रित भएर एउटै पात्रका अन्तर्मनभित्रको आन्तरिक द्वन्द्वको सिर्जना वा विकास हुन्छ भने अर्कातिर पात्रका आन्तरिक दन्द्वले वाह्य द्वन्द्वको सिर्जना गर्ने हुँदा द्वन्द्वको निर्माणमा पात्रको अहम् भूमिका रहन्छ । पात्रको मन भित्रभित्रै खैलाबैला भइरहने, आन्तरिक द्वन्द्वलगायत पात्रका अन्य क्रियाकलापले एकाङ्कीलाई जटिल र यथार्थ समरुप बनाउँछ ।[१५]

संवाद एकाङ्कीको प्राण हो, सर्वस्व हो र अत्यन्तै अपरिहार्य तत्व हो । कथा र चरित्रलाई सम्मुख ल्याउने कार्य संवादबाट मात्र हुने गर्दछ । एकाङ्कीकारको शिल्पकौशलको सर्वाधिक सशक्त माध्यम नै संवाद हो । पात्रहरुका बीचको कुराकानी संवाद हो र संवादकै माध्यमबाट नाटक र एकाङ्की प्रकट हुने गर्दछन् । साहित्यका अन्यविधाबाट यस विधालाई पृथक तुल्याउने प्रमुख तत्व भनेकै संवाद हो । वातावरण, परिवेश, पात्रको मनौवैज्ञानिक अवस्था पनि संवादकै माध्यमबाट प्रकट हुने गर्दछ । वातावरणसापेक्ष संवाद वा वातावरण सृजनासक्षम संवाद एकाङ्कीका लागि आवश्यक हुन्छ जसबाट एकाङ्कीमा कलात्मक भ्रम सृजना र साधारणीकरण हुनामा पर्याप्त मद्दत पुग्दछ । २७ स्वाभाविकता सङ्क्षिप्तता, वाग्विदग्धता, रोचकता प्रभावोत्पादकता संवादका उत्कर्षविधायक गुणहरू हुन् ।[१६] पात्रहरुको जाति, गुण, कर्म, स्वभाव, मनोवृत्ति कथाको प्रकृति र उद्देश्यजस्ता कुरा संवादकै क्रममा मुखारित हुन्छन् । सरल, सुबोध, प्रभावपूर्ण वाक्य, अव्यर्थ एवम् सटीक शब्द प्रयोग संवादको लागि अपेक्षित गुण मानिन्छ । एकाङ्कीकारले संवादमा अत्यन्त सावधान हुनुपर्दछ । किनभने यसमा एक शब्द पनि अनावश्यक हुनुहुँदैन । अहिले एकाङ्कीमा सजिलो र सबैले बुझ्ने बोलचालको भाषाको प्रयोग गर्न धेरै मन पराउने चलन पनि छ ।

वातावरण

वातावरणलाई देश, काल र वातावरण पनि भनिन्छ । एकाङ्की छोटो समयमा सकिने हुँदा वातावरणको विस्तृती सम्भव नभए पनि यसमा बाह्य एवम् आन्तरिक वातावरण संक्षिप्त रुपमा देखाइन्छ । एउटै प्रधान घटना, विशेष स्थान र समयको आवश्यकता हुने हुँदा वातावरणको संयोजनमा एकाङ्कीकारले विशेष सचेत हुनु जरुरी हुन्छ ।[१७] कार्यस्थिति, पात्रपरिस्थिति र काल-सापेक्षताको दृष्टिले अनूकुल समय वा वातावरणको निर्माण परिवेश, वेशभूषा तथा भाषाप्रयोग आदि सबैको समेटिन्छन् । वातावरणयोजना फितलो भयो भने एकाङ्कीसंरचनाको महल क्षतिग्रस्त एवम भताभुङ्ग हुन सक्ने हुँदा एकाङ्कीमा घटित घटना र वर्णित जीवनसँग एकाङ्कीकार राम्ररी परिचित हुनुपर्दछ ।

उद्देश्य

उद्देश्य भनेको कथ्य, लक्ष्य, भाव वा विचार पनि हो । आधुनिक एकाङ्कीको विषयवस्तुबाट पाठक वा दर्शकले जे भावानात्मक अनुभव प्राप्त गर्दछ त्यसैमा पनि एकाङ्कीको पनि उद्देश्य अन्तर्निहित हुन्छ । एकाङ्कीमा लेखकले एउटा घटनाका माध्यमबाट एउटै भाव, एउटै विचार, एउटै प्रभाव र एउटै समाधान प्रस्तुत गर्न चाहन्छ । यस्तो भाव वा विचारलाई प्रस्तुत गर्न एकाङ्कीकारले एकाङ्कीको जीवनमा कुनै मार्मिक क्षण, जटिलता वा समस्या जस्ता पक्ष प्रस्तुत गर्दै पाठक दर्शकलाई मानव जीवनलाई केही नयाँ अनुभव गराउने लक्ष्य लिएको हुन्छ । त्यसैले आज भोलि उद्देश्यलाई जीवनदृष्टि पनि भनिन्छ ।[१८]

भाषाशैली

एकाङ्कीमा सीमित पात्र सीमित समय र सीमित दृश्य हुन्छ । त्यसैको यसको संक्षिप्त आयामको एकाङ्कीमा प्रयुक्त हुने भाषा पनि स्पष्ट सन्तुलित स्वाभाविक हुनु वाञ्छनीय हुन्छ । एकाङ्कीमा विषय एवं पात्र सुहाउँदो भाषाको प्रयोग, उखान-टुक्काको प्रयोगले पनि सौन्दर्य थपेको हुन्छ । सामान्य बोलचालको भाषा प्रयोग गर्नु एकाङ्कीको अभीष्ट हो र आज बोलचालको भाषाको प्रयोग गरेर नै एकाङ्कीरचना गरिन्छ । चरित्रको सूक्ष्म विश्लेषण गर्ने एकाङ्कीमा पनि भाषिक क्लिष्टता राम्रो हुँदैन । सुन्नासाथ बुझ्न सकिने हुनु एकाङ्कीको मुख्य विशेषता हो । पात्र जुन भाषाभाषी छ उसको भाषामा सम्बन्धित भाषाको प्रभाव देखिनु पनि एकाङ्कीको भाषाशैलीको मुख्य पक्ष हो ।

पादटिप्पणी

[१] सं. बालकृष्ण पोखरेल र अन्य, नेपाली वृहत शब्दकोश, ने.रा.प्र.प.: २०४०, पृ. १६८ ।

[२] केशवप्रसाद उपाध्याय, नाटक र रङ्गमञ्च, रुमु प्रकाशन : २०५२, पृ. ११८ ।

[३] मैथिलीप्रसाद भारद्वाज, पाश्चात्य काव्यशास्त्र के सिद्धान्त, हरियाणा साहित्य एकडेमी: १९९४, पृ. ३६९ ।

[४] पूर्ववत् पृष्ठ ३६९ ।

[५] सं. चूडामणि वन्धु, साझा एकाङ्गी, साझा प्रकाशन : २०४३, पृ.ख.

[६] नेपाली वृहत शब्दकोश, पूर्ववत् पृ. १६८ ।

[७] केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. ११८ ।

[८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन: २०४९, पृ. १५५ ।

[९] सं धीरेन्द्र वर्मा र अन्य, हिन्दी साहित्य कोश ज्ञान मण्डल लिमिटेड, वाराणसी : वि.सं. २०२०, पृ. १४५ ।

[१०] नगेन्द्र, आधुनिक हिन्दी नाटक, साहित्य रत्न भण्डार, आगरा : १९७०, पृ. १२०

[११] सं. चूडामणि वन्धु, पूर्ववत् पृ.ख. ।

[१२] सं. केशवप्रसाद उपाध्याय नेपाली एकाङ्गी, साझा प्रकाशन : २०४९ पृ. ४ ।

[१३] मोहनराज शर्मा शब्दरचना र वर्ण विन्यास, नवीन प्रकाशन, काठमाडौं, २०५४, पृ. ३८४ ।

[१४] सं. चूडामणि वन्धु, पूर्ववत्, पृ.ख. ।

[१५] स. केशवप्रसाद उपाध्याय र अन्य, पूर्ववत् पृ. ६ ।

[१६] धीरेन्द्र वर्मा पूर्ववत् पृ. १४७

[१७] सं चुडामणि वन्धु साझा एकाङ्गी पूर्ववत पृ. ८१

[१८] सं केशवप्रसाद उपाध्याय र अन्य, पूर्ववत् पृष्ठ ८

सन्दर्भग्रन्थसूचि

१. केशवप्रसाद उपाध्याय, नाटक र रङ्गमच, रुमु प्रकाशन : २०५२ ।

२. केशवप्रसाद उपाध्याय र अन्य नेपाली एकाङ्गी, साझा प्रकाशन : २०४९ ।

३. सं. चूडामणि वन्धु, साझा एकाङ्गी, साझ प्रकाशन : २०४३

४. नगेन्द्र, आधुनिक हिन्दी नाटक, साहित्य रत्न भण्डार, आगरा : सन् १९७० ।

५. सं. बालकृष्ण पोखरेल र अन्य,नेपाली वृहत शब्दकोश, ने.रा.प्र.प. २०४० ।

६. मैथिलीप्रसाद भारद्वाज, पाश्चात्य काव्य शास्त्र के सिद्धान्त, हरियाणा साहित्य एकेडेमी : सन् १९९४ ।

७. मोहनराज शर्मा, शब्दरचना र वर्णविन्यास, नवीन प्रकाशन, काठमाडौं : २०४९

- आँपचौर, गुल्मी

हालः महेन्द्ररत्न क्याम्पस, ताहाचल

पाइलैपिच्छे सगरमाथा

(कवितासङ्ग्रह)

कवि एवं गीतकार नवराज लम्सालको 'पाइलैपिच्छे सगरमाथा' (कवितासङ्ग्रह) २०६१ साल नववर्षको दिनमा पहिलो कृतिको रुपमा प्रकाशित भएको छ । यस सङ्ग्रह भित्र कोट, धुन, आगो, माकुराहरु लगायत ५२ वटा विभिन्न शीर्षकका कविताहरू समावेश गरिएका छन्। नवराज लम्साल नेपाली साहित्यका क्रियाशील व्यक्तित्व हुन् । उनी भन्छन् "म कविता आफ्नो हृदयको बौद्धिक अभिव्यक्तिका लागि लेख्छु । कविता लेख्न मलाई मस्तिष्कले घच्चच्याउँछ । म गीत पनि लेख्छु गीत लेख्न मलाई मनले अह्राउँछ ।"

यस कृतिको बारेमा प्रा. तुलसी दिवसको भनाई छ - 'नेपाली साहित्यका समकालीन साहित्याकाशमा चम्किनुभएका कवि नवराज लम्साल दक्ष रेडियो प्रशिक्षक पनि हुनुहुन्छ । काठमाडौं नजिकको जिल्ला धादिङको गाउँवाट १३ वर्षको उमेरमा सहर पसेपछि उनको जीवनको अलग अध्याय शुरु हुन्छ ।

कवि लम्सालका कविताहरु समसामयिक परि वेशलाई सुहाउने खालका सहर र मार्मिक छन् ।

पाठशाला जङ्गल ओढेर
वन्दुक लेखिरहेछ
पाइला मेटेर अस्तित्वको
मृत्यु लेखिरहेछ ।

राष्ट्रकवि माधव घिमिरेको भनाई छ - "कवि लम्साल जीवनवादी कवि हुन् । र मानववादी कवि पनि हुन् । उनका कविता मानवताकै निम्ति समर्पित छन्"।

आमाका क्रन्दन (गीतिकाव्य)

भाग्यशाली अधिकारीद्वारा लिखित आमाका क्रन्दन' नामक गीतिकाव्य २०६० चैत्रमा दोस्रो कृतिको रुपमा प्रकाशित भएको छ । यस कृति भित्र तुर्लुङ्कोटकी कालीकाप्रति, आमाको आग्रह, छोराको प्रतिबद्धता, पुनः आमाको आग्रह लगायत २३ वटा काव्यहरु राखिएका छन् ।

यो गीतिकाव्य लोकलयमा लेखिएको छ, र लयसँगै हृदय वगाएर लैजाने खालको छ । 'कथा के भनुँ त्यो त व्यथा हो । आशंका र संत्रास, हिंसा र हत्याको अक्रमणीय व्यथा हो' भनि राष्ट्रकवि माधव घिमिरेले उल्लेख गर्नुभएको छ । कथा, निबन्ध, बाल रचना जस्ता साहित्यिक विधामा पनि भाग्यशालीले कलम चलाइरहेका छन् । लमजुङ्गका कवि पहाडी प्रकृतिवाट प्रभावित छन् । त्यहाँको लोकलयमा त्यहीका मर्म र व्यथा काव्यको विषय बनेको छ । कवि अधिकारी लेख्छन् -

उठ्दैमा पूर्व शान्तिका झुल्का छरेर घामले
भरर भर मलेवा बस्थे फाँटका फाँट रे
चिरबिर चिरबिर भँगेरा टिप्थे आहारा आँगन
अलख जगाई आउँथे जोगी मुष्ठीदान मागन ।

अधिकारीको यो गीतिकाव्य अत्यन्त कारुणिक छ । उनले आफ्नो सिर्जनात्मकताको श्रेय आदरणीय गुरुहरुलाई दिएका छन् । किनभने उहाँहरूका प्रेरणात्मक वाक्यहरूले गर्दा नै उनले प्रेरणा पाएर सिर्जनाको फाँटमा ओर्लने सुअवसर पाएका हुन् । नेपाल आमा आज कराउँदै छिन्, रुँदै छिन्, नेपालीका पीडित स्वरमा यस अवस्थामा सबै दुःखी भएजस्तै कवि अधिकारी पनि दुःखी छन् ।

उनी भन्छन् 'मान्छे भएर मान्छेको कल्याण गर्नुपर्दछ । यदि मान्छे भएर त्यसले मान्छेको कल्याण गर्दैन भने त्यो व्यक्ति यो संसारमा जन्मनु वा वाँच्नु निरर्थक हुन जान्छ ।'

मौनताका रातहरू (गजलसङ्ग्रह)

कवि एवं गजलकार गोपीकृष्ण दुङ्गाना 'पथिक' ले आफ्ना मीठा-मीठा साहित्यिक सिर्जनाहरू विभिन्न पत्रपत्रिका मार्फत् पस्किसकेका छन् । २०५८ वैशाखमा पहिलोपटक साधना मासिकमा प्रकाशित गीतिकविता नै पथिकको औपचारिक साहित्य प्रकाशनको सुरुवात हो । मौनताका रातहरु (गजल-सङ्ग्रह) भित्र ५२ वटा गजलहरु समाविष्ट छन् । झापाको सुन्दर अनि सहज र शान्त वातावरणवाट उठेर हल्लामा रुपान्तरित राजधानी सहर काठमाडौंमा आई पत्रकारिता पेशामा रहेका गोपिकृष्ण दुङ्गाना शिक्षा विषयलाई आफ्नो अध्ययनको क्षेत्र बनाउने स्रष्टा हुन् भने साहित्यको सिर्जना उनको रुचि हो ।

गोलमाल धेरै भयो हजुर
यो देशमा के नै रह्यो हजुर ।
ठूलो सानो सबै भ्रष्टचारी,
बाध्यता छ भन्न ल या हजुर ।

गजलकार गोपीकृष्णका गजलहरू पढ्दै जाँदा देशको वास्तविक घटनालाई राम्ररी केलाएको पाइन्छ। "गजल गीत जस्तो स्वतन्त्र नभई आफ्नै विशेष प्रकारको संरचनामा आबद्ध हुने विधा भएकोले यसको सफलता र विफलता भाव, लय, भाषा, प्रतीक र बिम्बको प्रयोगका साथै काफिया, रदिफ, तखल्लुस आदि उपकरणहरुको सामञ्जस्यतामा भरपर्दछ" भन्ने समालोचक कृष्णहरि बरालको भनाइलाई पथिकले राम्रोसँग अनुसरण गरेका छन् भन्न सकिन्छ।

बाँसुरी र बन्दुक (कवितासङ्ग्रह)

वि.सं. २०६० सालमा प्रकाशित चन्द्रमणि अधिकारीको यस 'बन्दुक र बाँसुरी' कविता सङ्ग्रह भित्र पूर्ण विराम, फागुन, टुहुरो साँझ रानी फूल फुल्यो लगायत २१ वटा पद्य कविता र मखमली फूल बनेको छु, विश्वासघात, मान्छे घोडा चढ्यो या घोडा मान्छे चढ्यो ? लगायत १९ वटा गद्य कविता राखिएका छन्। लेखन तथा समाजसेवा गर्न रुचाउने कवि चन्द्रमणिका कविताहरु पढ्दै जाँदा देशमा भइरहेका घटनाहरूको सम्झना आइरहन्छ। 'टुहुरो' शीर्षकको कवितामा भनिएको छ।

बतास चल्यो, सिमल फुल्यो, उराठ लाग्यो दिन
पलाँसको फूल फुल्छ गुराँस छैन किन ?

"लेखनाथ र लक्ष्मीप्रसादका कृतिहरूबाट प्ररित भएर लेख्न थाल्नुभएका कवि चन्द्रमणि अधिकारीका प्रारम्भिक रचनाहरू प्राकृतिक सौन्दर्य माया-प्रिती, राष्ट्रिय, नैतिकता, राष्ट्रप्रेम र राजनीतिक - सामाजिक विसंगतिजस्ता विषयमा केन्द्रित रहेका छन्। र, वहाँ मूलतः स्वच्छन्दवादी आदर्शवादी दृष्टिकोणबाटै प्रभावित हनुहुन्छ।"

समालोचक गोविन्द भट्टको कथन छ- श्री अधिकारीका कविता अत्यन्त मार्मिक छन्। उदाहरण स्वारुप केही लाइनहरू -

यसपालिको दशैं देश रोएको छ
मनहरु रोएका छन्
अनि लच्छुले आमा गुमाएको छ।
ललिताका बा हराएका छन्।
रामुकी बहिनी एकैरातमा विपत्तिएकी छ
पोहर साल सबै गाँउलेले मनाएको दशैं
यसपाली केही घरमा अपुताली सरेको छ।

- अरुण खत्री 'नदी'

लघुकथा

आस्था

❑ जयन्ती 'स्पन्दन'

अफिसबाट फर्कंदै गर्दा दोबाटोमा एउटा घर देखेर एउटा मित्रले अर्को मित्रलाई भन्यो- "हेर न उ.. त्यो घर कति राम्रो, कस्को होला नि ? अँ साँच्ची चिन्छौ, तिम्रो त छिमेकी पनि त होला हैन र ? "

"अँ चिन्छु।" दोस्रो मित्रले बिस्तारै उत्तर दियो।

"कति सुन्दर, शान्त देखिएको, गेटमा पनि ॐ कार लेखिएको हेर न, उ.. माथिल्लो बार्दलीमा साइरामको कति ठूलो तस्वीर, घरको छानामा पनि सुनौलो गजुर, साँच्ची नै हेर्दैमा शान्तिको प्रतीक जस्तो। बुझ्यौ त्यो घरको मान्छेको हृदय कति विशाल होला, कस्तो गहिरो आस्था, बाहिर बाट देख्तैमा त स्वर्गै जस्तो मनै प्रफुल्ल भएर आउने, भित्रै गएर हेर्न पाए कति मन भरिन्थ्यो होला नि, जाऔं न बरु एकैछिन, तिमीले चिनेका पनि छौ क्यारे, भगवान्को भक्तिमहिमा पनि सुनौं आज अफिसबाट अलि चाँडै आइएको छ।" पहिलो मित्रले जिज्ञासा पोख्यो।

अर्को मित्र कुनै उत्तर दिनुपूर्व नै सोच्न बाध्य भयो, अस्ति भरखरै सम्म त्यो घरको नरप्रसाद खतिवडा प्र.जि.अ. हुँदा जनताको रगत चुसेको, भ्रष्टचारको झोली बोकेको अनि भरखरै मात्र आफ्नै नक्कली सर्टिफिकेट काण्डको छानबिन हुँदानहुँदै कालोसूचीमा परिएला भनेर राजिनामा दिई नोकरीबाट मुक्त भएको आजै यत्रो भक्तिमार्गमा लागेको देखेर।

केही नबोलेको देखेर पहिलो मित्रले फेरि प्रश्न गऱ्यो -हैन के हो, नसुनेको हो कि क्या हो, जाने हैन र भन्या ?"

दोस्रो मित्रले नतमस्तक भएर जबाफ फर्कायो- "अँ सोचिरहेको थिएँ साँच्ची कस्तो प्रगाढ आस्था हगि !"

- बुद्धनगर, काठमाडौं

कथा

अर्को एउटा प्रेमको कथा

❑ नवलकुमार ठकुरी

तुलसीपुरको एयरपोर्टबाट हेलिकप्टरमा राखी उडाएर लगेपछि सदरमुकाम खलङ्गा भन्दा केही कोश पर समतल भू-भागमा एउटा टुकडी अवतरण गराइयो। न जाने ठाउँको ठेगाना न खाने कुराको। लडाईका सीपाहीहरूलाई यस कुराहरुको जानकारी हुन आवश्यक थियो वा थिएन कमाण्डरको आदेश नै एक मात्र हाम्रो गन्तव्य हुने गर्दछ। चारै-तिर अग्ला अग्ला डाँडा हरिया वन जङ्गल विभिन्न किसिमका चरा चुरुङ्गीहरूको चिरचिराहट पहाडका टाकुराबाट झरेका स्वच्छ झरनाहरू कति सौन्दर्यपूर्ण वातावरण र स्वर्गीय आनन्द हने थियो होला यदि त्यहाँ निशस्त्र पुग्न पाएको भए। तर विडम्बना कुनै पनि कुराले हामीमा खुसियाली ल्याउन सकिरहेको थिएन। आकर्षित बनाउन र मोहित गराउन सकिर हेको थिएन। आफ्नै आमाका सन्तान आफ्नै भाइलाई गोलीको निशाना बनाउन हिँडेका दुईपक्षीय सेनाका मनमा उद्वेग ध्वंस र संत्रास छ। कुनै पनि समयमा कुनै पनि स्थानमा भिडन्त हुन सकेन, आशंकाको कालो वादल मडारिरहेको छ। कस्तो त्रासदीपूर्ण वातावरण। हामी उनीहरूलाई खराव देखिरहेछौँ उनीहरूले हामीहरूलाई। को ठीक को बेठीक यिनै अंल्यमनस्कताका साथ गह्रौँ पाइला अरुचिका साथ उकालो लाग्दैछन्। भीरको खोँचबाट गोरेटो खोजेर अगाडी बढ्दै-बढ्दै हामी हाम्रो गन्तव्यहीन यात्रामा निरन्तरता दिइरहन्छौँ। कमाण्डरले केनउड सेटबाट आफ्नो पोजिशन को जानकारी हेड क्वाटरमा दिँदै रहन्छ।

जब त्यति बेला झिमिक्क साँझ परेको थियो। जङ्गलमा चारैतिर झ्याउँकिरीहरू कराउन थालिसकेका थिए। आदेश भयो एउटा चुट्टी परेको जमिनमा खाना बनाएर खाने जाँगर र तागत हामीमा थिएन, तर भोकै बस्ने कुरा पनि भएन। धेरै तल कुलुकुलु गरेर पानी बगिरहेको थियो। त्यहाँसम्म पानी लिन जान कति खतरा थियो या अप्ठ्यारो थियो, त्यो स्वयं भुक्तभोगीलाई मात्र थाहा थियो। डाँडाको चुट्टिबाट केही साथीहरूले फायरकभर दिएर हामी तल खोलामा पुग्यौं र पानी आ-आफ्ना तुम्लेटमा भऱ्यौ। पुनः उकालो चढ्यौँ। अनुहारमा नुनिलो पसिना सुकेर सेतो लेग्रा बनेका थिए। शरीरमा थकान, पेटमा भोक र मनमा त्रास थिया। ४,५ जनाको समूहमा हामी खाना बनाउने कार्यमा व्यस्त हुन थाल्यौं। केही साथीहरू चारैदिशामा हतियार लिएर ड्यूटी गर्दै थिए। एक टोलीलाई वरिपरि "क्लियरिङ्ग पट्रोल" पठाएको थियो। चुलो बनाउने आगो सल्काउने कार्य भयो तर चिसोले ढाडिएको दाउरा किन सल्कन्थ्यो! गोली पट्काएको जस्तो चटटट आवाज मात्र दिन्छ आगो सल्कदैन। राइफलको बटमा राखेको तेलका टल्लीहरू निकालेर हालेपछि बिस्तारै आगो सल्कियो र खाना बसाल्ने काम भयो। केही साथीहरू आलु काट्ने, कोही गुन्द्रुक पखाल्ने यस्तै उस्तै कार्यहरू द्रुतगतिमा भइरहेको थियो। कतिले त वाइ-वाइ चाउचाउमा प्रशस्त झोल राखेर त्यसैलाई 'तिहुन' दाल पनि तर कारी को रुपमा प्रयोग गरे। मलाई एउटा कुरा के जानकारी भयो भने जुन देशमा युद्ध चर्कन्छ त्यो देशलाई अरु कुराबाट घाटा भए पनि चाउ-चाउ कम्पनिहरूवाट भने प्रशस्त राजस्व उठ्ने रहेछ। यता हामीहरू पनि हरेक समय यस्तै ड्राइराशन खाएर दिनहरू बिताउथ्यौं। उता विद्रोहीहरू पनि ड्राइराशन भनेर चाउ-चाउ नै खाने गर्दथे। यो दोहोरो खरिदबाट चाउ-चाउ कम्पनी कति धनी भएका होलान् भन्ने कुरा मात्र मेरो मस्तिष्कमा खेलिरहन्थ्यो। यस्तैमा खाना पनि तयार भयो। आकाशमा बिजुली चम्कन थाल्यो र मुसलधारे वर्षा शुरु भयो। पकाएको खानालाई आफूसंग भएको पेञ्चु र पानी वर्षादीहरूले छोप्दै आ-आफ्ना ग्रुपहरू मिलेर पानीमा भिज्दै खान थाल्यौं।

त्यस्तो दुस्थितिमा पनि हामीलाई घरमा आमाले माया गरेर दिएको खाना भन्दा मीठो लागिरहेको थियो । खाना खाने काम पूरा नहुँदै मेघ गर्जन सहित पानी दर्कन शुरु भयो । प्रकृति पनि हाम्रो प्रतिकुल भएको आभास भइरहेको थियो । रुखका पातमा परेका पानीका थोपाले कानमा जाली फुट्ला जस्तो आवाज दिइरहेको थियो । चिसो सिरेटोले मुटु मात्र कमाएको थिएन, हामीलाई यात्रामा कुनै अपशकुनको संकेत समेत दिइरहेझैं लाग्दथ्यो ।

उकालो हिँडेर जाँदा बाटोमा हामीलाई कसैले च्यालेन्ज गऱ्यो । हाम्रो अगाडिको स्काउटरले त्यति नै बेला फायर खोल्यो ढ्वाङ ...ढ्वाङ ठ्यास्स...ठ्यास्स भुटुटुटुटु...अन्धाधुन्द गोलीका आवाजहरू र कानबाट सुइया ...सुइया गर्दै जान थाले । हामी सबै आ-आफ्ना स्थानमा ल्याङ्ग पोजिशनमा गयौं र आडको प्रयोग गऱ्यौं। कमाण्डर लाई कुरो बुझ्न र फायर नियन्त्रण गर्न एकदमै कठिनाई भइरहेको थियो । हामी विद्रोहीहरूको हाइट आउटमा आइपुग्न लागेको कुरा त स्वतः जानकारी भयो, जब म पोजिशनमा थिएँ । यसो छामेको त मैले तार फेला पारें र खोल्दै जाँदा ठूलो गाग्री बम रहेछ। त्यो पडकाउन बसेको व्यक्ति ननिदाएको भए हामीहरू सबैको एउटै चिहान हुनेरहेछ । मैले मनैमनले पलाञ्चोकी भगवतीलाई सम्झिएँ र हामीलाई रक्षा गर प्रभु भनेर प्रर्थना गरें । हामी त्यहाँबाट उठेर पुनः अगाडि बढ्न मात्र के लागेका थियौं हामीमाथि असिना परेजस्तै गोलीको वर्षा हुन थाल्यो ती गोली कुनै एस.एल.आर,एस.एम.जि., एल.एम.जी.मात्र नभएर जि.पि एम.जी जस्ता शक्तिशाली हतियार समेतका थिए । अचानक भएको हामी माथिको हमलाले हाम्रो कति साथीहरू तितरवितर भए । जो-जो त्यहाँ थिए, तिनीहरूले पनि आफूसँग भएका हतियारबाट फायर गरिरहे । कमाण्डर केही तल गएर आफूहरू दोहोरो फायर मा परेको र जमिनी बनावटले गर्दा लडाइँ लड्न अप्ठेरो परेको थियो। नाइटभिजन हेलिकप्टर ल्याउन अनुरोध गरिरहको थिए । यतिकैमा मेरो नजिक एक जनाले ऐया ऽऽऽ... भन्दै करायो। के भयो भनेर हेरेको मेरो साथी हिक्मत बिष्टलाई छातीमा गोली लागेछ। मैले हतार हतार आफुसँग भएको फष्ट फिल्ड ड्रेसिङ्गले उसको घाउ बाँध्ने असफल प्रयास गरिरहें । तर उसको छातीमै गोली लागेकोले र क्तश्राव रोकिने कुनै सम्भावना थिएन । उसले आफ्नी श्रीमती र बच्चाको रेखदेख गरिदिन मलाई अनुरोध गऱ्यो । स्वीकार गर्नुको विकल्प मसँग थिएन । एकै छिनमा ऊ निस्तेज भयो । उसले अन्तिम शब्द लक्ष्मी बोलेको पहाडका भिरमा टाढा टाढासम्म गुञ्जिरह्यो लक्ष्मीऽऽ..... लक्ष्मीऽऽ... लक्ष्मीऽऽ.... त्यही आवाज सँगै उसको आत्मा पनि उडेर गइरहेको थियो। हेलिकप्टर आयो र चारैतिर तोराबोरा खसायो । स्थिति यति भयानक र त्राशदीपूर्ण थियो की आफू पनि बाच्ने अवस्था कमै थियो । बिहानसम्म यस्तै भिडन्त भइरह्यो हामीसँग भएको एम्युनिशनहरू पनि सकिंदै गऱ्यो । उज्जालो भएपछि विद्रोहीहरू कता पलायन भए थाहा भएन । हेलिकप्टर अवतरण भयो । लस्करै चार वटा साथीहरूका लास राखिएका थिए । जसमा एउटा हिक्मत बिष्टको पनि थियो ।

. हामीलाई हेलिकप्टरले नेपालगञ्ज पृतना हेडक्वाटर ल्याई पुऱ्यायो । हिक्मत बिष्टकी पत्नीलाई लाश बुझ्न बोलाउन भनी मलाई नै खटाइयो । म कुन मन लिएर उनलाई त्यो खबर दिन जाउँ, हिम्मत गर्न सकिरहेको थिइनं । नगइ पनि भएन, जानु नै थियो, गएँ । नराम्रो खबर संसार भर एकैपटक फैलन्छ भनेको साच्चै रहेछ । मलाई देख्ने बित्तिकै लक्ष्मी थाम ढले झैं जमिनमा ढलिन् र सेता आँखा पल्टाउन थालिन् । म अत्तालिएँ के गरूँ के नगरुँ ! जगमा भएको पानी छम्किएँ, हात गोडामा चिसो पानी लगाइ दिएँ । जजिकै उनकी छोरी मलाई हेरेर खिस्स हाँसी । मेरो मन चिरिक्क चिरिएर आयो । हरे शिव यो ईश्वरलाई के थाहा ! ऊ साथी कत्रो वज्रपात भइरहेको छ भन्ने कुरा । त्यसैले त बच्चालाई ईश्वर भनिदोरहेछ । केही क्षणको प्रयासपछि लक्ष्मीलाई होस आयो । होस त आयो, तर अब उसको चित्कार कसैले सुनिसक्नुको भएन । ऊ चिच्चाई चिच्चाई भनिरहेकी थिई -

'जात भात केही नमिल्दा पनि मलाई साथ दिएर घरपरिवार र समाजबाट वहिष्कृत भयौ । हे दैव ! तँ किन यति निष्ठुरी छस् मजस्तै असहायलाई किन यो वज्रपात ! अब मैले कहाँ लैजाने त्यो लाश कहाँ गएर बस्ने ! जहाँ आफ्नो सन्तानलाई वहिष्कार गरियो त्यहाँ मैले टेक्न पाउने सम्भावना भएन । हे ईश्वर ! मलाई पनि उसैसँग लैजाऊ ।'

उसका यीं आर्तनादले मलाई रिङ्गटा लाग्न थाल्यो । सम्झाउने कोशिस गरें तर संभव भएन । यस संसारमा सच्चा प्रेम गरेर कसले पो सन्तोषको सास फेर्न पाएको छ र ! न हिजो थियो, न आज छ, न भोलि हुनेछ । हिक्मत यस संसारलाई छोडेर गइसकेको थियो । ऊ अब लक्ष्मीको चीत्कार सुन्न सक्दैनथ्यो । थियो त केवल उसको पार्थिव शरीर । जसलाई लक्ष्मीले अन्तिम दर्शन गर्न सक्थी । उसले लाश बुझेर खर्चको जोहो गरेर आफ्नो घरसम्म पुऱ्याई । तर छोरोटोकाइ बुहारीलाई किन नजिक आउन दिन्थे ! आफैंले सतगत गरी । बाँकी कसैलाई केही नभनी एउटा गन्तव्यहीन यात्रामा छोरीलाई काखी च्यापेर हिँडी । प्रेमको इतिहासमा फेरि एउटा पाना थपियो- लैला र मजनु, रोमियो र जुलेट जस्तै हिक्मत र लक्ष्मीको प्रेमको पनि समाधि भयो ।

- ज्याम्दी ५ काम्रे

कविता

बाटो

❑ राधिका गुरागाइँ

बाटो ज्ञानी र दानीका मनजस्तै
फराकिलो हुँदोरहेछ
बाटो झट्ट हेर्दा अस्पष्ट तर नियालेर हेर्दा
जताततै पोखिएको हुँदोरहेछ
यात्रामा मन खुम्चन सक्छ
तर बाटो कहिल्यै खुम्चिंदो रहेनछ ।
यात्रामा उमङ्ग चोइटिए पनि
र साहस चुँडिए पनि
बाटो कहिल्यै टुक्दैन रहेछ
हरेक साहसीको पाइलामा
बाटोको अनन्त मोड पहिल्याउने
शक्ति हुँदोरहेछ ।
हिड्नेहरूका लागि बाटोलाई
कुनै प्राविधिकले बनाएको नक्शामा
खोजिरहनु पर्दैन
साहसको तेज पोखिंदै गएपछि
अनकन्टार जंगलकै बीचबाट पनि
बाटोको रेखा कोरिन्छ
यात्राको उचाई थपिन्छ ।

- ने. रा. बैंक, विराटनगर

गजल

❑ अमृत बी.सी "सेन्टी"

किन छोड्यौ तिमीले मेरा यी हातहरू ,
माया र प्रीतिका गरी मीठा बातहरू ।

कसरी भुलौं अब सक्दिनं भुल्नलाई ,
मायामा बिताएका सुनौला ती प्रभातहरू ।

किन बदलियो तिम्रो त्यो निश्चल मन ,
दोबाटोमा पुगी बर्षायौ तिमीले लातहरू ।

बाचा थियो हाम्रो हजार जुनीसम्म साथ रहने,
तिमीले नै दियौ दुःखै-दुःखका खातहरू ।

कसरी बाँचुं अब पीडाका आँसु बोकेर ,
यसैगरी बितिरहेछन् मेरा हर रातहरू ॥

मेरोलागि त अब दिन पनि रात भो ,
तिमी त रहेनौ प्रिय मुटुभरी छन् घातहरू ।

- बागेश्वरी - २, भक्तपुर

निशान बोलिरहेछ

❑ दुःखी महल

घण्टाघर अगाडि
बम, गोला र बारुदको धुँवाले पोलेको
अश्रुपूरित रिमझिम परेली खोल्दै
रक्तकुण्ड टेकिएको पाइला हेर्दै
चन्द्र-सूर्याङ्कित निशान बोलिरहेछ-
ए छोराछोरी हो !
मलाई त्यहाँ पुऱ्याऊ !
जहाँ,
कमिलाले उठाएको ढिस्कामाथि
झाँगिएका पोथ्रा र वृक्षहरूका हाँगामा
स्वच्छन्द चिर्बिराऊन् चराचुरुङ्गीहरू
थुँगा चाहारुन् माहुरीहरू मयूखमा झाँकी छल्काउँदै
तुलिगाँडाहरू पनि ढुकुर र परेवाको जुनी लिएर
कुकुराऊन् पाखाहरूमा
घुर्घुराऊन् आँगनीमा
निष्कलङ्क र निर्लज्ज उभिऊन्
सगरमाथा र स्तुपा
मेरो छायाँभरि
मेरो आँखाभरि ।

- भारपा-८, पिपलबोट, पाँचथर

लोकगीत

❑ कृष्णबहादुर थापा

कस्ले बुझ्छ यहाँ आज यो सिपाहीको मर्म
परिवारको बिल्लिबाँठ भइरा'छ घरमा ।
रेडियो र टि.भी. पनि त्यही गाथा गाउँछन्
सिउन ला'को फाटो मनलाई बीचमै फटाउँछन्
।।१।।

सञ्चार साधन गाउँ-गाउँमा समस्या नै भए
झन्-झन् ठूलो भयो घाउ आँसु बनी रहे ।
रगतको खोला बन्यो सुके सबै टाटी
छैन आज आश्रम बस्न कुनै पौवा पाटी
।।२।।

सपना नी कहिल्यै राम्रो देखिदैन आज
लडाईको घमासानले गर्न थाल्यो राज ।
आज-आज भोलि-भोलि भन्दै दिन बित्छन्
देशको सेवा समर्पण नै दैनिकका रीत छन्
।।३।।

कुलो होइन कुलेसो' नि रगतको खोली
हप्ता बिते महिना बिते भन्दै भोलि-भोलि
कस्तो रहिछ सिपाहीको जीवन लीला कुन्नि ?
यो मधुर प्राण पनि एक्कैछिनलाई हुनी
।।४।।

कविता

बिडम्वनाको मुलुक

❑ शिवप्रसाद पौड्याल

बिडम्वनामा चलेको मुलुक
जहाँ जे नहुनु थियो
त्यहाँ त्यही भइरहेछ ।
मार्ने पनि नमर्नु थियो यहाँ
तर मार्ने पनि मरिरहेछ ।
जहाँ भ्रष्टाचार नहुनु पर्ने थियो
त्यहीँ भ्रष्टाचार भइरहेछ ।

अस्तव्यस्तताको यो देश
अनुशासन बिनाको यो देश
कुशल ड्राइवर बिनाको देश
बुद्धको बुद्धच्व हराएको यो देश ।
भ्रष्टाचारीहरूले चलाएको देश
मार्ने र मर्नेका बीचमा चलेको यो देश ।

तर बिडम्वना !
'साम्राज्य दुई हारे हारेन शान हाम्रो "-
कवि रिमालको देश ।

-बरघाट, नवलपरासी